# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ विषयपरिचय

विजय मल्ल (वि.सं. १९८२-२०५६) नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । नेपाली साहित्यका विविध विधामा उनको विशिष्ट योगदान रहे पनि उनको प्रमुख विधा भनेको नाटक हो । आधुनिक कालअन्तर्गत मनोवैज्ञानिक यथार्थवादी धाराको प्रर्वतन गर्ने नाटककार हुन् । उनी उपन्यासकार, नाटककार, एकाङ्कीकार र कविका रूपमा अलग-अलग व्यक्तित्व स्थापना गर्न सफल व्यक्तित्व हुन् ।

नेपाली साहित्यको आधुनिक कालअन्र्तगतको मनोवैज्ञानिक यथार्थवादी धारामा विभिन्न कृतिहरू रचना गरी विशिष्ट योगदान पुऱ्याएका विजय मल्लका बारेमा विभिन्न विद्वान्हरूबाट अध्ययन हुँदै आएको छ । यसरी अध्ययन हुँदै आउने क्रममा डा. रमा शिवाकोटीले पनि **विजय मल्लका उपन्यासहरूको पात्र विधान** शीर्षकमा विधावारिधि गरेको पाइन्छ । यसरी विजय मल्लको बारेमा विभिन्न विद्वान् तथा अनुसन्धानकर्ताले अगाडि बढाउँदै लगे पनि मल्लको समग्र पक्षमा अध्ययन भएको पाइँदैन । त्यसैले प्रस्तुत शोधपत्रमा विजय मल्लका बारेमा लेखिएका फुटकर, लेखरचना, पुस्तकाकार र शोधकार्यको विवरण प्रस्तुत गरिएको छ । शोधमा प्रयुक्त अध्ययन शब्दले विजय मल्लसम्बन्धी फुटकर रचना, पुस्तककार र शोधकार्यलाई जनाएको छ । यस शोधपत्रमा विजय मल्लसम्बन्धी सम्पूर्ण अध्ययनलाई कालक्रमिक विवरणका रूपमा प्रस्तुत गरिएको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविधालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्र्तगत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको आवश्यकता पूरा गर्नु रहेको छ ।

## १.३ समस्याकथन

प्रस्तुत शोधकार्य विजय मल्लसम्बन्धी अध्ययन परम्परासँग सम्बन्धित रहेको छ । विजय मल्ल (वि.सं. १९८२-२०५६) नेपाली साहित्यका नाटक विधाका विशिष्ट प्रतिभा तथा आधुनिक नेपाली नाटकका मनोवैज्ञानिक यथार्थवादी धाराका प्रर्वतक हुन् । मल्लका विभिन्न कृतिहरूको विभिन्न दृष्टिबाट अध्ययन तथा अनुसन्धान भएको छ तर सो अध्ययन परम्पराको सुरुवात कहिलेदेखि भयो र त्यो केकसरी अघि बढ्दै आयो भन्ने बारेमा व्यवस्थित अनुसन्धान हुनु आवश्यक ठानी यो शोधकार्य गर्न लागिएको हो । त्यसैले प्रस्तुत शोधकार्यमा निम्नलिखित शोधसमस्या रहेको छ :

१. विजय मल्लसम्बन्धी पत्रपत्रिकामा भएको अध्ययन परम्परा कसरी अगाडि बढेको छ ?
२. विजय मल्लसम्बन्धी कृतिमा भएको अध्ययन परम्परा केकस्तो रहेको छ ?

३.	विजय मल्लसम्बन्धी शोधकार्यमा भएको अध्ययन केकस्तो रहेको छ ?

## १.४ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यको मुख्य विषय विजय मल्लसम्बन्धी अध्ययन परम्परा रहेको छ । त्यसैले यस शोधकार्यमा माथि समस्याकथनमा उल्लेख गरिएका समस्याहरूको समाधान गर्नु रहेको छ । यो शोधकार्य निम्नलिखित उद्देश्य प्राप्तिमा केन्द्रित रहेको छ :

१.	विजय मल्लसम्बन्धी पत्रपत्रिकामा भएको अध्ययन परम्परालाई कालक्रमिक रूपमा उल्लेख गर्नु ।

२.	कृतिका रूपमा विजय मल्लसम्बन्धी भएको अध्ययन परम्परामाथिप्रकाश पार्नु ।

३.	विजय मल्लसम्बन्धी शोधकार्यमा भएको अध्ययन परम्पराको सामान्य जानकारी दिनु ।

## १.५ पूर्वकार्यको समीक्षा

विजय मल्लसम्बन्धी व्यक्तिगत तथा संस्थागत रूपमा अध्ययन हुँदै आएको छ । त्यसैले यहाँ लेखरचना, पुस्तकाकार र शोधकार्यलाई प्रस्तुत गरिएको छ ।

'अनुराधा- विद्रोह र विस्फोट' (२०१८) शीर्षकको लेख **शारदा** पत्रिकामा प्रकाशित छ । यसलेखमा ताना शर्माले **अनुराधा** उपन्यास नेपाली उपन्यासको क्षेत्रमा राँकिएको विद्रोह र चट्याङहरूले परिपूर्ण विस्फोट हो भनी उल्लेख गरेका छन् ।

वासुदेव त्रिपाठीले **विचरण** (२०२८) भन्ने कृतिमा विजय मल्ल नाटककारका रूपमा भन्ने शीर्षकमा विजय मल्ललाई चिन्तनशील नाटककारका रूपमा समका उतरवर्ती हुन भन्दै यिनको **जिउँदो लास** नाटकमा चिन्तन छ तर स्थूल रूपमा नभएर मसिनिएका चिन्तनहरू छन् भनेका छन् ।

शिव रेग्मीले नेपाली नाट्य साहित्यमा 'जिउँदो लासको अस्तित्व' (२०२८/२९) शीर्षकको लेख **रत्नश्री** प्रत्रिकामा प्रकाशित गरी **जिउँदो लास** नाटक नेपाली साहित्यको इतिहासमा कुण्ठित गरिएका विवशतालाई सफलताका साथ प्रस्तुत गर्दै प्रेमको सट्टा घृणा र डरको रूपमा सन्त्रास पैदा गराएको कुरा प्रस्तुत गरेका छन् ।

मुरारीप्रसाद रेग्मीले असामान्य मनोविज्ञानको प्ररिप्रेक्ष्यमा **जिउँदो लास** (२०३३) सालमा **रूपरेखा** पत्रिकामा प्रकाशित गरी यस लेखमा एउटा नारीको उन्मत्त काम-एषणको अतृप्तिले गर्दा उसको मानसिक असन्तुलन हुन पुगेको कुरा उल्लेख गरेका छन् ।

**आधुनिक नेपाली साहित्यको झलक** (२०३४) पुस्तकमा रत्नध्वज जोशीले मल्ललाई कुशल नाटककारका रूपमा उल्लेख गर्दै **कोही किन बरबाद होस्** र **जिउँदो लास** नाटकको सामान्य चर्चा गरेका छन् ।

६.	**स्रष्टा र साहित्य** (२०३७) भन्ने पुस्तकमा उत्तम कुँवरले कथाकार विजय मल्ललाई नेपाली साहित्यका एक सफल तथा वरिष्ठ लेखक हुनुका साथै कथा, गद्यकविता, नाटक निर्देशनजस्ता विषयमा बालकृष्ण समसँग तुलना गर्न सकिने कुरा उल्लेख गरेका छन् ।

हरि घिमिरेले 'कथाकार विजय मल्लका कथाहरूको विश्लेषणलक अध्ययन' (२०३७) मा मल्लका केही कथाहरूको विस्तृत रूपमा अध्ययन गर्ने प्रयास गरेतापनि उनले **एकबाटो अनेक मोड** कथासङ्ग्रहको कथाहरूको विश्लेषण गर्ने पक्षमा आफूलाई केन्द्रित गरेका छन् ।

'विजय मल्लको नाट्यकारिताको विश्लेषण र मूल्याङ्कन' (२०३७) नामक शोधपत्रमा गोविन्दप्रसाद नेपालले विजय मल्लका नाटकहरूको पृष्ठभूमिमा **जिउँदो लास** नाटकको कथावस्तु, चरित्र, संवादयोजना, प्रतीक प्रयोग, भाषाशैली, परिवेश, अभिनेता र निष्कर्ष आदिका बारेमा सामान्य चर्चा गरेका छन् ।

दयाराम श्रेष्ठद्वारा लेखिएको 'मान्छेको नाचमा मनको सन्धान' (२०३७) शीर्षकको लेख **रूपरेखा** पत्रिकामा प्रकाशित गरेका छन् । उक्त लेखमा श्रेष्ठले मानिसको आवरणलाई च्यातेर वास्तविक सत्य स्वरूपलाई चिनाएको कुरा उल्लेख गरेका छन् ।

मुरारीप्रसाद रेग्मीले **मनोविश्लेषणत्मक समालोचना** (२०४०) पुस्तकमा विजय मल्लको **कुमारी शोभा** उपन्यास ऐतिहासिक र सांस्कृतिक परिप्रेक्ष्यमा लेखिएको उपन्यास हो भनेका छन् ।

घनश्याम कँडेलले **केही अन्वेषण केही विश्लेषण** (२०४४) पुस्तकमा **अनुराधा** उपन्यास मनोविश्लेषणत्मक हो र अहम्‌बोधले ग्रस्त पात्रहरूका समस्यालाई मूलतः मनोविश्लेषणसम्बन्धी मान्यताका आधारमा केलाउनु यसको वैशिष्ट्य हो भनेका छन् ।

शान्ता कार्कीले 'उपन्यासकार विजय मल्ल' (२०४४) नामक शोधपत्रमा विजय मल्ललाई मनोवैज्ञानिक उपन्यासकारहरूका तुलनामा सर्वोच्च स्थानमा राखिएको कुरा उल्लेख गरेकी छिन् ।

'एकाङ्कीकार विजय मल्ल' (२०४६) नामक शोधपत्रमा चैतन्य प्रधानले विजय मल्ल मनोवैज्ञानिक एकाङ्कीकार भएको देखाउँदै यिनले बाह्य जगत्‌बाट प्रभाव लिएर आन्तरिक जगत्‌को मनोविश्लेषण गरेको कुरा बताएका छन् ।

दौलतविक्रम विष्टले 'मेरो दृष्टिमा कथाकार विजय मल्ल' (२०५१) शीर्षकको लेख **रत्नश्री** पत्रिकामा प्रकाशित गरी विजय मल्ललाई मानवीय कुरालाई कथाको माध्यम बनाएका र कथाहरूमा मनोवेग वा मनको प्रवाहलाई प्रयोग गर्ने अनि लिविडोलाई साहित्य रचनाको प्रेरणाको रूपमा स्वीकार गर्ने कथाकारको रूपमा उल्लेख गरेका छन् ।

खुमलाल पौड्यलले 'नाटककार विजय मल्ल र बौलाहा काजीको सपना' (२०५३) शीर्षकको लेख **कुञ्जिनी**मा प्रकाशित गरी **बहुला काजीको सपना** नाटकमा 'बौलाहा काजी'बाट ओकलिएका विभिन्न अभिव्यक्तिहरू वास्तविक सामाजका यथार्थ अभिव्यक्ति हुन् भनी उल्लेख गरेका छन् ।

दुर्गाबाहादुर घर्तीले 'अनुराधा उपन्यासको कृतिपरक अध्ययन' (२०५३) नामक शोधपत्रमा मनोविश्लेषणत्मकता र बौद्धिकता **अनुराधा** उपन्यासको उल्लेखनिय पक्ष भएको यो उपन्यास उत्तरवर्ती अपन्यासका लागि नयाँ मोडको रेखाङ्कन गर्ने नवीनतम उपलब्धि भएको व्यक्त गरेका छन् ।

केशवप्रसाद उपाध्यायले 'एकाङ्कीकार विजय मल्ल' (२०५४) शीर्षकको लेख **गरिमा** पत्रिकामा प्रकाशित गरी मल्ललाई असामान्य मनोविज्ञानप्रति गहिरो अभिरुचि राख्ने, बस्तुगत यथार्थ र त्यसका प्रभावबाट उत्पन्न मनोगत अवस्थाको चित्रण गर्ने एकाङ्कीकार हुन् भनी प्रस्तुत गरेका छन् ।

घनश्याम न्यौपानेले **साहित्य र सन्दर्भ** (२०५५) भन्ने समालोचनात्मक पुस्तकमा मल्लका **राधा मन्दिन, मनको बन्धन** र **कंकाल** एकाङ्कीको सामान्य चर्चा गरेका छन् ।

'जिउँदो लास नाटकको कृतिपरक अध्ययन' (२०५५) शीर्षकको शोधपत्रमा नागेश्वर शाह वैश्यले मनोवैज्ञानिक नाटककार विजय मल्लको **जिउँदो लास** नाटकलाई कथावस्तु, पात्र, संवादयोजना, प्रतीकयोजना, द्वन्द्व, परिवेश र भाषाशैली जस्ता तत्वका आधारमा चर्चा गरेका छन् ।

केशवप्रसाद उपाध्यायले नेपाली **नाटक तथा रङ्गमञ्च उद्भव र विकास** शीर्षकको समालोचनात्मक पुस्तकमा विजय मल्ललाई परम्पराधर्मी र प्रयोगधर्मी नाट्यकारिताको बीच सेतु तयार पार्ने युगसन्धिका ठूला नाट्य प्रतिभाका रूपमा उल्लेख गरेका छन् ।

**जीवनको आलोकमा केही स्रष्टा र समीक्षण** (२०६१) पुस्तकमा दक्षराज शर्माले विजय मल्लको **बहुला काजीको सपना** नाटकमा राणाकालीन परिवेशमा अँध्यारो छायामा बाँच्न विवश नेपालीलाई शिक्षाको माध्यमबाट चेतना प्रदान गर्ने अठोट गरिएको उल्लेख गरेका छन् ।

**उपन्यास सिद्वान्त र विजय मल्लको उपन्यासकारिता** (२०६२) शीर्षकको पुस्तकमा रमा शिवाकोटीले उपन्यास संरचनाको मूल धरातल मान्छे र उसको चरित्र भएकाले पात्र वा चरित्रविना उपन्यासको स्वरूप अधुरो रहन्छ भन्ने कुरा उल्लेख गरेकी छिन् ।

रामचन्द्र पोखरेल **नेपाली नाटक सिद्धान्त र समीक्षा** (२०६२) पुस्तकमा विकृतियुक्त मनोग्रन्थिलाई महत्व दिने नाटककार विजय मल्लको **जिउँदो लास** नाटक अयथार्थको अभिव्यक्त जीवन जगत्को यथार्थलाई खोज्ने प्रयास गरिएको र सामाजिक समस्या स्तर प्रवल देखिएको नाटकको रूपमा उल्लेख गरेका छन् ।

नित्यानन्द खतिवडाले 'पत्थरको कथा एकाङ्कीमा नवीन प्रयोग' (२०६४) शीर्षकको लेख **कुञ्जिनीमा** पत्रिकामा प्रकाशित गरी यसमा प्रतीकात्मक, स्वैरकल्पना, अभिव्यञ्जना, दृश्यात्मक जस्ता विभिन्न नवीन प्रवृत्तिहरूको समूचित प्रयोग भएको उल्लेख गरेका छन् ।

बमबहादुर मल्लले 'बहुला काजीको सपना एक विश्लेषण' (२०६५) शीर्षकको लेख **गरिमा** पत्रिका प्रकाशित गरी यस नाटकमा युगौदेखिको शोषण, दमन, अशिक्षा, अन्याय, अत्याचार, भ्रष्टचार र गरिबीको जाँतोमा पिँधिएको नेपाली समाजमा व्याप्त यथार्थको चित्रण गरिएको उल्लेख गरेका छन् ।

विजय मल्लको विभिन्न पक्षबाट अध्ययन भएको छ तर समग्र पक्षबाट अध्ययन हालसम्म पनि भएको छैन् । त्यसैले विभिन्न पक्षबाट मल्लसम्बन्धी गरिएका अध्ययनलाई समष्टि रूपमा एकत्रित गरी अध्ययन गर्न आवश्यक देखिएकाले मैले यो शोधकार्य तयार पार्न लागेकी हुँ ।

## १.६ शोधकार्यको औचित्य

विजय मल्लसम्बन्धी विविध पक्षमा अध्ययन भएको छ तर ती अध्ययन भएका कार्यहरू जतातत‌ै छरिएका छन् । यसरी विजय मल्लका बारेमा लेखिएका सामाग्रीहरूलाई एकत्रित गरी कालक्रमिक रूपमा प्रस्तुत गर्नु शोधकार्यको औचित्य रहेको छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

विजय मल्लसम्बन्धी अध्ययन परम्परा यसको सीमाङ्कन रहेको छ । प्रस्तुत शोधपत्रमा मल्लसम्बन्धी विभिन्न पक्षबाट गरिएका अध्ययन पुस्तकाकार, लेखरचना र शोधकार्यलाई समावेश गरिएको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधपत्रमा सामाग्री सङ्कलन गर्ने पद्धतिअर्न्तगत पुस्तकालयीय पद्धतिको प्रयोग गरिएको छ भने सङ्कलित सामाग्री विश्लेषण गर्ने ढाँचा विवरणात्मक रहेको छ ।

## १.९ शोधपत्रको रूपरेखा

शोधपत्र सङ्गठित एवम् व्यवस्थित गर्नका लागि प्रस्तुत शोधपत्रमा निम्न बमोजिमको रूपरेखा रहेको छ :

पहिलो परिच्छेद : शोध परिचय
दोस्रो परिच्छेद : पत्रपत्रिकाभित्र मल्लसम्बन्धी गरिएको अध्ययन
तेस्रो परिच्छेद : विजय मल्लसम्बन्धी पुस्तकाकार र पुस्तकभित्र सङ्कलित लेखहरूको अध्ययन
चौथो परिच्छेद : विजय मल्लसम्बन्धी शोधकार्यमा गरिएको अध्ययन
पाँचौं परिच्छेद : निष्कर्ष

## दोस्रो परिच्छेद

# विजय मल्लसम्बन्धी फुटकर समीक्षात्मक अध्ययनहरूको सर्वेक्षण

विभिन्न लेखक समालोचकहरूले गरेका विजय मल्लसम्बन्धी अध्ययनहरू तथा सर्वेक्षणहरू फुटकर लेखका रूपमा विभिन्न पत्रिकाहरूमा प्रकाशित गरेको भेटिन्छ । त्यस्ता फुटकर लेख लेखी सर्वप्रथम विजय मल्लसम्बन्धी चर्चा, परिचर्चा गर्ने कार्यको थालनी रत्नध्वज जोशीबाट भएको हो । जोशीले वि.सं. २०१६ सालमा **शारदा** पत्रिकामा **'विजय मल्लजीका कविताहरू'** शीर्षकको लेख प्रकाशन गरे जसबाट मल्लसम्बन्धी अध्ययनको थालनी भएको थियो । मल्लसम्बन्धी अध्ययन रत्नध्वज जोशी देखि थालिई आजसम्म मल्लका कृतित्व, व्यक्तित्वका साथै साहित्यका विविध विधामा मल्लले गरेका कार्यहरूमा केन्द्रित भएर निकै सघनतापूर्वक अघि बढिरहेको देखिन्छ ।

## २.१ पत्रिपत्रिकाभित्र मल्लसम्बन्धी गरिएको अध्ययन

पत्रपत्रिकामा मल्लको नाटककार व्यक्तित्व, उपन्यास व्यक्तित्व र फुटकर समालोचनात्मक लेख लेख्ने परम्पराको सुरुवात रत्नध्वज जोशीबाट भएको हो । पत्रपत्रिकामा मल्लको अध्ययन जोशीद्वारा लिखित **विजय मल्लजीका कविताहरू** भन्ने लेख नेपालबाट निस्कने मासिक पत्रिका शारदा २०१६ मा प्रकाशित भएपछि सुरु भएको हो । उक्त लेख देखि हालसम्म विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरूमा गरेको टिप्पणी कालक्रमिक रूपमा क्रमशः प्रस्तुत गरिएको छ ।

| क्र.सं. | शीर्षक | लेखक | पत्रिका | मिति | वर्ष/अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|---|
| १. | 'विजय मल्लजीका कविताहरू' | रत्नध्वज जोशी | **शारदा** | २०१६ | वर्ष २४, अङ्क ३ | १५-२६ |
| २. | 'प्रगतिवादी कविका रूपमा विजय मल्ल' | तारानाथ शर्मा | **रूपरेखा** | २०१७ | वर्ष १, अङ्क ५ | ५१-५७ |
| ३. | 'अनुराधा-विद्रोह र विस्फोट' | ताना शर्मा | **शारदा** | २०१८ | वर्ष २६, अङ्क ५ | १-७ |
| ४ | 'विजय मल्लको कालो चश्मा र नेपाली समाज' | ताना शर्मा | **बगैंचा** | २०१८ | वर्ष १, अङ्क १ | ३६-७१ |
| ५ | 'बहुला काजीको सपना एक परिचय' | चित्तरञ्जन नेपाली | **रूपरेखा** | २०२४ | वर्ष ८, अङ्क १, पूर्णाङ्क ७३ | ३-७ |
| ६ | 'जिउँदो लास एक सरसरी दृष्टि' | माया ताम्राकार | **रत्नश्री** | २०२४ | वर्ष ५, अङ्क १ | ४८-५२ |
| ७ | 'कवि विजयका केही समालोचनात्मक रेखाङ्कनहरू' | वासुदेव त्रिपाठी | **रचना** | २०२५ | वर्ष ५, अङ्क १, पूर्णाङ्क १७/१८ | ४७-४९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | 'विजय मल्लको अनुराधा, मान्छेको विद्रोहको कथा' | चिरञ्जीवी वाग्ले | **रूपरेखा** | २०२६ | वर्ष १०, अङ्क १, पूर्णाङ्क १०४ | ९–१८ |
| ९ | 'अनुराधाः एक परिचय' | गोपीकृष्ण शर्मा | **अरूणोदय** | २०२६ | वर्ष १६, अङ्क ३ | २७–३२ |
| १० | 'विजय मल्ल नाटककारका रूपमा' | वासुदेव त्रिपाठी | **रत्नश्री** | २०२६ | वर्ष ७, अङ्क ३ | ३१–३७ |
| ११ | 'जिउँदो लासको खोज' | शिवप्रसाद सत्याल 'पीठ' | **मधुपर्क** | २०२७ | वर्ष ३, अङ्क ९ | ३१–३७ |
| १२ | 'अनुराधा उपन्यासकी नायिका अनुराधा' | खेम कोइराला 'बन्धु' | **रत्नश्री** | २०२८ | वर्ष ८, अङ्क ६ | १३–१६ |
| १३ | 'नेपाली नाट्य साहित्यमा जिउँदो लासको अस्तित्व' | शिव रेग्मी | **रत्नश्री** | २०२८/२९ | वर्ष ९, अङ्क ६ | ४७–५४ |
| १४ | 'एकबाटो अनेक मोडः चर्चा' | कुमारबहादुर जोशी | **विदेह** | २०३२/३३ | वर्ष २, अङ्क ५, पूर्णाङ्क १३ | १३१–१५६ |
| १५ | 'असामान्य मनोविज्ञानको परिप्रेक्ष्यमा जिउँदो लास' | मुरारीप्रसाद रेग्मी | **रूपरेखा** | २०३३ | वर्ष १७, अङ्क ८, पूर्णाङ्क ११८ | ६०–६६ |
| १६ | 'विजय मल्लः व्यक्त र कृति' | घटराज भट्टराई | **मधुपर्क** | २०३५ | वर्ष ११, अङ्क ४ | १९–२७ |
| १७ | 'जिउँदो लास एक मनोविश्लेषणत्मक अध्ययन' | गोपीकृष्ण शर्मा | **ज्योति** | २०३५ | वर्ष १, अङ्क ४ | २५–२९ |
| १८ | 'विखण्डित-स्व एक अनुसन्धान' | मुरारीप्रसाद रेग्मी | **रूपरेखा** | २०३६ | वर्ष १०, अङ्क १, पूर्णाङ्क २१७ | ४९–५३ |
| १९ | 'मान्छेको नाचमा मनको सन्धान' | दयाराम श्रेष्ठ | **रूपरेखा** | २०३७ | वर्ष २१, अङ्क १, पूर्णाङ्क २२९ | २१–२५ |
| २० | 'जिउँदो लास नाटक विभिन्न पक्षीय अध्ययन' | गोपीकृष्ण शर्मा | **वाङमय** | २०३७ | वर्ष १, अङ्क १ | १४–२० |
| २१ | 'मल्लको कालो चश्मा कथामा अर्थ संश्लेषण पद्धति' | दयाराम सम्भव | **अरूणोदय** | २०३८ | वर्ष १८, अङ्क ३ | २०–२४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | 'कुमारी शोभा एक विश्लेषण' | मुरारीप्रसाद रेग्मी | **गरिमा** | २०४० | वर्ष १, अङ्क ९ | ८७–९० |
| २३ | 'विजय मल्लको भोलि के हुन्छ ? नाटक नेपालीमा नौलो प्रयोग' | गोविन्द नेपाल | **प्रज्ञा** | २०४० | वर्ष १२, अङ्क ३, पूर्णाङ्क ४५ | २१–२२ |
| २४ | 'विजय मल्लसँग भेटवार्ता' | धनश्याम कँडेल (प्रस्तुतकर्ता) | **रश्मी** | २०४० | वर्ष १, अङ्क ३ | ६४–७१ |
| २५ | 'कुमारी शोभाः अन्धविश्वास सँग विद्रोह' | दयाराम श्रेष्ठ | **गरिमा** | २०४१ | वर्ष १३, अङ्क १, पूर्णाङ्क ४७ | ४९–५७ |
| २६ | 'स्मृतिको पर्खालभित्रः एक मनोविश्लेषण ' | मुरारी प्रसाद रेग्मी | **प्रज्ञा** | २०४१ | वर्ष १३, अङ्क १, पूर्णाङ्क ४७ | २८–३२ |
| २७ | 'अनुराधाका मूलभूत प्रवृत्ति र वैशिष्ट्य' | जीवेन्द्रदेव गिरी | **संचेतना** | २०४३ | वर्ष ६, अङ्क ११/१२ | १–११ |
| २८ | 'पुराणमा हराएको पाना एक विश्लेषण' | गोपीकृष्ण शर्मा | **मधुपर्क** | २०४४ | वर्ष २०, अङ्क ४, पूर्णाङ्क २१९ | ५६–५९ |
| २९ | 'विजय मल्ल र उनको नाटक बहुला काजीको सपना' | भूपति ढकाल | **गरिमा** | २०४४ | वर्ष ५, अङ्क १, पूर्णाङ्क ६० | ६६–६१ |
| ३० | 'पत्थरको कथा एकाङ्कीको भावभूमि' | भिक्टर प्रधान | **प्रज्ञा** | २०४६ | वर्ष १८, अङ्क २/३, पूर्णाङ्क ६८ | ६२–७३ |
| ३१ | 'विजय मल्लको नाटक जिउँदो लास' | गोपीकृष्ण शर्मा | **रश्मि वाङ्मय (विशेषाङ्क)** | २०४९ | वर्ष १, अङ्क १, | ५७–६० |
| ३२ | 'अन्तिम भोज कथाको सम्बन्धमा' | रमेशनाथ जोशी | **उपासना** | २०५० | वर्ष २६, अङ्क १०, पूर्णाङ्क २९७ | ४१–५१ |
| ३३ | 'विजय मल्लको अन्तिम भोज कथा' | चूडामणि काफ्ले | **मधुपर्क** | २०५० | वर्ष २६, अङ्क १०, पूर्णाङ्क २९७ | २८–२९ |
| ३४ | 'मेरो दृष्टिमा कथाकार विजय मल्ल' | दौलतविक्रम विष्ट | **समकालीन साहित्य** | २०५० | वर्ष ४, अङ्क २, पूर्णाङ्क १४ | १२८–१३७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३५ | 'बहुला काजीको सपना र विजय मल्ल' | दीर्घबहादुर अर्याल | **मिर्मिरे** | २०५१ | वर्ष २३, अङ्क ८, पूर्णाङ्क ११३ | ३०६–३०८ |
| ३६ | 'विजय मल्ल यौनजन्य तथा संवेगात्मक असामान्य स्थिति र युग चिन्तन केन्द्रको कथाकार' | दयाराम श्रेष्ठ | **प्रज्ञा** | २०५१ | वर्ष २३, अङ्क ८०, | ३१–४० |
| ३७ | 'विजय मल्लका नाट्य प्रवृत्ति र बहुला काजीको सपना' | पूर्णाप्रसाद अधिकारी | **समकालीन साहित्य** | २०५२ | वर्ष ५, अङ्क २, पूर्णाङ्क १८ | १९–१०३ |
| ३८ | 'नाटककार विजय मल्ल र बहुला काजीको सपना' | खुमलाल पौड्याल | **कुञ्जिनी** | २०५३ | वर्ष ४, अङ्क २, | ८०–८५ |
| ३९ | 'एकाङ्कीकार विजय मल्ल' | केशवप्रसाद उपाध्याय | **गरिमा** | २०५४ | वर्ष ४, अङ्क २, | २२–२७ |
| ४० | 'अनुराधा उपन्यासमा नारीपात्र' | नेत्र एटम | **तन्नेरी** | २०५४ | वर्ष १९, अङ्क ३, | २१–२७ |
| ४१ | 'अनुराधा उपन्यासमा पुरुष पात्रहरू' | दुर्गाबहादुर घर्ती | **मिर्मिरे** | २०५५ | वर्ष २७, अङ्क २, पूर्णाङ्क १५३ | २४–३७ |
| ४२ | 'मनोविज्ञानको आलोकमा अनुराधा उपन्यासका नारी पात्रहरू' | दुर्गाबहादुर घर्ती | **गरिमा** | २०५५ | वर्ष १७, अङ्क ३, पूर्णाङ्क १९५ | १३९–१४८ |
| ४३ | 'विजय मल्लका एकाङ्कीगत वैशिष्ट्य र कंकाल एकाङ्कीको विश्लेषण' | खगेन्द्र लुइँटेल | **समकालीन साहित्य** | २०५५ | वर्ष ८, पूर्णङ्क ३० | १४३–१४५ |
| ४४ | 'सम्झनामा विजय मल्ल' | माधवलाल कर्माचार्य | **समकालीन साहित्य** | २०५६ | वर्ष ९, अङ्क ४, पूर्णाङ्क ३६ | ५७–५९ |
| ४५ | 'विजय मल्लको बहुला काजीको सपना नाटक एक सर्वेक्षण' | कृष्णप्रसाद दाहाल | **गरिमा** | २०५६ | वर्ष १७, अङ्क १२, पूर्णाङ्क २०४ | ६७–७० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४६ | 'श्रीमत शारदा' | सनत रेग्मी | **समकालीन साहित्य** | २०५६ | वर्ष ८, अङ्क ११, पूर्णाङ्क १७४ | २०–२६ |
| ४७ | 'नेपाली एकाङ्की परम्परा र विजय मल्ल' | चैतन्य प्रधान | **मिर्मिरे** | २०५६ | वर्ष ३०, अङ्क ९१, | ६४–७२ |
| ४८ | 'प्रयोगात्मकता र पत्थरको कथा एकाङ्की' | अविनाश श्रेष्ठ | **प्रज्ञा** | २०५६ | वर्ष २३, अङ्क ३, पूर्णाङ्क ३७२ | १०९–१२० |
| ४९ | 'विजय मल्लका अधुरा काम पूरा गर्न सकौं' | चैतन्य प्रधान | **मधुपर्क** | २०५७ | वर्ष ३३, अङ्क ३, पूर्णाङ्क ३७२ | ४७–५० |
| ५० | 'जिउँदो लासको शल्यक्रिया' | चैतन्य प्रधान | **गरिमा** | २०५७ | वर्ष १८, अङ्क ७, पूर्णाङ्क २११ | २४–२७ |
| ५१ | 'नाटककार विजय मल्ल र जिउँदो लास नाटक' | रामचन्द्र पोखरेल | **कुञ्जिनी** | २०५७ | वर्ष ८, अङ्क ५ | ९२–१०२ |
| ५२ | 'विजय मल्लः म तिमीलई बिर्सन नसक्ने रहेछु' | गणेशबहादुर प्रसाई | **गरिमा** | २०५७ | वर्ष १८, अङ्क ७, पूर्णाङ्क २११ | ५–८ |
| ५३ | 'विजय मल्ललाई शारदा प्रसङ्गमा अध्ययन गर्दा' | शिव रेग्मी | **गरिमा** | २०५७ | वर्ष १८, अङ्क ७, पूर्णाङ्क २११ | २१–२३ |
| ५४ | 'साहित्यकार विजय मल्लको सम्झना' | कुमारबहादुर जोशी | **गरिमा** | २०५७ | वर्ष १८, अङ्क ३, पूर्णाङ्क ५३ | १३–२० |
| ५५ | 'एकाङ्कीकार विजय मल्ल' | चैतन्य प्रधान | **समकालीन साहित्य** | २०६० | वर्ष १३, अङ्क ३, पूर्णाङ्क ४९ | ८९–९३ |
| ५६ | 'नेपाली औपन्यासिक परिवृतभित्र विजय मल्ल' | भानु घिमिरे | **समकालीन साहित्य** | २०६१ | वर्ष १४, अङ्क ३, पूर्णाङ्क ५३ | २१–२४ |
| ५७ | 'अनुराधा उपन्यासमा मनोविज्ञान' | लक्ष्मी घिमिरे | **कुञ्जिनी** | २०६१ | वर्ष १२, अङ्क ९, | ८९–९३ |
| ५८ | 'अनुराधा उपन्यासमा प्रयुक्त मनोविश्लेषणीय मनोविन्दुहरू' | राजेन्द्र सुवेदी | **कुञ्जिनी** | २०६१ | वर्ष १२, अङ्क ९, | १–३ |
| ५९ | 'विजय मल्लको | ठाकुरप्रसाद | **गुञ्जन** | २०६१ | वर्ष ७, अङ्क ४, | ७०–७२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नाट्यप्रवृत्ति' | पोखरेल | | | | |
| ६० | 'पात्र विधानका दृष्टिले पत्थरको कथा' | लेकप्रसाद प्याकुरेल | **कुञ्जिनी** | २०६२/६३ | वर्ष १३, अङ्क १०, | १४७-१४९ |
| ६१ | 'जिउँदो लासमा नारीपात्र' | जुना चापागाई | **कुञ्जिनी** | २०६२/६३ | वर्ष १३, अङ्क १०, | १५५-१५७ |
| ६२ | 'अनुराधा उपन्यासको संक्षिप्त अध्ययन र विश्लेषण' | खेम दाहाल | **शारदा** | २०६४ | वर्ष १, अङ्क ८, | ३९-४७ |
| ६३ | 'पत्थरको कथा एकाङ्कीमा नवीन प्रयोग' | नित्यानन्द खतिवडा | **कुञ्जिनी** | २०६४/६५ | वर्ष १५, अङ्क १२, | २२७-२३० |
| ६४ | 'बहुलाकाजीको सपना एक विश्लेषण' | बमबहादुर मल्ल | **गरिमा** | २०६५ | वर्ष १५, अङ्क १२, पूर्णाङ्क ३११ | ५५-५९ |
| ६५ | 'एक उद्भूत व्यक्ति' | रत्नशमसेर राणा | **शारदा** | २०६६ | वर्ष ३, अङ्क १ | ५ |
| ६६ | 'कथा र नाट्य साहित्यमा विजय मल्ल' | गोपाल पराजुली | **शारदा** | २०६६ | वर्ष ३, अङ्क १, | ६-७ |
| ६७ | 'विजय मल्लको समीक्षात्मक टिप्पणी ' | खेमनाथ कोइराला | **शारदा** | २०६६ | वर्ष ३, अङ्क १, | ८-११ |
| ६८ | 'कोही किन बरबाद होस नाटकका प्राप्तिहरूको अध्ययन' | कृष्णप्रसाद दाहाल | **शारदा** | २०६६ | वर्ष ३, अङ्क १, | १२-१९ |
| ६९ | 'बीसौं शताब्दीको सन्त्रास र उत्पीडन 'यस घर्तीको पानीमा' | पूर्ण इन्फादा | **शारदा** | २०६६ | वर्ष ३, अङ्क १, | २१-२९ |
| ७० | 'अनुराधा उपन्यास भित्र विजय मल्ल' | युवराज मैनाली | **शारदा** | २०६६ | वर्ष ३, अङ्क १, | ३०-३८ |
| ७१ | 'कथाकार विजय मल्लको कथासङ्ग्रह परेवा र कैदी' | रमेश शुभेच्छु | **शारदा** | २०६६ | वर्ष ३, अङ्क १, | ३९-४४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७२ | 'नाटक रङ्गमञ्चमा विजय मल्ल' | कृष्णशाह यात्री | **शारदा** | २०६६ | वर्ष ३, अङ्क १, | ४५-५३ |
| ७३ | 'विजय मल्लको जिउँदो लासमा नारी मनोविश्लेषण' | ज्ञानु अधिकारी | **शारदा** | २०६६ | वर्ष ३, अङ्क १, | ५५-६० |
| ७४ | 'कवि विजय मल्ल र 'शहिदप्रति कविता' | गीता सापकोटा | **शारदा** | २०६६ | वर्ष ३, अङ्क १, | ६१-६४ |
| ७५ | 'विजय मल्लको बहुला काजीको सपना' | देवेन्द्रप्रसाद उप्रेती | **शारदा** | २०६६ | वर्ष ३, अङ्क १, | ६५-६९ |
| ७६ | 'जिउँदो लासका प्रयोगिक पात्रहरू' | शिव रेग्मी | **शारदा** | २०६६ | वर्ष ३, अङ्क १, | ७०-६३ |

**रत्नध्वज जोशी, 'विजय मल्लजीका कविताहरू' शारदा वर्ष २४, अङ्क ३, २०१६ पौष, पृ. १५-२६**

'विजय मल्लजीका कविताहरू' शीर्षकको लेख रत्नध्वज जोशीले लेखेका हुन् । यो लेख **शारदा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक जोशीले विजय मल्लले आफ्नो साहित्यिक यात्रा शारदा पत्रिकामा कविता प्रकाशन गर्न थालेपछि प्रारम्भ गरेको उल्लेख गरेका छन् । विजय मल्लको **'विजय मल्लजीका कविताहरू'** कवितासङ्ग्रह रहेको यस सङ्ग्रहमा ५६ वटा कविता रहेको जोशीले व्यक्त गरेका छन् । मल्लका यी कवितामा सामाजिकता पाईनुका साथै यिनका कविता छन्दबद्ध नभएको जोशीले टिप्पणी गरेका छन् ।

**ताना शर्मा, 'प्रगतिवादी कविका रूपमा विजय मल्ल', रूपरेखा वर्ष १, अङ्क ५, २०१७, पृ. २१-५७।**

'प्रगतिवादी कविका रूपमा विजय मल्ल' शीर्षकको लेख **रूपरेखा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक शर्माले साहित्य समाजको ऐना हो र लेखक आफ्नो समाजको ऐनाको निर्माता हुन् भनी उल्लेख गरेका छन् । लेखकहरूले नै नेपाली समाजलाई नेपाली साहित्यको ऐनामा कोर्ने हुनाले विजय मल्लका कविताहरू पनि संघर्षप्रेम युगसुहाउँदो र नेपालको साँघुरो सिमानाबाट बाहिरसम्म फिंजारिन पुगेका यिनका कविताले नेपाली गद्य कविताको फाँटमा नयाँबाटो देखाउँदै प्रगतिवादको प्रतिनिधित्व गरेको र पुराना कविहरूलाई चुनौति दिएको शर्माले उल्लेख गरेका छन् । मल्लका कवितामा अलङ्कार थोपरिएको नभई कवितामा सरलता, स्पष्टता पाइनुका साथै यिनका कविताको मूल पक्ष भनेको भाव वा विचार रहेको शर्माले प्रष्टयाएका छन् ।

**ताना शर्मा 'अनुराधा-विद्रोह र विस्फोट' शारदा वर्ष २६, अङ्क ५, २०१८,पृ . १-७।**

ताना शर्माद्वारा लेखएको 'अनुराधा -विद्रोह र विस्फोट' शीर्षकको लेख **शारदा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक शर्माले मध्ययुगीय दासताको अभद्र र अस्वस्थ वातावरणमा

निस्सासिएको नेपालमा विद्रोहका चिन्हहरू स्पष्ट रूपमा देखा पर्न थालेपछि ऐतिहासिक विस्फोट भयो र विस्फोटले पुराना मूल्य र मान्यताहरूलाई भत्काएको टिप्पणी गरेका छन् । विस्फोटले नेपाली समाजको हरेक क्षेत्रमा विद्रोहात्मक भावना जागृति भएजस्तै नेपाली उपन्यासको क्षेत्रमा पनि **अनुराधा** उपन्यास राँकिएको विद्रोह र चट्याङहरूले परिपूर्ण विस्फोट हो र यस उपन्यासले नेपाली उपन्यास साहित्यको परम्परामा विद्रोहको राँको सल्काई दिएको छ भन्ने दृष्टिकोण शर्माको रहेको छ ।

**ताना शर्मा, 'विजय मल्लको कालो चश्मा र नेपाली समाज', बगैंचा वर्ष १, अङ्क १, २०१५, पृ. ३६-४१ ।**

'विजय मल्लको कालो चश्मा र नेपाली समाज' शीर्षकको लेख **बगैंचा** पत्रिकामा प्रकाशित छ । यहाँ लेखक शर्माले मल्लको **कालो चश्मा** कथा नेपाली समाजको मान्यताको विरुद्ध यस कथाले नीति र संस्कृति विरोधी र यौन भावनालाई उत्तेजित गर्ने गरेको र हाम्रो समाजले मानि आएका नीतिहरू चुडाल्ने गर्छ भन्ने कुरा उल्लेख गरेका छन् । मल्लका यस्ता अस्वाभाविक र असामाजिक कथाले नेपाली समाजलाई हानि गर्छ र समाजमा विकृति, विसङ्गति निम्ताउछ भनेका छन् भने अर्कोतिर मान्छेको जीवनलाई सुखी पार्ने मुख्य कुराहरू मध्ये यौन पनि एउटा हो र भौतिक सुख र शारीरिक सुख दिन नसक्ने नपुङ्सकहरू हाम्रो समाजमा प्रशस्तै छन् जसलाई **कालो चश्मा** कथा मार्फत उदाङ्गो पारेको शर्माले टिप्पणी गरेका छन् । मल्लको **कालो चश्मा** कथा नेपाली समाजका लागि अस्वाभाविक छ, यसले नेपाली समाजलाई अराजकता तर्फ लैजाने कुरा शर्माले टिप्पणी गरेका छन् ।

**चित्तरञ्जन नेपाली, 'बहुला काजीको सपना एक परिचय', रूपरेखा वर्ष ८, अङ्क १, पूर्णाङ्क ७६, २०२४, पृ. ३-७ ।**

'बहुला काजीको सपना एक परिचय' शीर्षकको लेख चित्तरञ्जन नेपालीद्वारा लेखिएको हो । यो लेख **रूपरेखा** पत्रिकामा प्रकाशित छ । यस लेखमा नेपालीले मल्लको **बहुला काजीको सपना** नाटकको सामान्य चर्चा गरेका छन् । मल्लले यो नाटक आफ्नै राजनैतिक जीवनमा घटेका घटनालाई कुनै पात्रको संवादद्वारा सिर्जना गरेको नेपालीले उल्लेख गरेका छन् । मल्लको **बहुला काजीको सपना** नाटक गरिबीको चौघेराभित्र मानवतावादी धैर्य, उत्साह, साहस र समाज सुधारको त्रीब भावनाले भरिएको यो नाटक एक जना गरिब मर्दैमा उद्धारवादी उत्साह र मानवतावादी भावनाको अन्त्य नहुने गरिबहरूको दिन अवश्य आँउने तथा संसारले सुखको सास फेर्ने विचार यस नाटकमा रहेको नेपालीले उल्लेख गरेका छन् ।

**माया ताम्राकार, 'जिउँदो लास एक सरसरी दृष्टि', रत्नश्री वर्ष ५, अङ्क १, २०२४, पृ. ४८-५२ ।**

माया ताम्राकारद्वारा लेखिएको 'जिउँदो लास एक सरसरी दृष्टि' शीर्षकको लेख **रत्नश्री** पत्रिकामा प्रकाशित छ । यस लेखमा ताम्राकारले विजय मल्लको **जिउँदो लास** नाटक प्रतीकात्मक भएको टिप्पणी गरेकी छिन् । मल्लको **जिउँदो लास** नाटकलाई सरसरी अध्ययन गर्दा यस नाटकमा पात्र मानसिक रोगले ग्रस्त र लोग्नेको अभावमा यस नाटककी मुख्य पात्र उर्मिलाको मनमा पैदा

भएको विकृतिलाई कुनै निकास दिएर मानसिक रोगबाट बचाउन प्रतीकको प्रयोग गरेको ताम्राकारले व्यक्त गरेकी छिन् । मल्लको **जिउँदो लास** नाटकमा प्रतीकका रूपमा लाग्ने रेलले किचिएको, लोग्ने भै माउसुली आङभरि चढेको र कुकुरलाई पनि एउटा पात्र बनाएर मौलिकताको परिचय दिएको ताम्राकारले व्यक्त गरेकी छिन् । परम्पराका कटर हाम्रो समाजलाई व्यङ्ग्य गर्दै परम्पराबाट पिल्सिएका रोगीहरू हाम्रो समाजमा रहेका छन् र गनाइरहेका छन् तिनीहरूमा कुनै आत्मबोध नभएको ताम्राकारले प्रस्ट्याएकी छिन् ।

**वासुदेव त्रिपाठी, 'कवि विजयका केही समालोचनात्मक रेखाङ्कनहरू', रचना वर्ष ५, अङ्क १, पूर्णाङ्क १७/१८, २०२५, पृ. ४७-५९ ।**

वासुदेव त्रिपाठीद्वारा 'कवि विजयका केही समालोचनात्मक रेखाङ्कनहरू' शीर्षकको लेख **रचना** पत्रिकामा प्रकाशित छ । यसमा लेखक त्रिपाठीले विजय मल्लका कविताहरू सरल, स्पष्टता भएको चर्चा गर्दै यिनका कविताको मूल पक्ष भनेको भाव वा विचार हो भन्ने कुरा उल्लेख गरेका छन् । यहाँ त्रिपाठीले मल्ललाई गद्यकवि, विश्वबोधको निकटस्थ बन्न सक्ने क्षमता भएका कवि, रोमान्टिक बौद्धिक युगहरूका सन्धि स्थलका कवि, बिम्बप्रतीक आदिको योजना पारम्परिक नभएर नितान्त नवीन प्रयोग गर्ने कवि र आफ्ना कवितमा नयाँ स्वर, शिल्प पद्धतिको प्रयोग गर्ने कवि हुन भनी उल्लेख गरेका छन् ।

**चिरञ्जीवी वाग्ले, 'विजय मल्लको अनुराधाः मान्छेको विद्रोहको कथा', रूपरेखा वर्ष १०, अङ्क ८, पूर्णाङ्क १०४, २०२६, पृ.. ९-१५ ।**

'विजय मल्लको अनुराधा मान्छेको विद्रोहको कथा' शीर्षकको लेख चिरञ्जीवी वाग्लेले **रूपरेखा** पत्रिकामा प्रकाशित गरेका छन् । यसमा लेखक वाग्लेले विजय मल्लको **अनुराधा** उपन्यास मनोवैज्ञानिक उपन्यास हो र यस उपन्यासले शोषक सामान्तीहरूको विद्रोह गरेको वाग्लेले उल्लेख गरेका छन् । मल्लको यस उपन्यासमा वाग्लेले प्राचीन समय र संसारको प्रतिनिधित्व नगरी वर्तमान मान्छेको प्रतिनिधित्व गरेको यस उपन्यासले रत्नमान जस्ता शोषकको अनुराधा जस्तै शोषितले विद्रोह गरेको वाग्लेले टिप्पणी गरेका छन् । अनुराधा मानव समाजको ऐना हो र शोषक सामान्तीको ज्वाला ओकल्ने अनुराधालाई शोषक, सामान्तीहरूले बहुलट्टीपन भनेपनि **अनुराधा** उपन्यास सामान्तीहरूद्वारा शोषित संसारका प्रत्येक अनुराधाको मानसिक मार्मिक व्यथा हो र सम्पूर्ण मान्छेको विद्रोहको साझा कथा हो भनी वाग्लेले उल्लेख गरेका छन् ।

**गोपीकृष्ण शर्मा, 'अनुराधा एक परिचय,' अरूणोदय वर्ष १६, अङ्क २, २०२६, पृ. २७-३२ ।**

गोपीकृष्ण शर्माद्वारा लेखिएको 'अनुराधा : एक परिचय' शीर्षकको लेख **अरूणोदय** पत्रिकामा प्रकाशित छ । मल्लको **अनुराधा** (२०१८) उपन्यास नेपाली उपन्यास परम्परामा नौलो मोड ल्याउने मनोविश्लेषणत्मक उपन्यास हो र यस उपन्यासले आधुनिक वातावरण र परिस्थितिबाट सम्पन्न मानसिक विकृतिलाई मनोवैज्ञानिक कोणले व्याख्या गर्दै परम्पराप्रति विद्रोहको रूपमा देखा परेको शर्माले टिप्पणी गरेका छन् । मल्लको **अनुराधा** उपन्यासमा आधुनिकताको विषयवस्तु संयोजन गरे पनि पात्रहरू सबै नागर जीवनबाट टिपि परम्पराको विद्रोह

गर्न सफल यस उपन्यासले नारी समास्यालाई प्रमुख भूमिका दिने इब्सेनी नाट्य परम्पराबाट **अनुराधा** उपन्यासका पात्रहरू प्रभावित रहेको शर्माले उल्लेख गरेका छन् । **अनुराधा** उपन्यासमा अनुराधाको अवस्था र मानसिकतालाई यसमा मूल समस्या बनाएर कुनै सिद्धान्त वा मान्यताबाट प्रेरित नभएर स्वतन्त्रपूर्वक बाँच्न चाहने अनुराधा यहाँ समाज र परम्पराको चोटले रन्थनिएर आफ्नो वास्तविकता बोध समेत गर्न नसक्ने महत्वकाङ्क्षी मनोवैज्ञानिक नारीको रूपमा रहेकी अनुराधा चेतन निर्देशित समस्यालाई पनि अवचेतनकै फन्दामा पारेर अझ क्लिष्ट जटिल गराई रहेकी अनुराधाको चारित्रिक अर्न्तमुखी बृनभि तीन प्रकारको अहम् प्रवृत्ति सक्रिय भएको अनुभव हुन्छ भन्ने कुरालाई शर्माले प्रस्ट्याएका छन् ।

**वासुदेव त्रिपाठी, 'विजय मल्ल नाटककारका रूपमा', रत्नश्री वर्ष ७, अङ्क ३, २०२६, पृ. ३७-४५ ।**

'विजय मल्ल नाटककारका रूपमा' शीर्षकको लेख वासुदेव त्रिपाठीले लेखेका हुन् । यो लेख **रत्नश्री** पत्रिकामा प्रकाशित छ । यसमा लेखक त्रिपाठीले मल्ललाई सामाजिक यथार्थवाद मनोवैज्ञानिकता प्रतीकवाद नाटककारका रूपमा उल्लेख गरेका छन् । मल्ल नेपाली साहित्यका क्षेत्रमा बहुमुखी साधक हुन र उनले आफ्नो साहित्य यात्रा कविताबाट प्रारम्भ गरेपनि र नाटक र एकाङ्कीमा आफ्नो वर्चश्व कायम गर्न सफल नाटककारका रूपमा त्रिपाठीले व्यक्त गरेका छन् । मल्लले पहिलो नाटक **कोही किन बरबाद होस्** लेखिसकेपछि **जिउँदो लास** र **भोलि के हुन्छ** ? जस्ता नाटक लेखेका र मल्लले यी नाटकमा समाजको यथार्थ चित्रण गर्दै पात्रहरूको घात प्रतिघात, अर्न्तद्वन्द्व र मानसिक सङ्घर्षलाई सजीव रूपमा उतार्नु मल्लको विशेषता रहेको त्रिपाठीले उल्लेख गरेका छन् । मल्ललाई त्रासदीय चेतना र त्रासदीय कला भएका नाटककारका रूपमा त्रिपाठीले टिप्पणी गरेका छन् ।

**शिवप्रसाद सत्याल 'पीठ', 'जिउँदो लासको खोज', मधुपर्क वर्ष ३, अङ्क ९, २०२७, पृ. ३१-३७ ।**

शिवप्रसाद सत्याल 'पीठ'द्वारा लेखिएको 'जिउँदो लासको खोज' शीर्षकको लेख **मधुपर्क** पत्रिकामा प्रकाशित छ । यसमा लेखक सत्याल 'पीठ'ले विजय मल्लको **जिउँदो लास** नाटक प्रतीकात्मक भएको र यसमा ध्वनि व्यङ्ग्यबाट जुन अर्थ निस्कन्छ, त्यो नै वास्तविक कथ्य हो भनी सत्याल 'पीठ'ले उल्लेख गरेका छन् । मल्लको **जिउँदो लास** नाटकका पात्र उर्मिला र प्रतिमा मानसिक रूपमा जिउँदो लास जस्तो देखिए पनि यस नाटककी मुख्य पात्र उर्मिला हो र उसकै जीवनमा यो नाटक प्रारम्भ, विकास भई फलागमा परिणत भएकाले यस नाटकको जिउँदो लास उर्मिला हो भनी सत्याल 'पीठ'ले उल्लेख गरेका छन् । मल्लको यो नाटक यथार्थवादी भएपनि भावुक क्षणमा लेखिएको नाटक हो भन्दै यत्याल 'पीठ'ले **जिउँदो लास** नाटकको मूल चरित्र उर्मिलालाई मानेको र प्रतिमा लासको आभास मात्र हो भने अरू पात्र लासको छुतले बनेका लास हुन् भनी सत्याल 'पीठ'ले उल्लेख गरेका छन् ।

**खेम कोइराला 'बन्धु', 'अनुराधा उपन्यासकी नायिका अनुराधा', रत्नश्री वर्ष ५, अङ्क ६, २०२८, पृ. १३-१६ ।**

'अनुराधा उपन्यासकी नायिका अनुराधा' शीर्षकको लेख खेम कोइराला बन्धुले लेखेका हुन् । यो लेख **रत्नश्री** पत्रिकामा प्रकाशित छ । यसमा लेखक बन्धुले मल्लको **अनुराधा** उपन्यास नेपाली उपन्यास परम्परामा एक नवीनतम उपलब्धि हो र जुन उपन्यास नेपाली उपन्यास परम्परामा आधुनिक उपन्यासको प्रयोगको रूपमा आएको छ भनी बन्धुले उल्लेख गरेका छन् । विजय मल्लको **अनुराधा** उपन्यास एक मनोवैज्ञानिक उपन्यास हो र यस उपन्यासकी पात्र अनुराधा पनि मनोवैज्ञानिक पात्र वा नायिका हो र उनकै सेरोफेरोमा उपन्यास सुरु र अन्त्य पनि भएको बन्धुले टिप्पणी गरेका छन् । मल्लको **अनुराधा** उपन्यासमा अनुराधाले आफ्नो स्वतन्त्रताको संरक्षणको निम्ति सर्घष गरेकी जुन उनको जीवनको निम्ति अत्यावश्यक कुरा हो तर अनुराधाको सर्घषले देश, समाजको निम्ति वास्ता नगरी व्यक्तिगत स्वच्छन्दतामा बढी प्रभावकारी रहन्छ भन्ने कुरालाई बन्धुले टिप्पणी गरेका छन् ।

**शिव रेग्मी, 'नेपाली नाट्य साहित्यमा जिउँदो लासको अस्तित्व', रत्नश्री वर्ष ९, अङ्क १-६, २०२८/२९, पृ. ४७-५४ ।**

'नेपाली नाट्य साहित्यमा जिउँदो लासको अस्तित्व' शीर्षकको लेख शिव रेग्मीद्वारा लेखिएको हो । यो लेख **रत्नश्री** पत्रिकामा प्रकाशित छ । यस लेखमा रेग्मीले मल्लको **जिउँदो लास** नाटक मानसिक विश्लेषणत्मक तथा मनोवैज्ञानिक पूर्ण नाटक हो भनेका छन् । मल्लले **जिउदो लास** नाटक लेखी नेपाली नाट्य साहित्यको इतिहासमा एक पाना थपेको कुरा रेग्मीले उल्लेख गरेका छन् । **जिउँदो लास** नाटकमा प्रयोग गरिएका प्रतीकात्मक तथा संकेतात्मक भाषा तथा अभिनयले गर्दा नाटकलाई अझ माथि उठाएको र यस नाटकले सामाजिक कथाबस्तुलाई स्थान दिएपनि मानसिक बन्न गएको रेग्मीले टिप्पणी गरेका छन् । मल्लको **जिउँदो लास** नाटक नेपाली साहित्यको इतिहासमा कुण्ठित गरिएका विवशतालाई सफलताका साथ प्रस्तुत गर्दै प्रेमको सट्टा घृणा र डरको रूपमा सन्त्रास पैदा गराउनु नाटककार मल्लको नौलो प्रयोग भएको रेग्मीले व्यक्त गरेका छन् । यस नाटकमा प्रयोग भएका पात्रहरूको संवादले **जिउँदो लास** नाटकको अस्तित्वलाई नेपाली नाट्य साहित्यमा टड्कारो रूपमा उभ्याउन सकिने र जीवनलाई सधै सुल्टो पक्षले मात्र नहेरी कतिले उल्टो पक्षले पनि हेर्नुपर्छ भन्ने भावनाको मूल केन्द्रविन्दु 'जिउँदो लासको अस्तित्वमा रहेको छ भनी रेग्मीले बताएका छन् ।

**कुमारबहादुर जोशी, 'एकबाटो अनेक मोड चर्चा', विदेह वर्ष २, अङ्क ५-६, पूर्णाङ्क १३/१९, २०३२/३३, पृ. १२१ - १५६ ।**

कुमारबहादुर जोशीद्वारा लेखिएको 'एकबाटो अनेक मोड चर्चा' शीर्षकको लेख **विदेह** पत्रिकामा प्रकाशित छ । यसमा लेखक जोशीले विजय मल्लको **एकबाटो अनेक मोड** कथासङ्ग्रहको बारेमा टिप्पणी गरेका छन् । यस सङ्ग्रहमा रहेका १३ वटा कथा मध्ये 'एकबाटो अनेक मोड' एउटा कथा हो र यस कथाको कथानक नहुनु, कुनै घटनाहरू पनि नघट्नु र पहिले

घटिसकेका घटनाको संस्मरण मात्र नायकले गर्नु यस कथाको विषयबस्तु हो भन्दै जोशीले झिनो कथानक, एक मात्र पात्रको प्रयोग भएको कुरा उल्लेख गरेका छन् । विषयबस्तु, चरित्राङ्कन र शैलीका दृष्टिले मल्लको यो कथा आधुनिक बन्न गएको टिप्पणी गरेका छन् । मल्लको यो कथा शैलीका दृष्टिले चेतना प्रवाहपूर्णता तथा कवितात्मक रहेको र यसमा सबै कथाहरूकोबाटो एउटै छ तर यिनका प्रत्येक कथाको कथा भन्ने शैली र त्यसमा आएका मोडहरू फरक फरक छन् भन्ने दृष्टिकोण जोशीले व्यक्त गरेका छन् ।

**मुरारीप्रसाद रेग्मी, 'असामान्य मनोविज्ञानको परिप्रेक्ष्यमा 'जिउँदो लास', रूपरेखा वर्ष १७, अङ्क ८, पूर्णाङ्क १८८, २०३३ पृ. ६०-६६ ।**

'असामान्य मनोविज्ञानको परिप्रेक्ष्यमा 'जिउँदो लास' शीर्षकको लेख मुरारीप्रसाद रेग्मीले लेखेका हुन् । यो लेख **रूपरेखा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक रेग्मीले विजय मल्लको **जिउँदो लास** नाटकलाई असामान्य मनोविज्ञानको परिप्रेक्ष्यमा हेर्दा यस नाटकमा एउटा नारीको उन्मत्त काम-एषणको अतृप्तिले गर्दा उसको मानसिक असन्तुलन र असम्वद्ध प्रक्रियाहरूको रूपान्तर शरीरिक व्याधिहरू मुर्छा पर्नु, माउसुली जिउँ माथि हिँडेको महसुस गर्नु मानसिक रुग्नताको लक्षण रहेको रेग्मीले टिप्पणी गरेका छन् । मल्लको **जिउँदो लास** नाटक नारीको सामाजिक वृत्तिको वर्णन नभएर उसको अन्तरङ्ग अचेतन मानसिक वृत्तिको असन्तुलन एवम् विषादी जीवनको चित्र भएको रेग्मीले व्यक्त गरेका छन् ।

**घटराज भट्टराई, 'विजय मल्लः व्यक्ति र कृति', मधुपर्क वर्ष ११, अङ्क ४, २०३५, पृ. १९-२७ ।**

'विजय मल्लः व्यक्ति र कृति' शीर्षकको लेख घटराज भट्टराईले लेखेका हुन् । यो लेख मधुपर्क पत्रिकामा प्रकाशित छ । यसमा लेखक भट्टराईले विजय मल्ललाई धन र साधन सुख र सिर्जनाका एक अर्काका प्रतिद्वन्दीका रूपमा रहने एक साहित्यिक बाबुका छोरा र साहित्यिक पत्रिका सँगको सम्पर्कमा रहने सौभाग्य जुटेका नेपाली साहित्यकार व्यक्तिका रूपमा भट्टराईले उल्लेख गरेका छन् । मल्लले विभिन्न विधाका साहित्यिक कृति लेखेका छन्  ती कृतिहरूमा आजका मान्छेका मानसिक स्थिति, युगजनित असामान्य परिस्थितिको व्याख्या गर्नुका साथै विद्रोह र मूल्यबोधका प्रश्न रहेको भट्टराईले उल्लेख गरेका छन् । मल्लका लघु नाटकहरूमा सरल सुन्दर एवम् स्वभाविक भाषा, संवादात्मक शैली तथा सजीव पात्र-पात्रीहरूका माध्यमद्वारा विभिन्न विषयबस्तुको नाटकीय कलात्मक प्रस्तुतीकरण रहेको गरेको भट्टराईले व्यक्त गरेका छन् । मल्लले कलात्मक मूल्यहरूका अतिरिक्त यिनमा पाइने सामाजिकता वा ऐतिहासिक र संवेदना र संचेतनाका बीचको संश्लेषण गर्दै मल्लले कविताको गद्य धारामा भाव र शिल्पलाई पनि संयोजन गरेको भट्टराईले टिप्पणी गरेका छन् । यहाँ भट्टराईले मल्लका गुण पक्ष मात्र होइन अवगुण पक्ष जस्तो नेपाली भाषालाई सफल रूपमा प्रयोग गर्न नसक्नु, पात्रहरूलाई अशुद्धबोल्न लगाउनु कतै स्त्रीलिङ्ग र पुलिङ्गमा भेद नहुनु, एकवचन र बहुवचनको ख्याल नगर्नु जस्ता मल्लका अवगुण रहेको भट्टराईले उल्लेख गरेका छन् ।

**गोपीकृष्ण शर्मा, 'जिउँदो लासः एक मनोविश्लेषणत्मक अध्ययन', ज्योति वर्ष १, अङ्क ४, २०३५, पृ. २५-२९ ।**

गोपीकृष्ण शर्माद्वारा लेखिएको **जिउँदो लास** एक मनोविश्लेषणत्मक अध्ययन' शीर्षकको लेख **ज्योति** पत्रिकामा प्रकाशित छ । यसमा लेखक शर्माले विजय मल्लको **जिउँदो लास** नाटक मनोविज्ञानमा आधारित नाटक हो र यस नाटककी मुख्य पात्र उर्मिला मानसिक रोगले ग्रस्त छ र उसको जीवन स्मृतिभ्रम र विकृत स्वप्नहरूमा अल्झिरहेको प्रतीक्षा र आश्वासनको तन्द्रामा बाँचिरहेको कुरा शर्माले औंल्याएका छन् । प्रतीक्षाको समय असैय भएपछि विकृत पराकाष्टमा पुग्छ र स्वयम्को अन्त हुन्छ भन्ने कुरालाई शर्माले उल्लेख गरेका छन् । **जिउँदो लास** नाटककलाई एक आधुनिक सशक्त समस्या नाटकको रूपमा प्रस्तुत गर्दै मल्लको नाट्य चेतना र नाट्य धारामा **जिउँदो लास** नाटक एक नौलो प्रयोगको रूपमा आएको शर्माले उल्लेख गरेका छन् ।

**मुरारीप्रसाद रेग्मी, 'विखण्डित स्वः एक अनुसन्धान' रूपरेखा वर्ष १०, अङ्क १, पूर्णाङ्क २१७, २०३६, पृ. ४९-५३ ।**

'विखण्डित स्वः एक अनुसन्धान' शीर्षकको लेख मुरारीप्रसाद रेग्मीले लेखका छन् । यो लेख **रूपरेखा** पत्रिकामा प्रकाशित छ । यहाँ लेखक रेग्मीले मल्लको विखण्डित स्वले वस्तुको अर्थ बुझ्न नसकिने र यसमा मूल्य विहिनता पाइएपनि मानिसलाई दिशा निर्देशन गर्नमा नैतिक मूल्यको खाँचो पर्ने ठहरू रेग्मीले व्यक्त गरेका छन् । नैतिक मूल्यहरूबाट मानिसका स्वच्छन्द र ऐन्द्रिक वृत्तिहरूलाई नियन्त्रण गर्न सकिने तर विखण्डित स्वमा यस प्रकारको नियन्त्रण गर्ने क्षमताको पूर्णत्या अभाव हुन्छ र यसैबाट उसको अस्तित्व पनि लोप हुन जाने रेग्मीले टिप्पणी गरेका छन् ।

**दयाराम श्रेष्ठ, 'मान्छेको नाचमा मनको सन्धान', रूपरेखा वर्ष २१, अङ्क १, पूर्णाङ्क २२९, २०३७, पृ. २१ -२५ ।**

दयाराम श्रेष्ठद्वारा लेखिएको 'मान्छेको नाचमा मनको सन्धान' शीर्षकको लेख **रूपरेखा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक श्रेष्ठले विजय मल्लको मान्छेको नाचमा मनको सन्धान कथामा मानिसको आवरणलाई च्यातेर वास्तविक सत्य स्वरूपलाई चिनाउँदै मानिसको आदिम बिम्बको प्रस्तुति अर्थात सामूहिक अचेतनको खोजका दृष्टिले मानिसको बर्बरता र हिसांत्मक वृत्तिको आद्यप्रतीक मुकुण्डो हो, जसलाई अनुहारबाट निकालेपछि निरीह बन्दछ र आफूलाई निध्रो प्राणी, अपहेलना र अपमान बनाएको महसुस गर्छ भन्ने कुरा श्रेष्ठले उल्लेख गरेका छन् ।

**गोपी कृष्ण शर्मा, 'जिउँदो लास नाटक विभिन्न पक्षीय अध्ययन', वाङमय वर्ष १, अङ्क १, २०३७, पृ. १४-२० ।**

'जिउँदो लास नाटकका विभिन्न पक्षीय अध्ययन' शीर्षकको लेख गोपीकृष्ण शर्माले लेखेका हुन् । यो लेख **वाङमय** पत्रिकामा प्रकाशित छ । यसमा लेखक शर्माले विजय मल्लको **जिउँदो लास** नाटकलाई विभिन्न पक्षबाट अध्ययन गरेर हेर्दा यो नाटक लघु आकार भएको, तीन अङ्कमा

विभाजित तर दृश्यमा विभाजन नभएको शर्माले टिप्पणी गरेका छन् । मल्लको यस नाटकको संरचनात्मक पक्षलाई हेर्दा मानसिक आवेगहरूको अङ्कन र अङ्गहरूको न्यूनताले यिनको नौलो नाट्य प्रविधिको सङ्केत गरेका र यस नाटकमा गद्य भाषाको प्रयोगको साथै बस्तुको छनौट गर्दा मल्लले नेपाली नागर जीवनको मध्य वित्तिय परिवारबाट घटना र चरित्रको जालमा बस्तु योजना निर्माण गरेका र वर्गचरित्र भन्दा व्यक्तिचरित्रलाई बढी महत्व दिएको शर्माले उल्लेख गरेका छन् । मनोवैज्ञानिक लेखकहरू कथाहीन कथाको संयोजन गर्नुका साथै मल्लको **जिउँदो लास** नाटकमा पात्रहरू मानसिक विकृतिले रुग्ण भएको विचार शर्माले व्यक्त गरको छन् ।

**दयाराम सम्भव, 'विजय मल्लको कालो चश्मा कथामा अर्थ संश्लेषण पद्धति', अरूणोदय वर्ष १८, अङ्क ३, २०३८, पृ. २०-२४ ।**

दयाराम सम्भवद्वारा लेखिएको 'विजय मल्लको कालो चश्मा कथामा अर्थ संश्लेषण पद्धति' शीर्षकको लेख **अरूणोदय** पत्रिकामा प्रकाशित छ । यसमा लेखक सम्भवले **कालो चश्मा** कथाको मनोवैज्ञानिक तथा सामाजिक सर्न्दभलाई उल्लेख गरेका छन् । 'कालो चश्मा' कथामा कथाकार मल्लले दिन खोजेको अर्थ एक पद्धतिका रूपमा देखा परेको जो आफै विश्लेषित नभएर संश्लेषित भएको सम्भवले टिप्पणी गरेका छन् । मल्लको **कालो चश्मा** कथामा अभिधात्मक अर्थ प्रतीतीमा विश्लेषण र अन्योक्तिमुलक अर्थ प्रतीतीमा चाहिँ संश्लेषण भएको सम्भवले व्यक्त गरेका छन् । **कालो चश्मा** कथामा पद्धति र सश्लेषण दुवैको आधार विम्ब तथा प्रतीक हो र कथाकारले दिन खोजेको अर्थ विम्बमा अनुवाद भएको सम्भवले टिप्पणी गरेका छन् ।

**मुरारीप्रसाद रेग्मी, 'कुमारी शोभाः एक विश्लेषण', गरिमा वर्ष १, अङ्क ९, २०४०, पृ. ८९-९० ।**

'कुमारी शोभाः एक विश्लेषण' शीर्षकको लेख मुरारीप्रसाद रेग्मीले लेखेका हुन् । यो लेख **गरिमा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक रेग्मीले विजय मल्लको **कुमारी शोभा** उपन्यास ऐतिहासिक र सांस्कृतिक परिप्रेक्ष्यमा लेखिएको यस उपन्यासमा द्यौ मौजुकुमारीको मानसिक अर्न्तद्वन्द्वलाई मनोवैज्ञानिक दृष्टिकोणले चित्रित गरिएको र कुमारीको किशोरावस्थाको मानसिक संर्घषको साथै मनोग्रन्थिको विश्लेषण गरिएको रेग्मीले उल्लेख गरेका छन् । मल्लको यो उपन्यास एकातिर कुमारीको दैविय वाल्यावस्थाको सांस्कृत्यात्मक पवित्रता र शुद्धताको पूर्वइतिहासले भरिएको छ भने अर्कोतिर उनको मानविय किशोरावस्थाको मनोवैज्ञानिक अतीत संस्मरण प्रेम-व्यथा, मानसिक तनाव र संघर्षले ढाँकिएको शर्माले उल्लेख गरेका छन् ।

**गोविन्द नेपाल, 'विजय मल्लको भोलि के हुन्छ' ? नाटक नेपालीमा नौलो प्रयोग', प्रज्ञा वर्ष १२, अङ्क ३, पूर्णाङ्क ४५, २०४०, पृ. २२-३१ ।**

गोविन्द नेपालद्वारा लेखिएको 'विजय मल्लको भोलि के हुन्छ ? नाटक नेपालीमा नौलो प्रयोग' शीर्षकको लेख **प्रज्ञा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक नेपालीले विजय मल्लको **भोलि के हुन्छ** ? नाटक प्रतीकात्मक भएको उल्लेख गर्दै यस नाटकले मानवीय मूल्य र अस्तित्वलाई आशा र त्रासका माध्यमद्वारा व्यक्त गरेको नेपालले टिप्पणी गरेका छन् । यस नाटकमा नेपालले आणविक युद्धले कुनै पनि पृथ्वी पड्किएर खरानी छरिने सम्भावना भएकाले हरूेक मान्छेको मुटु र

मतिष्कभरि त्रासका विद्युतीय तरङ्ग झन्किरहेको र कहालिलाग्दो घडीलाई पर्खिरहेको उल्लेख गरेका छन् । यस नाटकलाई नेपालले अरू नाटक भन्दा भिन्न विषयबस्तुलाई लिइएको र भोलिका दिनमा युद्धबाट उत्पन्न हुने समस्या र मानव जातिको अस्तित्व सँगको प्रश्नसँग सन्दर्भित विषय नै नेपाली नाटकमा नौलो प्रयोग हो भनी नेपालले टिप्पणी गरेका छन् ।

**घनश्याम कँडेल, 'विजय मल्ल भेटवार्ता', रश्मि वर्ष १, अङ्क २, २०४०, पृ. ६४-७१ ।**

घनश्याम कँडेलले लिएको 'विजय मल्ल भेटवार्ता' **रश्मि** पत्रिकामा प्रकाशित छ । कँडेलले लिएको मल्ल भेटवार्तामा मल्ल वाल्यवस्थादेखि नै साहित्यिक वातावरण पाएको र नेपाली साहित्य जगतमा नाटककार, उपन्यासकार, कथाकार र कविता रूपमा प्रसिद्ध पाए पनि नेपाली नाटकलाई ज्यादै उर्वर वनाएको र आफ्नो जीवनमा भोगेका घटना उल्लेख गरेको कुरा घनश्याम कँडेलले जानकारी दिएका छन् । मल्ल आफू उपन्यासमा असामान्य मनोविज्ञानको प्रयोग र नाटकमा यथार्थवादको प्रयोग र नेपाली नाटकमा केही पाश्चात्य नाटकहरूको प्रभाव र हिन्दीका प्रयोगवादी नाटकको प्रभाव वढी प्रयोग गर्ने नाटककार भएको कँडेलले उल्लेख गरेका छन् ।

**दयाराम श्रेष्ठ, 'कुमारी शोभाः अन्धविश्वास सँग विद्रोह', गरिमा वर्ष ३, अङ्क ४, पूर्णाङ्क २८, २०४१, पृ. ४९-५७ ।**

'कुमारी शोभाः अन्धविश्वास सँग विद्रोह' शीर्षकको लेख **गरिमा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक श्रेष्ठले विजय मल्लको **कुमारी शोभा** उपन्यास अन्धविश्वास सँगै आस्था, अनास्था बीचको सघर्ष रहेको उल्लेख गर्दै सामाजिक, धार्मिक परिवेश भित्र युगौं युगदेखि चलि आएका नेपाली संस्कृति बचाउँदै आएको उल्लेख गरेका छन् । यहाँ श्रेष्ठले संस्कृतिका नाममा देखा परेका खराबीहरू र विकृतिहरू निरुत्साहित हुनु पर्छ र कुण्ठित भावनालाई आजदेखि नै हटाउनु पर्छ भन्दै **कुमारी शोभा** उपन्यास एउटा अन्धविश्वासको विद्रोहको रूपमा उभिएको र यस उपन्यासले सामाजिक चुनौतीको निम्ति एउटा तीब्र स्वर प्रकट गरेको श्रेष्ठले टिप्पणी गरेका छन् ।

**मुरारीप्रसाद रेग्मी, 'स्मृतिको पर्खालभित्र : एक मनोविश्लेषण', प्रज्ञा वर्ष १३, अङ्क १ पूर्णाङ्क ४७, २०४१, पृ. २८-३२ ।**

'स्मृतिको पर्खालभित्रः एक मनोविश्लेषण' शीर्षकको लेख मुरारीप्रसाद रेग्मीले लेखेका हुन् । यो लेख **प्रज्ञा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक रेग्मीले विजय मल्लको **स्मृतिको पर्खालभित्र** कृतिको संक्षिप्त चर्चा गरको छन् । **स्मृतिको पर्खालभित्र** नाटकलाई एक मनोवैज्ञानिक रचना मान्दै यस रचनामा महेश्वरको अतीत आक्रोशको अर्न्तमुखद्वारा सृजित स्व- पीडन, आत्मग्लानि र पश्चातापको चित्रण सफलतापूर्वक प्रस्तुत गरेको रेग्मीले उल्लेख गरेका छन् । मल्लको यस नाटकमा नायकको व्याकुलता, चिन्ता र विषादको साथै स्थायी भ्रमको प्रमाण तस्वीर लुकाएको रेग्मीले टिप्पणी गरेका छन् ।

**जीवेन्द्रदेव गिरी, 'अनुराधाका मूलभूत प्रवृत्ति र वैशिष्ट्य', संचेतना वर्ष ६, अङ्क ११/१२, २०४६, पृ. १-११ ।**

जीवेन्द्रदेव गिरीद्वारा लेखिएको 'अनुराधाका मूलभूत प्रवृत्ति र वैशिष्ट्य' शीर्षकको लेख **संचेतना** पत्रिकामा प्रकाशित छ । यसमा लेखक गिरीले अनुराधाका मूलभूत प्रवृत्ति भनेको मनोविश्लेषणत्मक हो भन्दै प्रतीकात्मकता, दुई पुस्ता र दुई मान्यताको द्वन्द्वको प्रस्तुतीकण विश्वजनीनता, सार्वजनीनता, शैलीगत नवीनता र भाषागत सरलता, संस्मरणात्मक र आत्मपरक शैली कथानकको गतिशील प्रवाहमा कौतुहलताको निर्वाह हुनु, भाषागत मिठास र कलात्मक अभिव्यक्तिको अभाव हुनु, सामाजिकता, बौद्धिकताको त्रिवेणी हुनु अनुराधाका वैशिष्ट्य भएको गिरीले उल्लेख गरेका छन् ।

**गोपीकृपष्ण शर्मा, 'पुराणमा हराएको पाना एक विश्लेषण', मधुपर्क वर्ष २०, अङ्क ४, पूर्णाङ्क २१३, २०४४, पृ. ५६-५९ ।**

'पुराणमा हराएको पाना एक विश्लेषण' शीर्षकको लेख **मधुपर्क** पत्रिकामा प्रकाशित छ । यसमा लेखक शर्माले मल्लको पुराणमा हराएको पाना एक विश्लेषण माथि टिप्पणी गरेका छन् । मल्लको **बहुलाकजीको सपना** एकाङ्कीसङ्ग्रहमा सङ्कलित यस नाटकले नेपाली नाटक परम्परामा यथार्थवादको पर्खाल भत्काएर अतियथार्थवादको प्रयोग गरी सामाजिक समस्यालाई प्रमुख रूपमा उठाइएको र जीवनलाई भित्री बाहिरूी अनि उल्टो सुल्टो किसिमले हेर्नुपर्ने स्थितिबोध गराएको शर्माले उल्लेख गरेका छन् ।

**भूपति ढकाल, 'विजय मल्ल र उनको नाटक बहुला काजीको सपना', गरिमा वर्ष ५, अङ्क १, पूर्णाङ्क ६०, २०४४, पृ. ६६-७१ ।**

'विजय मल्ल र उनको नाटक बहुला काजीको सपना' शीर्षकको लेख भूपति ढकालले लेखेका हुन् । यो लेख **गरिमा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक ढकालले विजय मल्ललाई नेपाली नाटकको आधुनिक काल अर्न्तगत बालकृष्ण सम पछिका नाटककारका रूपमा उल्लेख गर्दै **बहुला काजीको सपना** नाटक राजनैतिक पृष्ठभूमि एवम् आर्थिक असमानताको आवाज उठाएको र शोषणको विरोध गरेका नाटकको रूपमा उल्लेख गरेका छन् । मल्लको यो नाटकमा सामाजिकता भित्र मनोवैज्ञानिकता प्रकटीकरण भएको र गरिबीको चौघेराभित्र मानवतावादी धैर्य, साहस, उत्साह र समाज सुधारको तीब्र भावनाले परिपूर्ण रहेको र एक जना गरीब मर्दैमा उदारवादी उत्साह र मानवतावादी भावनाको अन्त्य हुदैन् त्यसैले गरिबहरूको दिन अवश्य आउने छ र संसारले एक दिन सुखको सास फेर्ने विचार ढकालद्वारा उल्लेख गरिएको छ ।

**भिक्टर प्रधान, 'पत्थरको कथा' एकाङ्कीको भावभूमि', प्रज्ञा वर्ष १८, अङ्क २-३, पूर्णाङ्क ६८-६९, २०४६ ।**

भिक्टर प्रधानद्वारा लेखिएको 'पत्थरको कथा एकाङ्कीको भावभूमि शीर्षकको लेख **प्रज्ञा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक प्रधानले विजय मल्लको **पत्थरको कथा** कृति स्वैरकल्पनाा

आधारित कृति हो भनेका छन् । यो कृतिमा लेखक प्रधानले मानिसहरूको मृत्यु पछि कुनै अस्तित्व रहदैन् र उसले केही गर्न सक्दैन, उ स्मृतिहीन, रूपहीन र स्पन्दहीन बन्दछ र मृत्यु अगाडि गरेको फल मृत्यु पछाडि भोग्नु पर्छ भन्ने मान्यता धार्मिक विश्वास हो र अत्याचारीको बदला लिनु छ भने जीवनकालमै लिनुपर्छ, मरेपछि सबै शुन्यमा लीन हुने हुँदा पछाडि आएर तिनीहरूको पुल्ला जलाउनु, तिनीहरू माथि थुक्नु कुनै अर्थ नरहने प्रधानले टिप्पणी गरेका छन् ।

**गोपीकृष्ण शर्मा, 'विजय मल्लको नाटक जिउँदो लास', रश्मि वाङमय विशेषङ्क २०४९, पृ. ५४-६० ।**

गोपीकृष्ण शर्माद्वारा लेखिएको 'विजय मल्लको नाटक जिउदो लास' शीर्षकको लेख **रश्मि** पत्रिकामा प्रकाशीत छ । मल्लको **जिउँदो लास** (२०१७) सालमा प्रकाशित भएको यो नाटक मूलत पाश्चात्य अभिव्यञ्जनावादी नाट्य लेखनबाट प्रभावित रहेको र विषय र प्रस्तुति दुवै कोणबाट परम्परादेखि मूक्त हुन चाहने **जिउँदो लास** नाटक नारी समास्याकै एउटा पक्षलाई उद्घाटन गरिएको नाटकका रूपमा शर्माले टिप्पणी गरेका छन् । मल्लको **जिउँदो लासमा** नाटक नागर जीवनमा जरो गाँडेर रहेका अन्ध परम्पराभित्र **जिउँदो लास**का पात्रहरूको जीवन अल्भिरहेको शर्माले उल्लेख गरेका छन् । **जिउँदो लास** नाटकमा खासगरी मानसिक ग्रन्थिले सताइएका मध्यमवर्गीय नागर नारीहरूको विकृतिग्रस्त मनोदशाको चित्रण गर्दै यसलाई तीव्रता प्रदान गर्न केही अस्वस्थ मानसिकताका पुरुष पात्रहरू पनि संयोजन गरिएको शर्माले टिप्पणी गरेका छन् । यस नाटकको महत्वपूर्ण प्राप्ति भनेको आधुनिक जीवनको अर्थपूर्ण खोजी हो र यसैमा **जिउँदो लास** नाटकको गरिमा प्रतिविम्बित भएको शर्माले उल्लेख गरेका छन् ।

**रमेशनाथ जोशी, 'अन्तिम भोज कथाको सम्बन्धमा', उपासना वर्ष १, अङ्क १, २०५०, पृ. ४९-५१ ।**

'अन्तिम भोज कथाको सम्बन्धमा' शीर्षकको लेख रमेशनाथ जोशीले लेखेका हुन् । यो लेख **उपासना** पत्रिमामा प्रकाशित छ । यसमा लेखक रमेशनाथ जोशीले मल्लको **अन्तिम भोज** कथालाई आजको सभ्य विकसित समाज भन्दा टाढा रहेका नेपाली जब सम्य देशमा पुग्छन् तब ती सभ्य देशका नेता, वैज्ञानिक, राष्ट्रपति, प्रधानमन्त्री, कवि, लेखक, गायक, कुलपति सबै पृथ्वीलाई नष्ट गर्ने तिर लागेको कुरा जोशीले टिप्पणी गरेका छन् । त्यसैले कथा देश, काल, समाज सुहाउँदो, जाति, वर्ग समुह सुहाउँदो, विषय भाषा र मनोविज्ञान सुहाउँदो हुनुपर्ने शर्माले टिप्पणी गरेका छन् ।

**चूडामणि काफ्ले, 'विजय मल्लको अन्तिम भोज कथा', मधुपर्क वर्ष २६, अङ्क १०, पुर्णाङ्क २९७, २०५०, पृ. २८-२९ ।**

'विजय मल्लको अन्तिम भोज' कथा शीर्षकको लेख **मधुपर्क** पत्रिकामा प्रकाशित छ । यो लेख चूडामणि काफ्लेले लेखेका हुन् । यसमा लेखक काफ्लेले मल्लको **अन्तिम भोज** कथामा देशप्रेम र विश्वशान्तिको भावनाले संसारलाई रमणीय बनाउनु पर्ने सन्देश दिएको उल्लेख गरेका छन् । मल्लको **अन्तिम भोज** कथाले युगीन विचारलाई प्रतिबिम्बित गर्दै विज्ञान तथा प्रविधिको

विकासले संसारलाई सुविधा सम्पन्न तुल्याउनुका साथै त्रास र भय पनि सिर्जना गरिरहेको चूडामणि काफ्लेले व्यक्त गरेका छन् ।

**दौलतविक्रम विष्ट, 'मेरो दृष्टिमा कथाकार विजय मल्ल', समकालीन साहित्य वर्ष ४, अङ्क २, पूर्णाङ्क १४, २०४१, पृ. १२५-१२७ ।**

दौलतविक्रम विष्टद्वारा लेखिएको 'मेरो दृष्टिमा कथाकार विजय मल्ल' शीर्षकको लेख **समकालीन साहित्य** पत्रिकामा प्रकाशित छ । यसमा लेखक विष्टले मल्लको मनोवैज्ञानिक अभिव्यक्तिमा भवानी भिक्षुको प्रभाव परेर मल्लका धेरै जसो कथा सङ्गठनमा नवीनता, कोमलता, गम्भीरता पाइएको टिप्पणी गरेका छन् । यसमा लेखक श्रेष्ठले पहिला मल्लले पूँजीलाई सर्वोपरि ठान्ने अहिले मानवीय कुरालाई कथाको माध्यम बनाएका र कथाहरूमा मनोवेग वा मनको प्रवाहलाई प्रयोग गर्ने अनि लिविडोलाई साहित्य रचनाको प्रेरणाको रूपमा स्वीकार गर्ने कथाकारको रूपमा चिनिएको हुनाले मल्ललाई स्वैरवाद कै हाँगाका कथाकारका रूपमा श्रेष्ठले उल्लेख गरेका छन् ।

**दीर्घबहादुर अर्याल, बौलाहा काजीको सपना र विजय मल्ल', मिर्मिरे वर्ष २३, अङ्क ८, पुर्णाङ्क ११३, २०५१, पृ. ३०६-३०५ ।**

'बौलाहा काजीको सपना र विजय मल्ल' शीर्षकको लेख दीर्घबहादुर अर्यालले लेखका हुन् । यो लेख **मिर्मिरे** पत्रिकामा प्रकाशित छ । यसमा लेखक अर्यालले विजय मल्लको 'बौलाहा काजीको सपना' कृतिको संक्षिप्त चर्चा गरेका छन् । **बहुला काजीको सपना** नाटकलाई उत्कृष्ट रचना मान्दै यस रचनामा गरिब वर्गको सामाजिक, आर्थिक, मानसिक र राजनैतिक शिथिलताको सफल चित्रण गर्नुमा नाटककार विजय मल्लको कलात्मक झल्किएको अर्यालले उल्लेख गरेका छन् **बहुला काजीको सपना** नाटकमा गरिबहरूको सामाजिक, आर्थिक अवस्थाको चित्रण, तत्कालीन राजनैतिक भावभूमि र गरिबी, शोषण, दमन र उत्पीडनको मूल कारण अत्यचारी राणा शासन नै हो भन्ने विचार अर्यालद्वारा व्यक्त गरिएको छ ।

**दयाराम श्रेष्ठ, 'विजय मल्ल यौनजन्य तथा संवेगात्मक असामान्य स्थिति र युग चिन्तन केन्द्रको कथाकार', प्रज्ञा वर्ष २३, पूर्णाङ्क ८०, २०५१, पृ. ३१-४० ।**

'विजय मल्ल यौनजन्य तथा संवेगात्मक असामान्य स्थिति र युग चिन्तन केन्द्रको कथाकार' शीर्षकको लेख दयाराम श्रेष्ठले लेखेका हुन् । यो लेख **प्रज्ञा** पत्रिकामा प्रकाशित छ । यसमा विजय मल्लको यौनजन्य तथा संवेगात्मक असामान्य स्थिति युग चिन्तन आदि विविध पक्षमा श्रेष्ठले टिप्पणी गरेका छन् । मनोवैज्ञानिक प्रवृत्तिबाट प्रभावित मल्ल यान्त्रिक सम्यताको विकासले उत्पन्न गरेका जटिल समस्याको सफल प्रयोग गर्ने कथाकारका रूपमा श्रेष्ठले टिप्पणी गरेका छन् । मल्ल आफ्ना कथाहरूमा मनोविज्ञान, यौन मनोविज्ञान, ऐतिहासिक, पौराणिक क्षेत्रमा अनेक मिथकहरूको प्रयोगका साथै मानिसका असामान्य स्थितिको चित्रण गर्दै मल्लभित्र रहेको राजनीतिक चेतनाको सापेक्ष प्रभावले गर्दा युग र जीवन विषयक उनको चिन्तन भावुकताबाट मूक्त भई यथार्थ तर्फ उन्मुख भएको श्रेष्ठले टिप्पणी गरेका छन् ।

**पूर्णप्रसाद अधिकारी, 'विजय मल्लका नाट्य प्रवृत्ति र बहुला काजीको सपना', समकालीन साहित्य वर्ष ५, अङ्क २, पूर्णाङ १८, २०५२, पृ. ९५-१०३ ।**

पूर्णप्रसाद अधिकारीद्वारा लेखिएको 'विजय मल्लका नाट्य प्रवृत्ति र बहुला काजीको सपना' शीर्षकको लेख **समकालीन साहित्य** पत्रिकामा प्रकाशित छ । यसमा लेखक अधिकारीले विजय मल्लको नाट्य प्रवृत्तिको रूपमा सामाजिकता भित्र मनोवैज्ञानिकता, निम्न वर्गीय पात्रको प्रयोग, सामाजिक विसङ्गतिप्रति विद्रोह गराउने मानसिक विकृतिका पात्रहरूको प्रयोग, नारीका मानसिक कुण्ठाको चित्रण, यथार्थवाद र अतियथार्थवादको सफल प्रयोग, अन्वितित्रयको सफलता साथ प्रयोग भएको टिप्पणी गरेका छन् । मल्लको **बहुला काजीको सपना** नाटक सामाजिक, आर्थिक, र राजनैतिक शिथिलताको सफल प्रयोग भएको नाटकको रूपमा अधिकारीले उल्लेख गरेका छन् ।

**खुमलाल पौड्याल, 'नाटककार विजय मल्ल र बहुला काजीको सपना', कुञ्जिनी वर्ष ४, अङ्क २, २०५३, पृ. ८०-८५ ।**

'नाटककार विजय मल्ल र बहुला काजीको सपना' शीर्षकको लेख खुमलाल पौड्लद्वारा लेखिएको हो । यो लेख **कुञ्जिनी** पत्रिकामा प्रकाशित छ । यसमा लेखक पौड्यालले मल्लको **बहुला काजीको सपना** नाटकको संक्षिप्त चर्चा गरेका छन् । **बहुला काजीको सपना** नाटक मल्लको उत्कृष्ट रचना हो भन्दै यस रचनामा मल्ललाई मनोवैज्ञानिक नाटककारका रूपमा चर्चा गर्दै गरिबी, सामाजिक, आर्थिक, राजनैतिक विषयबस्तु अँगाली नाटक लेख्ने नाटककारका रूपमा पौड्यालले टिप्पणी गरेका छन् । मल्लको **बौलाहा काजीको सपना** नाटक बौद्धिक उचाइ र प्रौढ मस्तिष्क प्राप्त गर्न नसके पनि तत्कालीन समाजको चित्र उतार्न प्रस्तुत नाटक निकै सफल भएको पौड्यालले उल्लेख गरेका छन् । यहाँ पौड्यालले यो नाटक बौलाहा काजीबाट ओकलिएका विभिन्न अभिव्यक्तिहरू वास्तविक समाजका यथार्थ अभिव्यत्तिहुन जुन अभिव्यक्ति समाजमा बस्ने विभिन्न तहका जनतासँग प्रत्यक्ष सम्बन्ध राख्दछ भन्दै मल्ल सामाजिक, आर्थिक, शैक्षिक र सांस्कृतिक क्षेत्रमा देखापरेका विकृतिको उन्मुलन गरी सुधार चाहने मनोवैज्ञानिक नाटककारका रूपमा पौड्यालले टिप्पणी गरेका छन् ।

**केशवप्रसाद उपाध्याय, 'एकाङ्कीकार विजय मल्ल', गरिमा वर्ष १६, अङ्क ४, पूर्णाङ्क १८४, २०५४, पृ. २२-२७**

केशवप्रसाद उपाध्यायद्वारा लेखिएको 'एकाङ्कीकार विजय मल्ल' शीर्षकको लेख **गरिमा** पत्रिकामा प्रकाशित छ । यहाँ लेखक उपाध्यायले मल्ललाई असामान्य मनोविज्ञानप्रति गहिरो अभिरुचि राख्ने, वस्तुगत यथार्थ र त्यसका प्रभावबाट उत्पन्न मनोगत अवस्थाको चित्रणका साथै वैयक्तिक, परिवारिक, सामाजिक र राष्ट्रिय समस्याका साथै विश्व साहित्य समस्यालाई समेत प्रस्तुत गर्ने एकाङ्कीकारका रूपमा उपाध्यायले टिप्पणी गरेका छन् ।

**नेत्र एटम, 'अनुराधा उपन्यासमा नारीवाद', तन्नेरी वर्ष १९, अङ्क ३, २०५४, पुस, माघ, फागुन, पृ. २१-२७ ।**

'अनुराधा उपन्यासमा नारीवाद' शीर्षकको लेख नेत्र एटमले लेखेका हुन् । यो लेख **तन्नेरी** पत्रिकामा प्रकाशित छ । यहाँ लेखक एटमले नारीलाई सामाजिक, सांस्कृतिक, धार्मिक, बौद्धिक

आदि विषयमा मूक्त र आत्मनिर्भर बनाई पुरुष अधिकारको विरोध गर्ने आन्दोलन नै नारीवाद हो भनी उल्लेख गरेका छन् । मल्लको **अनुराधा** उपन्यासमा नायिका अनुराधाका नारी अस्मिताका सर्न्दभहरू बौद्धिक रूपमा स्वविश्लेषित भएर आउनुका साथै नारी प्रसङ्गहरूलाई यस लेखमा नारीवादको व्यवहारिक धरातलमा राखी हेर्ने कोशिश गरिएको र पितृसतात्मक मानसिकताको प्रकटीकरण तथा नारी अस्मिता एंव समानताको लागि लेखकद्वारा नारीपात्रमा प्रत्यारोपण गरिएको मानसिकतालाई केलाइएको एटमले टिप्पणी गरेका छन् । नारी जीवनकी दीपशिखा बनेकी नारकिो मानसिक विकृति देखाएर नारीवादको परिप्रेक्ष्यमा उभ्याउन नसक्नु, छिट्पुट रूपमा मात्र अनुराधाका चिच्याहटहरू ओकल्नु जस्ता प्रयोगहरू मल्लको **अनुराधा** उपन्यासमा भएको एटमले टिप्पणी गरेका छन् ।

**दुर्गाबहादुर घर्ती, 'अनुराधा उपन्यासका पुरुष पात्रहरूः मनोविश्लेषणात्मक अध्ययन', मिर्मिरे वर्ष २७, अङ्क २, पूर्णाङ्क १५३, २०५५, पृ. २४-२७ ।**

दुर्गाबहादुर घर्तीद्वारा लेखिएको 'अनुराधा उपन्यासका पुरुष पात्रहरू मनोविश्लेषयाात्मक अध्ययन शीर्षकको लेख **मिर्मिरे** पत्रिकामा प्रकाशित छ । यसमा लेखक घर्तीले मल्लको **अनुराधा** उपन्यास घटना र परिपुष्ट कथाबस्तुमा भन्दा व्यक्ति पात्रका चारित्रिक विशेषता र मनोवृत्ति तर्फ केन्द्रित रहेको उल्लेख गरेका छन् । यस उपन्यासमा घर्तीले पुरुष पात्रका रूपमा कोमलमान, रत्नमान, समुद्रमान र हरि रहेका यी पात्रहरूमा घर्तीले मनोविश्लेषण कमबेसी रहेको छ र यसको प्रमुख पात्र कोमलमान भौतिक सुविधाप्रति उदासिन, जीवनप्रति निरास, जिजीविषाहीन, नारीप्रति वितृष्णा आत्मपीडक र मानसिक दुर्बलता भएको पात्र हो भने रत्नमानसिंह प्रतिकुल स्वभावको पात्र र आफ्नो अचेतनले केवल एउटै नारी अनुराधालाई देखेको र उसलाई प्राप्त गर्न जुनसुकै अपमान, कण्ट र पींडा सहन तयार रहेको पात्रको रूपमा र त्यस्तै समुद्रमानमा पनि दाजुको प्रताडना र समाजको घृणाको मनोविज्ञानको प्रभाव परेको र हरिमा पनि अनुराधालाई माया गर्नुमा मनोवैज्ञानिक कारण रहेको घर्तीले उल्लेख गरेका छन् ।

**दुर्गाबहादुर घर्ती, 'मनोविश्लेषणको आलोकमा अनुराधा उपन्यासका नारी पात्रहरू', गरिमा वर्ष १७, अङ्क ३, पूर्णाङ्क १९५, २०५५ फागुन, पृ. १३९ - १४५ ।**

'मनोविश्लेषणको आलोकमा अनुराधा उपन्यासका नारी पात्रहरू', शीर्षकको लेख दुर्गाबहादुर घर्तीले लेखेका छन्  यो लेख **गरिमा** पत्रिकामा प्रकाशित छ । यहाँ लेखक घर्तीले मल्लको **अनुराधा** उपन्यासका नारीपात्रहरूमा कमवेसी मनोविश्लेषणीय रहेको उल्लेख गरेका छन् । यस उपन्यासमा नारी पात्रहरूमा अनुराधा, रमा, निर्मला, अनुराधाकी आमा, दिदीहरू रहेको र प्रमुख पात्रका रूपमा अनुराधा र सहायक पात्रका रूपमा आएका रमा, अनुराधाकी आमा र दिदीहरू रहेका छन् भने अन्य गौण पात्रको रूपमा आएको घर्तीले टिप्पणी गरेका छन् । यहाँ लेखक घर्तीले यी सबै पात्रहरूमा मनोवैज्ञानिक कारण फेला परेको छ र मनोविश्लेषणको आलोकमा **अनुराधा** उपन्यासका नारीपात्रहरूलाई हेर्दा अनुराधा स्वपीडन र परपीडन, रमा स्वपीडन र परपीडन अनुराधाकी आमा परपीडन र दिदीहरू पनि परपीडन रहेको घर्तीले टिप्पणी गरेका छन् ।

**खगेन्द्र लुइँटेल, 'विजय मल्लका एकाङ्कीगत वैशिष्ट्य र कंकाल एकाङ्कीको विश्लेषण', समकालीन साहित्य वर्ष ८, पूर्णाङ्क ३०, २५५, पृ. १४३ - १४५ ।**

'विजय मल्लका एकाङ्कीगत वैशिष्ट्य र कङ्काल एकाङ्कीको विश्लेषण' शीर्षकको लेख खगेन्द्र लुइँटेलले लेखेका हुन् । यो लेख **समकालीन साहित्य** पत्रिकामा प्रकाशित छ । यहाँ लेखक लुइँटेलले मल्लको एकाङ्कीगत वैशिष्ट्यका रूपमा मान्छेको विवशता, बाध्यता, कुण्ठा, यौनावेग, विसङ्गतिबाट अस्तित्वको खोजी, वैज्ञानिक उन्नतिबाट उत्पन्न जटिलता र सन्त्रासको सुन्दर अभिव्यक्ति अन्धपरम्परा प्रति विद्रोह, चिन्तनशीलता, प्रतीकात्मकता, व्यङ्ग्यात्मकता, मञ्चनीयता र मुखपात्रको प्रयोग रहेको उल्लेख गरेका छन् । मल्लको कङ्काल एकाङ्कीमा आफूले मन पराएको बस्तु अर्काको हुन नदिने बरु त्यसको अस्तित्व नै समाप्त परिदिने मानविय प्रवृत्तिलाई सुन्दर ढङ्गले प्रस्तुत गर्दै सामाजिक संस्कारका कारण विधुवा युवती र डाक्टरको बीच टुसाएको प्रेम अभिव्यक्त गर्न नसकी दुवैको जीवन दुर्घटित भई कङ्कालमा परिणत भएको यथार्थवादी घटनालाई अतियथार्थवादी ढङ्गले प्रस्तुत गरी सामाजिक र मानसिकताको उद्घाटन गरिएको एकाङ्कीको रूपमा लुइँटेलले टिप्पणी गरेका छन् ।

**माधवलाल कर्माचार्य, 'सम्झनामा विजय मल्ल', समकालीन साहित्य वर्ष ९, अङ्क ४, पूर्णाङ्क ३६, २०५६, पृ. ५७-५९ ।**

'सम्झनामा विजय मल्ल' शीर्षकको लेख कर्माचार्यले लेखेका हुन् । यो लेख **समाकालीन साहित्य** पत्रिकामा प्रकाशित छ । यसमा लेखक कर्माचार्यले मल्लले गरेका हरूेक क्रियाकलापलाई संस्मरणका रूपमा उल्लेख गरेका छन् ।

**कृष्णप्रसाद दाहाल, 'विजय मल्लको बहुला काजीको सपना नाटकः एक सर्वेक्षण', गरिमा वर्ष १७, अङ्क १२, पूर्णङ्क २०४, २०५६, पृ. ६७-७० ।**

कृष्णप्रसाद दाहालद्वारा लेखिएको विजय मल्लको बहुला काजीको सपना नाटक एक सर्वेक्षण' शीर्षकको लेख **गरिमा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक दाहालले विजय मल्लको **बहुला काजीको सपना** नाटक सामाजिक विषयबस्तुलाई अस्तित्ववादी शैलीद्वारा व्यक्त गरिएको र राणाकालीन समयमा हुने गरेको पक्षपातपूर्ण व्यवहारलाई टिपेर देशलाई माथि उठाउन विपन्न व्यक्तिको जीवनस्तरप्रति सचेत भई कार्य गरेको खण्डमा कुनै कठिन नहुने बस्तु तथ्यलाई अघि सारेको दाहालले टिप्पणी गरेका छन् । मल्लको यस नाटकमा गरिब जनतालाई शिक्षाको सुनौलो प्रकाशबाट कहिल्यै पनि बञ्चित गर्न नहुने र सम्पन्न र विपन्न, साक्षर, निरक्षर जस्ता विषय व्यवहार हरेकले त्यागेको खण्डमा मात्रै विश्वले सुनौलो सपनामा उक्लन पाउने विचार मल्लको **बहुला काजीको सपना** नाटकमा रहेको कुरा दाहालले उल्लेख गरेका छन् ।

**सनत रेग्मी 'श्रीमती शारदा', समकालीन साहित्य वर्ष ९, अङ्क ४, पूर्णाङ्क ३६, २०५६, पृ. २०-२६ ।**

'श्रीमती शारदा' शीर्षकको लेख सनत रेग्मीद्वारा लेखिएको हो । यो लेख **समकालीन साहित्य** पत्रिकामा प्रशाशित छ । यसमा लेखक रेग्मीले विजय मल्लको **श्रीमती शारदा** उपन्यासमा पात्रहरूको मनोदशालाई कार्यकारण सम्बन्धका आधारमा विश्लेषण गर्दै त्यसको समधान पनि गर्न

खोजिएको उल्लेख गरेका छन् । रेग्मीले मल्लको यस उपन्यासका पात्रहरू सामान्यबाट असामान्य र असामान्यबाट सामान्यमा परिवर्तित भएका र पात्रका मानसिक पक्षको उद्घाटन गरिएको मनोविश्लेषणत्मक विषवस्तुमा आधारित रहेको उल्लेख गरेका छन् ।

**चैतन्य प्रधान, 'नोपली एकाङ्की परम्परा र विजय मल्ल', मिर्मिरे वर्ष २८, अङ्क ११, पूर्णाङ्क १७४, २०५६, पृ. ६४-७२ ।**

'नेपाली एकाङ्की परम्परा र विजय मल्ल' शीर्षकको लेख चैतन्य प्रधानद्वारा लेखिएको हो । यो लेख **मिर्मिरे** पत्रिकामा प्रकाशित छ । यहाँ लेखक प्रधानले नेपाली एकाङ्कीको विकास सर्वप्रथम पश्चिममा भएको र इस्वीको दशौं शताब्दीतिर चमत्कार नाटक र रहस्य नाटकको रूपमा सर्वप्रथम पाश्चात्य साहित्यमा देखा परेको छ भने पन्ध्रौं शताब्दीतिर इसाइहरूको धार्मिक स्थल गिरजाघरमा देखाइने गीति नाटकमा पनि एकाङ्कीको प्रारूप पाइएको र उन्नाइसौ शताब्दीको अन्त्यतिर आएर आधुनिक एकाङ्कीको रूपमा विकसित भएको प्रधानले टिप्पणी गरेका छन् । नेपाली एकाङ्कीको परम्परागत शिल्प, विषयबस्तु र उपस्थापनामा विजय मल्ल सुरुदेखि नै नयाँ-नयाँ प्रयोग गर्दै आएका मल्लका एकाङ्की **पुराणमा हराएको पाना**, **नाम नभएको मानिस**, **भित्ते घडी** जस्ता एकाङ्कीमा नवीन प्रवृत्ति प्रयोग गर्दै आएका मल्ल नेपाली साहित्यका प्रसिद्ध एकाङ्कीकार रहेको प्रधानले टिप्पणी गरेका छन् ।

**अविनाश श्रेष्ठ, 'प्रयोगात्मकता र पत्थरको कथा एकाङ्की', प्रज्ञा वर्ष ३०, पूर्णाङ्क, ९१, २०५६, कार्तिक, पृ. १०९-१२० ।**

अविनाश श्रेष्ठद्वारा लेखिएको 'प्रयोगात्मकता र पत्थरको कथा एकाङ्की' शीर्षकको लेख **प्रज्ञा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक श्रेष्ठले मल्लको **पत्थरको कथा** एकाङ्की एउटा प्रयोगात्मक एकाङ्की हो र स्वैरकल्पनाको फ्रेममा जोडेके वा चौघेरामा समेटेको **पत्थरको कथा**ले सामान्य कथानक असामान्य प्रभाव छोडन सफल भएको श्रेष्ठले उल्लेख गरेका छन् । मल्लको **पत्थरको कथा** एकाङ्की आरम्भमा पत्थरका मूर्तिहरू मानिसमा फेरिनु र अन्त्यमा मानिसहरू फेरि पत्थर बन्नु स्वैरकल्पनाको प्रयोग भएको श्रेष्ठले उल्लेख गरेका छन् । यस एकाङ्कीको अर्को महत्वपूर्ण प्रयोग यसका चरित्रचित्रणमा भएको र यस एकाङ्कीमा आउने पात्रहरूका आत्मस्वीकृतिमूलक संवादद्वारा को हुन भन्ने थाहा हुने र मरिसकेका पात्रहरू स्वैरकल्पनाको फ्रेमभित्र जीवित बनी फर्केकाले उनीहरू धक फुकाएर नीडरतापूर्वक आफूले गरेका जघन्य भन्दा हत्याकाण्ड र अपराधलाई सर्कान  संकोच मान्नु मल्लको **पत्थरको कथा** एकाङ्कीमा रहेका पात्रहरूको प्रयोग भएको श्रेष्ठले उल्लेख गरेका छन् ।

**चैतन्य प्रधान, 'विजय मल्लका अधुरा काम पूरा गर्न सकौं', मधुपर्क वर्ष २३, अङ्क ३, पूर्णाङ्क ३७२, २०५७ साउन, पृ. ४०-५० ।**

'विजय मल्लका अधुरा काम पूरा गर्ने सकौं' शीर्षकको लेख चैतन्य प्रधानद्वारा लेखिएको हो । यो लेख **मधुपर्क** पत्रिकामा प्रकाशित छ । यसमा लेखक प्रधानले विजय मल्लका कृतिमा अध्ययन र अनुसन्धान गर्नु पर्ने निकै छ र उनका दुई उपन्यास अझै प्रकाशन गर्न बाँकी छ भनी

टिप्पणी गरेका छन् । विजय मल्लले जीवनको अन्त्यतिर आउँदा मेरो सेवा नटुङ्गिँदै मलाई मृत्युले उठाएर लान लाग्यो, तिमीहरूले मलाई साँचो भन फेरि म यहाँ नै जन्मन्छु, भन्ने कविताको टुक्राले मल्लको अधुरा कार्यले मनमा खिन्नता बोध भएकाले प्रधानले मल्लका साहित्यिक अधुरा कामहरू हामी सबै मिलेर पूरा गरौ भन्ने विचार उल्लेख गरेका छन् ।

**चैतन्य प्रधान, 'जिउँदो लासको शल्यक्रिया', गरिमा वर्ष १९, अङ्क ७, पूर्णाङ्क २११, २०५७, पृ. २४-२७ ।**

'जिउँदो लासको शल्यक्रिया' शीर्षकको लेख चैतन्य प्रधानले लेखेका हुन् । यो लेख **गरिमा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक प्रधानले मल्लको **जिउँदो लास** नाटक मनोविज्ञान र सामाजिक समास्यामा आधारित नाटक हो र यस नाटकमा पात्रहरू त्रास, सन्त्रास र विक्षिप्त मनस्थितिले गर्दा संसारलाई नै विसङ्गत तुल्याएको जन्म र मृत्युको बीज रही अन्योल जीवनमा बाँचिरहेका पात्रहरूले वर्तमान युगको जीवनको एउटा पाटोलाई व्यक्त गरेको प्रधानले टिप्पणी गरेका छन् । यसैले मल्लको **जिउँदो लास** नाटकको शल्यक्रिया गर्दा विसङ्गति, विक्षिप्तता र विकृति जस्ता पात्रहरूमा घोलिएको यो नाटक सुखान्त र दुखान्त दुवै नभई उभ्यान्त नाटक भएको प्रधानले उल्लेख गरेका छन् ।

**रामचन्द्र पोखरेल, 'नाटककार विजय मल्ल र जिउँदो लास नाटक', कुञ्जिनी वर्ष ८, अङ्क ५, २०५७, पृ. ९२-१०२ ।**

'नाटककार विजय मल्ल र 'जिउँदो लास' नाटक शीर्षकको लेख रामचन्द्र पोखरेलले लेखेका हुन् । यो लेख **कुञ्जिनी** पत्रिकामा प्रकाशित छ । यसमा लेखक पोखरेलले मल्ललाई बहुमुखी प्रतिभा र व्यक्तित्व भएका मनोवैज्ञानिक र सामाजिक समास्यामा नाटक संरचित गर्ने नाटकारका रूपमा पोखरेलले उल्लेख गरेका छन् । विजय मल्लको **जिउँदो लास** नाटकलाई उत्कृष्ट रचना मन्दै यस रचनामा मल्लको प्रतीकात्मक र मनोविश्लेषणत्मक प्रकटीकरण भएको पोखरेलले टिप्पणी गरेका छन् । **जिउँदो लास** नाटक आधुनिक मानवको अर्थपूर्ण जीवन भोगाईको यथार्थ नारी प्रतिको समाजिक अन्ध धारणा र कुसंस्कारमूलक प्रवृत्तिले गर्दा उर्मिला र प्रतिमाको जीवन बर्बाद भएको उनीहरू बाँच्ने आशा राख्दाराख्दै पनि सामाजिक अन्धविश्वासका कारणले उनीहरूको जीवन जिउँदो लास बनेको पोखरेलले उल्लेख गरेका छन् ।

**गणेशबहादुर प्रसाई, 'विजय मल्ल : म तिमीलाई विर्सन नसक्ने रहेछु', गरिमा वर्ष १५, अङ्क ७, पूर्णाङ्क २०५७, पृ. ५-८ ।**

गणेशबहादुर प्रसाईद्वारा लेखिएको विजय मल्ल 'म तिमीलाई विर्सन नसक्ने रहेछु' शीर्षकको लेख **गरिमा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक प्रसाईले विजय मल्ललाई प्रजातन्त्रवादी लेखक र चिन्तकका रूपमा उल्लेख गरेका छन् । विजय मल्ल ने.रा. प्र.प्र. मा उपकुलपति भई काम गर्दा उनले सबै कर्मचारीलाई समान रूपले न्याय दिन्थे, सबैका कुरा सुन्थे र प्रज्ञा प्रतिष्ठानलाई आर्थिक सङ्कट पर्न दिदैन्थे, आर्थिक सकङ्कट पर्न आयो भने रातदिन आफै दौडधुप गर्दथे र कविवर माधवप्रसाद घिमिरे र उनले लगतार गीति नाटक लेखी मञ्चित गराएर

३५ लाख रूपैया जम्मा गरीदिएर ठूलो काम गरेको हुनाले प्रसाईले म तिमीलाई विर्सन नसक्ने रहेछु भन्ने संस्मरणमा यी कुरालाई उल्लेख गरेका छन् ।

**शिव रेग्मी, 'विजय मल्ललाई शारदा प्रसङ्गमा अध्ययन गर्दा', गरिमा वर्ष १८, अङ्क ७, पूर्णाङ्क २११, २०५७, पृ. २१-२३।**

'विजय मल्ललाई शारदा प्रसङ्गमा अध्ययन गर्दा' शीर्षकको लेख शिव रेग्मीद्वारा लेखिएको हो । यो लेख **गरिमा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक रेग्मीले विजय मल्लका बाबु ऋद्धिबहादुर मल्लको सम्पादकत्वमा निस्कने **शारदा** पत्रिकामा विजय मल्लका रचना कविता, कथा प्रकाशित हुन्थे र शारदा पत्रिकाले नै विजय मल्ल साहित्यिक व्यक्तित्वको रूपमा चिनाउन सफल भएको रेग्मीले उल्लेख गरेका छन् ।

**कुमारबहादुर जोशी, 'साहित्यकार विजय मल्लको सम्भना', गरिमा वर्ष १८, अङ्क ७, पूर्णाङ्क २११, २०५७, पृ. १३-२० ।**

कुमारबहादुर जोशीद्वारा लेखिएको 'साहित्यकार विजय मल्लको सम्भना' शीर्षकको लेख **गरिमा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक जोशीले विजय मल्ल आधुनिक नेपाली साहित्यका एक हस्ती प्रसिद्ध साहित्यकार र **शारदा** पत्रिकाका सम्पादक सु ऋद्धिबहादुर मल्लका छोरा र आख्यान साहित्यका स्रष्टा गोविन्दबहादुर मल्ल गोठालेका भाइका रूपमा जन्मिएका मल्लको आनुवंशिक संस्कार नै साहित्य भएको जोशीले उल्लेख गरेका छन् । यहाँ लेखक रेग्मीले साहित्यकार मल्ल साहित्यका विभिन्न विधामा कलम चलाएको र प्र.प्र. मा सदस्य, सचिव र उपकुलपति तीनवटै रूपमा देखेको तीनवटै रूपमा उनको मानवीय स्वभाव, सरल र निश्चल रहेको, सबै सँग दडदास सँग गफ गरिरहेको जोशीले साहित्यकार विजय मल्लको सम्भना लेखमा उल्लेख गरेका छन् ।

**चैतन्य प्रधान, 'एकाङ्कीकार विजय मल्ल', समकालीन साहित्य वर्ष १३, अङ्क ३, पूर्णाङ्क ४९, २०६१, पृ. ६५-६८ ।**

'एकाङ्कीकार विजय मल्ल' शीर्षकको लेख चैतन्य प्रधनद्वारा लेखिएको हो । यो लेख **समाकालीन साहित्य** पत्रिकामा प्रकाशित छ । यहाँ लेखक प्रधानले मल्ल बहुमुखि प्रतिभा व्यक्तित्व हुन् उनको प्रमुख विधा भनेको नाट्य विधा हो र उनलेउनले आफ्नो नाट्ययात्रा २००१ मा 'राधा मिन्दन' शीर्षकको एकाङ्की लेखि आफ्नो नाट्ययात्रा प्रारम्भ गरेका मल्लले एक दर्जन जति एकाङ्की र पुर्णाङ्की नाटक लेखेको प्रधानले उल्लेख गरेका छन् । मल्लको 'बौलाहा काजीको सपना', 'पत्थरको कथा', 'दोभान', 'भिते घडी' जस्ता एकाङ्कीमा मनोविश्लेषणत्मक पाइने प्रधानले टिप्पणी गरेका छन् । एकाङ्कीकार मल्लको पहिलो प्रयोगधमी एकाङ्की कंकाल स्वत्न नाटकका रूपमा लेखिएको र यसमा शरीर विज्ञानका पृष्ठभूमिमा बालविधाका यौन मनोविज्ञानको विश्लेषण गरिएको र मल्लका एकाङ्कीमा द्वन्द्वलाई महत्वपूर्ण स्थान दिने र पात्रका सामान्य र असामान्य अवस्थाको चित्रण गर्ने एकाङ्कीकार मल्ल प्रयोगधर्मी नाट्यकारिताको शिलान्यास गर्ने परम्परावादी अग्रज नाटककार र प्रयोगवादी अनुज नाटकहरूलाई जोडेर राख्ने बलियो सेतुका रूपमा प्रधानले उल्लेख गरेका छन् ।

**भानु घिमिरेले, 'नेपाली औपन्यासिक परिवृतभित्र विजय मल्ल', समकालीन साहित्य वर्ष १४, अङ्क ३, पूर्णाङ्क ५३, २०६१, पृ. २१-२४ ।**

'नेपाली औपन्यासिक परिवृतभित्र विजय मल्ल' शीर्षकको लेख **समाकालीन साहित्य** पत्रिकामा प्रकाशित छ । भानु घिमिरेद्वारा लेखिएको यस लेखमा मल्ल आधुनिक नेपाली औपन्यासिक परम्परामा एक नयाँ प्रवृत्ति र नितान्त नवीन मूल्यमान्यता बोकेर आएका र खासगरी फ्रायडेली मनोविज्ञानका सैद्धान्तिक अवधारणा र विचारहरूलाई आफ्ना औपन्यासिक कृतिमा सजाई छुटै अस्तित्व कायम गर्न सफल उपन्यासकारका रूपमा मल्ललाई घिमिरेले उल्लेख गरेका छन् । मल्ल मानव मनभित्रका दमित वासनाहरूको मन्थन गर्नु, त्यसमा पनि नारी अचेतन माथि विशेष चिन्तन गर्नु र नयाँ तरिकाबाट यथार्थमा उतार्ने र फ्रायडेली मनोविज्ञानको विशेष सैद्धान्तिक मान्यतालाई सजाउने क्रममा उच्चताबोध ग्रन्थि, हीनताबोध ग्रन्थि, स्वपीडन ग्रन्थि आदिजस्ता मनोरचनाहरूको सापेक्षित ढङ्गबाट विश्लेषणगरी त्यसबाट मानवमा पर्ने असर समेतको चर्चा मल्लले गरेको घिमिरेले व्यक्त गरेका छन् । मल्ल फ्रायडद्वारा प्रतिपादित मूलसैद्धान्तिक मान्यताहरूको अति सूक्ष्म रूपमा प्रयोग गरी त्यसको प्रभाव समेत देखाउन सक्नु मल्लको औपन्यासिक वैशिष्ट्य रहेको घिमिरेले उल्लेख गरेका छन् ।

**लक्ष्मी घिमिरे,'अनुराधा उपन्यासमा मनोविज्ञान', कुञ्जिनी वर्ष १२, अङ् क९, २०६१,. ८९-९३**

'अनुराधा उपन्यासमा मनोविज्ञान' शीर्षकको लेख लक्ष्मी घिमिरेद्वारा लेखिएको हो । यो लेख **कुञ्जिनीमा** प्रकाशित छ । यसमा लेखक घिमिरेले विजय मल्लको **अनुराधा** उपन्यास मनोविज्ञानको सूक्ष्मतामा स्थापित गरेर नारीका समस्यालाई प्रस्तुत गरिएको मनोवैज्ञानिक उपन्यास हो भनी उल्लेख गरेकी छिन् । **अनुराधा** उपन्यास नारी चरित्रप्रधान प्रस्तुत उपन्यासमा अनुराधाका इच्छा, आकाक्षा, यौनचाहना र मानसिक कुण्ठालाई बाह्य सामाजिक जीवनजगत भन्दा आन्तरिक जीवनलाई केलाउने काम **अनुराधा** उपन्यासमा भएको लक्ष्मीले टिप्पणी गरेकी छिन् । वि.सं. २०१६ सालमा गोविन्द गोठालेको **पल्लो घरको झ्याल** प्रकाशित भएपछि मनोवैज्ञानिकको जुन रेखा चित्र तयार भएको थियो त्यसमा गाढा रङ्ग थपि पूर्णता दिने काम मल्लको **अनुराधा** उपन्यासले गरेको घिमिरेले उल्लेख गरेकी छिन् । **अनुराधा** उपन्यासमा मनोविज्ञानका यी सिद्धान्तहरू पितृरतिग्रन्थि, मातृरतिग्रन्थि, आत्मरति, स्वपीडन, परपीडनवृत्ति, घृणावृत्ति, मृत्युमूल प्रवृत्ति जीवनमूलवृत्तिको प्रयोग गरिएको **अनुराधा** उपन्यास सफल मनोवैज्ञानिक उपन्यास रहेको घिमिरेले टिप्पणी गरेकी छिन् ।

**ठाकुरप्रसाद पोखरेल, 'विजय मल्लको नाट्यप्रवृत्ति', गुञ्जन वर्ष ७, अङ्क ४, २०६१, पृ. ७०-७२ ।**

'विजय मल्लको नाट्यप्रवृत्ति' शीर्षकको लेख ठाकुरप्रसाद पोखरेलले लेखेका हुन् । यो लेख **गुञ्जन** पत्रिकामा प्रकाशित छ । यसमा लेखक पोखरेलले नाटककार विजय मल्लका प्रवृत्तिहरूमा मनोवैज्ञानिक, सामाजिक, यथार्थमूलक बिषयवस्तुमा नाटक संरचित गर्ने नाटककार, नारीका जीवनका विविध समस्या विवशताको कारुणिक चित्रण, बालमनोविज्ञानको समस्याको समाधान, मानिसको मन मस्तिष्कमा जमेको दुषित विचारको चिरफार गर्ने मानव अस्तित्वादी नाटककार, बहुआयमिक मानवीय रहस्यहरू उद्घाटन गर्ने नाटककार, प्रकृत - यथार्थवादी र

विकृतिमूलक फ्रायडियन मनोविश्लेषणत्मक नाटक लेख्ने नाटककार, अतियथार्थवादी, निराशावादी, विसङ्गतिवादी-अस्तित्ववादी, प्रयोगवादी र स्वैरकल्पना जस्ता मल्लका नाट्यप्रवृत्ति रहेको पोखरेलले उल्लेख गरेका छन् ।

**लेकप्रसाद प्याकुरेल, 'पात्रविधानका दृष्टिले पत्थरको कथा', कुञ्जिनी वर्ष, १३, अङ्क १०, २०६२/६३, पृ. १४७-१४९ ।**

लेकप्रसाद प्याकुरेलद्वारा लेखिएको 'पात्र विधानका दृष्टिले 'पत्थरको कथा' शीर्षकको लेख **कुञ्जिनी** पत्रिकामा प्रकाशित छ । यसमा लेखक प्याकुरेले मल्लको **पत्थरको कथा** २०२५ सालमा मञ्चन भई २०२८ सालमा एकाङ्कीसङग्रहमा संङ्ग्रहित यस एकाङ्कीमा सामाजिक यथार्थवादी एवं प्रयोगशील प्रवृत्तिको सेरोफेरोमा समेटिएको कथाबस्तु रहेको यस **पत्थरको कथा** एकाङ्कीमा ६ पात्रहरूको प्रत्यक्ष उपस्थिति रहेको उल्लेख गरेका छन् । मल्लको **पत्थरको कथा** पात्रविधानका दृष्टिले हेर्दा यस एकाङ्कीमा रहेका ६ जना पात्रहरूमा विपिनदेव जस्ता उच्चवर्ग देखि शत्रुध्न जस्ता निम्नवर्गका पात्रहरूको सहभागी रहेको यस एकाङ्कीमा भूमिकाका दृष्टिले रधुवीर सिंह प्रारम्भदेखि अन्त्यसम्म सहभागी भएको छ भने शत्रुध्न एकै संवादमा विदा भएको छ ज्वाला र कृष्णा जस्ता नारी पात्र विपिनदेवको मृत्यु रूपी मालावरण गर्न बाध्य बनाइएकी प्रतिनिधि पात्र ज्वाला हो भने मध्यभागतिर आएर अन्त्यसम्म नै संवाद क्रियाकलापमा क्रियाशिल रहने कृष्णा हो भनी प्याकुरेलले बताएका छन् । **पत्थरको कथा** पात्र र पात्रद्वारा प्रयुक्त संवादका दृष्टिले उच्च कोटीको एकाङ्की रहन गएको प्याकुरेलले उल्लेख गरेका छन् ।

**जुना चापागाई, 'जिउँदो लासमा नारीपात्र', कुञ्जिनी वर्ष १३, अङ्क १० २०६२/६३, पृ. १५५-१५७ ।**

'जिउँदो लासमा नारी पात्र' शीर्षकको लेख जुना चापागाईद्वारा लेखिएको हो । यो लेख **कुञ्जिनी** पत्रिकामा प्रकाशित छ । यसमा लेखक चापागाईले मल्लको **जिउँदो लास** नाटकमा प्रयुक्त नारी पात्रको मानसिकतालाई चर्चा गर्दै यी नारीपात्र उर्मिला र प्रतिभालाई अबुझपनको भारी बोकाएर स्वतन्त्रता माथि बन्देज लगाएको र सास फेर्न नसक्ने गरी दमन गरेको पात्रका रूपमा उल्लेख गरेकी छिन् । चापागाईले मानसिक रूपमा असन्तुलित, असधारण, अन्यन्तै रुग्ण तथा शरीरिक रूपमा गतिहीन र नारीलाई पुरुषविना असक्त, अबला र नालायक बनाई तिनीहरूको स्वतन्त्र अस्तित्व, जीवनमूल्य, स्वाभिमान गरिमा तथा गौरवगाथालाई एकातिर पन्छाएर **जिउँदो लासका** नारी पात्रलाई मल्लको सङ्कीर्ण चिन्तनको घेराभित्र कैद गर्दै उर्मिलालाई मुर्छा, छटपटी, बहुलठ्ठीपनको पराकाष्टमा पुऱ्याएर मारिएको छ भने प्रतिमालाई रोगी घोषित गर्दै यी पात्रलाई चिन्तनहीन, विवेकहीन, सारहीन, शुन्य मनस्थितिमा पुऱ्याएर काम नलाग्ने दुषित बनाएर छाडिएको चापागाईले व्यक्त गरेकी छिन् ।

**खेम दाहाल, 'अनुराधा उपन्यासको संक्षिप्त अध्ययन र विश्लेषण', शारदा वर्ष १, अङ्क, २०६४ भदौ, पृ. ३९-४७ ।**

खेम दाहालद्वारा लेखिएको 'अनुराधा उपन्यासको संक्षिप्त अध्ययन र विश्लेषण' शीर्षकको

लेख **शारदा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक दाहालले विजय मल्लको **अनुराधा** (२०१८) उपन्यास मनोवैज्ञानिक उपन्यास रहेको उल्लख गरेका छन् । **अनुराधा** उपन्यास औपन्यासिक संरचनाका दृष्टिले भिन्न प्रकारको कृति रहेको यस कृतिमा आफ्ना बारेमा बताउने पात्रले आफू र आफ्नो साथमा रहेका पात्रका विषयमा मनोविश्लेषणत्मक जानकारी गराएको उल्लेख गर्दै स्थिति विचलनको कारण पनि देखाएको दाहालले टिप्पणी गरेका छन् । दुई पात्रहरू आफ्ना मनोविकृतिको बारेमा खुलेर प्रस्तुत भएको देखाउँदै वृताकारीय कथाबस्तु रहेको यस उपन्यासको रूप विन्यास विवृत किसिमको रहेको दाहालले व्यक्त गरेका छन् । **अनुराधा** उपन्यासको प्रस्तुतीकरण जटिल रहेको र यस उपन्यासको विश्लेषणमा विविध मनोवैज्ञानिक  आधारहरू खोज्न सकिने अवस्था रहेको दाहालले उल्लेख गरेका छन् ।

**नित्यानन्द खतिवडा, 'पत्थरको कथा एकाङ्कीमा नवीन प्रयोग', कुञ्जिनी वर्ष १५, अङ्क १२, २०६४/६५, पृ. २२७-२३० ।**

'पत्थरको कथा' एकाङ्कीमा नवीन प्रयोग' शीर्षकको लेख नित्यान्द खतिवडाद्वारा लेखिएको हो । यो लेख **कुञ्जिनी** पात्रिकामा प्रकाशित छ । यसमा लेखक खतिवडाले विजय मल्लको **पत्थरको कथा** (२०२८) एकाङ्कीको सामान्य चर्चा गरेका छन् । मल्लको **पत्थरको कथा** एकाङ्कीमा प्रतीकात्मक, स्वैरकल्पना, अभिव्यञ्जना, दृश्यात्मकता जस्ता विभिन्न नवीन प्रवृत्तिहरू समूचित प्रयोग भएको खतिवडाले उल्लेख गरेका छन् । मृत्यु भएका व्यक्तिहरूमा प्राण भरेर पुनः मृतावस्थामा पुऱ्याउनु र मरेका मानिसहरूमा प्राण भरियो भने के गर्लान जस्ता नवीन सोचको प्रयोग यस एकाङ्कीमा भएको खतिवडाले औँल्याएका छन् । **पत्थरको कथा** एकाङ्कीमा प्रकाशव्यवस्थाको कलात्मक प्रयोगले र भाषाशैली र द्वन्द्व लगायतका पक्षमा पनि प्रभावकारी बनेको यस एकाङ्कीलाई उत्कृष्ट प्रयोगमूलक एकाङ्कीको रूपमा लिएको खतिवडाले टिप्पणी गरेका छन् ।

**बमबहादुर मल्ल, 'बहुलाकाजीको सपना' एक विश्लेषण', गरिमा वर्ष २६, अङ्क ११, पूर्णाङ्क ३११ कार्तिक, २०६५, पृ. ५५-५९ ।**

'बहुला काजीको सपना' नाटक एक विश्लेषण' शीर्षकको लेख **गरिमा** पत्रिकामा प्रकाशित छ । यो बमबहादुर मल्लद्वारा लेखिएको हो । **बहुला काजीको सपना** मा युगौंदेखिको शोषण, दमन, अशिक्षा, अन्याय, अत्याचार, भ्रष्टाचार र गरिबीको जाँतोमा पिँधिएको नेपाली समाजमा व्यक्त यथार्थको चित्रण एकातिर छ भने अर्कोतिर यसबाट मुक्ति पाउन क्रान्ति चाहिन्छ भन्ने वैचारिक धारणा र क्रान्तिको सुरसार गर्दै रहेको तत्कालिन अवस्थाको यथार्थ चित्रण गरिएको कुरा दाहालले टिप्पणी गरेका छन् ।

**रत्नशमशेर राणा, 'एक अद्‌भूत व्यक्ति', शारदा वर्ष ३, अङ्क १, २०६६, पृ. ५ ।**

'एक अदभूत व्यक्ति' शीर्षकको लेख रत्नशमशेर राणाले लेखेका हुन् । यो लेख **शारदा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक राणाले मल्ल नेपाली साहित्यका बहुमुखी प्रतिभा भएका र आफ्ना नाटकका कथाबस्तुहरू लेख्नु भन्दा पहिले नै आफ्नो मानसपटलमा परिकल्पना गरिसकेका हुन्थे र कसैले नाटक लेख्न अनुरोध गरे भने उनी केही क्षणमै नाटकको कथाबस्तु निर्माण

गरिदिन्थे र उनले लेखेका नाटक कथा र कविता जस्ता उपल्लो दर्जाका कृतिहरूले पनि मल्ललाई अद्भूत लेखनको परिचय दिएको राणाले टिप्पणी गरेका छन् ।

**गोपाल पराजुली, 'कथा र नाट्यसाहित्यमा विजय मल्ल', शारदा वर्ष ३, अङ्क १, २०६६ साउन, पृ. ६-७ ।**

गोपाल पराजुलीद्वारा लेखिएको 'कथा र नाट्यसाहित्यमा विजय मल्ल' शीर्षकको लेख **शारदा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक पराजुलीले नेपाली साहित्यका वरिष्ठ नाटककार मल्लको **केही किन बरबाद होस** नाटक बालमनोविज्ञानमा आधारित रहेको र **एकबाटो अनेक मोड** र **परेवा र कैदी** जस्ता कथासङ्ग्रह पनि मनोविज्ञानमा आधारित रहेको उल्लेख गरेका छन् । मल्लले आफ्ना नाटक र कथामा आफ्नो समाजमा रहेका विभिन्न मान्छेहरूको मनका कुराहरूलाई मनोवैज्ञानिक तरिकाले व्यक्त गर्ने नाटकार रहेको पराजुलीले उल्लेख गरेका छन् । मल्लले समाजमा देखिएका थुप्रै समस्या र घटनाहरूलाई आफ्नो कथा र नाटकको विषयवस्तु बनाउने नाटककारको रूपमा पराजुलीले उल्लेख गरेका छन् ।

**खेमनाथ कोइराला, 'विजय मल्लको समीक्षात्मक टिप्पणी', शारदा वर्ष ३, अङ्क १, २०६६, पृ. ८-११ ।**

'विजय मल्लको समीक्षात्मक टिप्पणी' शीर्षकको लेख खेमनाथ कोइरालाद्वारा लेखिएको हो । यो लेख **शारदा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक कोइरालाले विजय मल्ल उपन्यासमा सफल मनोवैज्ञानिकता, नाटकमा प्रौढ चिन्तन, मानसिक समस्यामूलकता, युगयुगजन्य असामान्य परिस्थिति कथामा प्रभावकारी मनोस्थितिको सफल विश्लेषण, एकाङ्कीमा आजको मान्छेको विवशता र जटिलता, कवितामा युगीनता, मानवियता जस्ता विशिष्ट पक्ष रहेको टिप्पणी गरेका छन् । मल्ल प्रयोगवादी भएर पनि आधुनिक नेपाली साहित्यका विविध विधामा नयाँ मोड दिन सफल बीसौं शताब्दीका मान्छेका भावना विजयका साहित्यमा आएको कोइरालाले उल्लेख गरेका छन् । विशिष्ट साहित्यकारका रूपमा चिनिने मल्ल  राणाशासन विरोधी, प्रजातन्त्रवादी, बौद्धिक चिन्तनशील अध्ययनशील लेखक नेपाल एकेडेमीका सदस्य, सदस्य सचिव हुदै उपकुलपति भएका मल्ल इब्सेनबाट प्रभावित भएको कोइरालाले व्यक्त गरेका छन् । नेपाली साहित्यमा युगीन मोड दिने मल्ल प्रजातन्त्रवादी महान् व्यक्तित्व हुन् जुन उनको राजनैतिक सचेतना, सक्रियता लामो समयसम्म नरही मूलतः साहित्य भित्रै नै समाहित गर्न पुगेका मल्ल आजको मानव आवाजलाई चित्रण गर्दे नेपालमा आफ्नै स्वामित्व कायम गर्न अग्रसर रहेको कोइरालाले औँल्याएका छन् ।

**कृष्णप्रसाद दाहाल, 'कोही किन बरबाद होस् नाटकका प्राप्तिहरूको अध्ययन', शारदा वर्ष ३, अङ्क १, २०६६, पृ. १२- १९**

कृष्णप्रसाद दाहालले 'कोही किन बरबाद होस नाटकका प्राप्तिहरूको अध्ययन' शीर्षकको लेख लेखेका छन् । यो लेख **शारदा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक दाहालले विजय मल्लको **कोही किन बरबाद होस्** नाटकको संक्षिप्त चर्चा गरेका छन् । बहुमुखी प्रतिभाका धनी मल्ल आफ्नो साहित्यिक यात्रा कविताबाट प्रारम्भ गरेपनि नाटकलाई प्रमुख क्षेत्र बनाएका नाटककार

मल्लले सामाजिक यथार्थवादी मनोवैज्ञानिक शैलीलाई आत्मसात गरेर नाटक लेख्ने नाटककार हुन भनी दाहालले टिप्पणी गरेका छन् । मल्लको **कोही किन बरबाद होस्** नाटक बालमनोवैज्ञानिक नाटक हो यस नाटकमा समाजमा विद्यमान शैक्षिक एवम् सामाजिक समास्यालाई प्रस्तुत गर्दै समस्यालाई केलाएर समाधानको टुङ्गोमा पुऱ्याउन सफल नाटककारको रूपमा दाहालले व्यक्त गरेका छन् । मल्लले यस नाटकमा मनोविज्ञान र बालमनो विज्ञानलाई सुक्ष्म रूपले विश्लेषण गरी आन्तरिक द्वन्द्वको तुलनामा बाह्य द्वन्द्व बाहुल्य रहेको पात्र पात्रबीचको संवादात्मक द्वन्द्वले विषयवस्तुलाई उत्कर्षता प्रदान गरेको विना दृश्य तीन अङ्कमा नाटकलाई पूर्णता दिने काम गरिएको, समाजमा व्याप्त विकृति र विसङ्गतीलाई यहाँ सुधारत्मक दृष्टिले व्यङ्ग गरिएको त्रासदीय शैलीमा नाटकलाई अन्त्य गरिएको, विना दृश्यको आयोजना द्वारा नाटकलाई प्रयोगवादी बनाइएको, सरल, सहज एवंम् संवेद्य भाषाशैली, छोटा छोटा संवाद, थोरै पात्र, थोरै घटना, बोझिला, वाक्य गठनको प्रयोग नगरिएको, विषयबस्तु सुहाउँदिला स्थान र परिवेशको निर्माण गरिएको **कोही किन बराबर होस्** नाटकका सफलतम प्राप्तिहरू हुन भनी दाहालले टिप्पणी गरेका छन् ।

**पूर्ण इन्फादा, 'बीसौं शताब्दीको सन्त्रास र उत्पीडन यस धर्तीको पानीमा,' शारदा वर्ष ३, अङ्क १, २०६६, पृ. २१-२९ ।**

'बीसौं शताब्दीको सन्त्रास र उत्पीडन यस धर्तीको पानीमा' शीर्षकको लेख पूर्ण इन्फादाले लेखेका हुन् । यो **शारदा** पत्रिकामा प्रकाशित छ । यसमा इन्फादाले विजय मल्ल नेपाली साहित्यको बहुविधामा कलम चलाएर सबैमा उत्तिकै सफलता हासिल गर्न सफल नाटककार मल्लका कवितामा राष्ट्रिय र अन्तराष्ट्रिय युगचेतना छचल्किएको इन्फादाले उल्लेख गरेका छन् । मल्लका कवितामा बीसौं शताब्दीको मान्छेको दुःख, पीडा, उत्पीडन, सन्त्रास र यन्त्रणायुक्त जीवन युद्वबाट त्रसित मान्छेको मानविय र संवेदनायुक्त चित्र **यस घर्तीको पानीमा** कवितामा रहेको इन्फादाले टिप्पणी गरेका छन् । मल्लको यस कवितामा अन्याय र उत्पीडनका विपक्षमा उभिएर विद्रोहको राँको सल्काउदै युद्व र हैमकवादी प्रवृत्ति माथि व्यङ्ग्य गर्नुका साथै शान्ति, सद्भाव, भाइचार र विश्ववन्धुत्व प्रति प्रेमको अनुभूति र मानवतावादी व्यक्त गर्दै युद्व नायकहरूले मान्छेको बाँच्न पाउने अधिकार माथि गरेको हमलालाई नग्न सत्यको रूपमा देखाउनु बीसौ शताब्दीको हस्तक्षेपकारी कविता हो **यस धर्तीको पानीमा** भनी लेखकले टिप्पणी गरेका छन् ।

**युवराज मैनाली, 'अनुराधा उपन्यास भित्र विजय मल्ल', शारदा वर्ष ३, अङ्क १, २०६६, पृ. ३०-३८ ।**

युवराज मैनालीले लेखेको 'अनुराधा उपन्यासभित्र विजय मल्ल' शीर्षकको लेख **शारदा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक मैनालीले मल्लको **अनुराधा** उपन्यासका विविध पक्षमध्ये एउटा नारीवाद चिन्तन पनि हो र नारी स्वाभिमानको एकतर्फी कुरा उठाएर त्यसलाई पनि असफल पारेको र अनुराधा भित्र फ्रायडीय आधारको प्रचुरतामा अनि मनोवैज्ञानिक प्रवृत्तिको सशक्त स्वरूप यहाँ विधामान देखिनुका साथै अस्तित्व र विसङ्गतिवादी प्रवृत्तिको धर्मराउँदो कमजोर सतहभित्र विजय मल्लको **अनुराधा** उपन्यास रहेको मैनालीले टिप्पणी गरेका छन् ।

मल्लको **अनुराधा** उपन्यासमा विक्षिप्ततावस्थाको अनुराधाबाट व्याख्या विश्लेषण कार्य जुन गराइएको छ त्यो सुपाच्य नभए पनि **अनुराधा** उपन्यासमा विजय मल्लको काव्यात्मक, रागात्मक अनुराग उब्जिएको भएपनि लघु आकारको उपन्यासभित्र धेरै विषयवस्तु कोच्ने काम भएकाले मल्लको **अनुराधा** उपन्यास केही फिक्का प्रतीत भएको मैनालीले औंल्याएका छन् ।

**रमेश शुभेच्छु 'कथाकार विजय मल्लको कथासंग्रह 'परेवा र कैदी', शारदा वर्ष ३, अङ्क १, २०६६, पृ. ३९-४४ ।**

'कथाकार विजय मल्लको कथासङ्ग्रह 'परेवा र कैदी' शीर्षकको लेख रमेश शुभेच्छुले लेखेका हुन् । यो लेख **शारदा** पत्रिकामा प्रकाशित छ । यसमा शुभेच्छुले विजय मल्ल नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन र उनले नाटक र एकाङ्कीमा जस्तै कथा लेखनमा सिद्ध हस्त प्राप्त गरेका मल्लका **एकबाटो अनेक मोड** (२०२६) र **परेवा र कैदी** (२०३४) कथासङ्ग्रह रहेको उल्लेख गरेका छन् । **परेवा र कैदी** एक मानक कथासङ्ग्रह हो यस कथामा सङ्गृहीत १३ वटा कथाहरू मनोविज्ञान र सामाजिक विषयवस्तुमा आधारित यी कथाहरूमा सबै पात्रको अन्तरमनको विश्लेषण गरिएको र काठमाडौं मध्यम वर्गीय जीवनशैलीका नारीहरूको मनोविश्लेषण प्राय, कथाहरूको उद्देश्य रहेका यी कथाहरू प्राय लामा र केही छोटा खालका शीर्षकहरूको चयन, कतै प्रतीकात्मक रूपमा र कतै सोझै र थोरै पात्रका माध्यमबाट समाजमा व्यात्त विकृति विसङ्गति र विकारहरूलाई बाहिरू ल्याउनु कथाकार विजय मल्लको परेवा र कैदी कथासङ्ग्रहको मूल उद्देश्य रहेको शुभेच्छुले टिप्पणी गरेका छन् ।

**कृष्णशाह 'यात्री', 'नाटक रङ्गमञ्चमा विजय मल्ल', शारदा वर्ष ३, अङ्क १, २०६६, पृ. ४५-५३ ।**

कृष्णशाह यात्रीले लेखेको 'नाटक रङ्गमञ्चमा विजय मल्ल', शीर्षक को लेख **शारदा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक यात्रीले आधुनिक नेपाली नाटकको यथार्थवादी धारालाई अझ विस्तार र व्यापकता प्रदान गर्दै यथार्थवादकै अर्को सुक्ष्म वा विस्तृत आयाम मनोविश्लेषणवादलाई अघि सारेर नेपाली नाटक र रङ्गमञ्चमा नयाँ अध्ययन सुरु गर्ने प्रमुख नाटकार हुन भनी टिप्पणी गरेका छन् । नाटककार मल्लले पाश्चात्य मनोविश्लेषणवादी नाट्य धारालाई अङ्गीकार गरेर आफ्नो नाटकमा त्यसको सफल प्रयोग गरेका मल्लले मनोविश्लेषणत्मक र प्रतीकात्मक नाटक रचना गरी पृथक पहिचानमा उभिएका विजय मल्लका नाटकहरूले नेपाली रङ्गमञ्चमा महत्वपूर्ण स्थान ओगटेको र मल्ल आफै नाटकका ज्ञाता भएकोले रङ्गमञ्चसम्बन्धी जानकारी भएकाले उनका नाटकहरू रङ्गमञ्चीय दृष्टिले उत्कृष्ट रहेको यात्रीले उल्लेख गरेका छन् ।

**गीता सापकोटा, 'कवि विजय मल्ल र शहिदप्रति कविता', शारदा वर्ष ३, अङ्क १, २०६६, पृ. ६१-६४ ।**

गीता सापकोटाद्वारा लेखिएको 'कवि विजय मल्ल र शहिदप्रति कविता' शीर्षकको लेख **शारदा** पत्रिकामा प्रकाशित छ । विजय मल्लको अन्य विधाजस्तै कविता विधा पनि एउटा हो र

उनको **विजय मल्लजीका कविताहरू** (२०१६) कवितासङ्ग्रह रहेको र मल्ल आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी प्रगतिवादी धाराको पछिल्लो चरणका कवि रहेको सापकोटाले उल्लेख गरेकी छिन् । मल्लको **शहिदप्रति** कविता **विजय मल्लजीका कविताहरू** सङ्ग्रहमा सङ्कलित लघु आकारको भईकन पनि उत्कृष्ट यस कवितामा कविले शहिदसँग एकालापीय शैलीमा कुराकानी गरेको ढङ्गमा आफ्नो भावना व्यक्त गर्दै नेपाली वीर सपूतले देशका लागि निष्पक्ष र निडरतापूर्वक ज्यानको वलिदान दिने अठोट गरी भावि सन्ततिप्रति जे अपेक्षा र सपना सोचेका थिए, त्यो सपना अनुसार पछिल्ला दिनमा काम नभएको र २००७ सालमा भएको निरङ्कुश राणा शासनको अन्त्य र प्रजातन्त्र प्राप्ति जस्ता घटनामा नेपाली वीरहरूले देखाएको वीरता र महानताको चर्चा **शहिदप्रति** कवितामा व्यक्त भएको सापकोटाले टिप्पणी गरेकी छिन् ।

**देवेन्द्रप्रसाद उप्रेती, 'विजय मल्लको 'बहुला काजीको सपना',शारदा वर्ष ३, अङ्क १, २०६६, पृ. ६५-६९ ।**

'विजय मल्लको बहुला काजीको सपना' शीर्षकको लेख देवेन्द्रप्रसाद उप्रेतीले लेखेका हुन् । यो लेख **शारदा** पत्रिकामा प्रकाशित छ । यसमा लेखक उप्रेतीले मल्लको **बहुला काजीको सपना** नाटकको सक्षिप्त चर्चा गरेका छन् । मल्लको **बहुला काजीको सपना** नाटक २०२८ सालमा प्रकाशन भएको पाँच अङ्कमा विभाजित यस लघु नाटकमा राणाकालीन परिवेशमा अँध्यारो छायाामा बस्न विवश नेपालीलाई शिक्षाको माध्यमबाट चेतना प्रदान गर्ने अठोट गर्दे शैक्षिक, सामाजिक, आर्थिक, राजनैतिक र मानवतावादी विचारलाई उठान गरिएको नाटकको रूपमा उप्रेतीले उल्लेख गरेका छन् । यस नाटकमा एकातिर भक्ते र माने जस्ता विशुद्ध परिश्रममा बाँच्ने पात्रलाई लिइएको छ भने अर्कोतिर चेतना र परिवर्तनको संवाहक बहुला काजी खडा छ भने समाजलाई यथाथस्थितिमा राखी मोजमस्ती गर्न पल्किाएका केही सम्भ्रान्त वर्गको प्रतिनिधित्व गर्ने पात्रलाई लिइएको यस नाटकमा सर्वसाधारण जनता शिक्षाको उज्यालो बिहानीबाट बन्चित हुनु परेको परिस्थितिलाई मध्य नजर गर्दै प्रगतिशील र क्रान्तिकारी विचार यस नाटकमा उद्बोधित भएको उप्रेतीले टिप्पणी गरेका छन् ।

**शिव रेग्मी, 'जिउँदो लासका प्रयोगिक पात्रहरू', शारदा वर्ष ३, अङ्क १, २०६६, पृ. ७०-७३ ।**

'जिउँदो लासका प्रयोगिका पात्रहरू' शीर्षकको लेख शिव रेग्मीले लेखेका हुन् । यो लेख **शारदा** पत्रिकामा प्रकाशित छ । मल्लको **जिउँदो लास** नाटक प्रतीकात्मक तथा प्रयोगात्मक भएकाले यस नाटकका पात्र उर्मिला, प्रतिमा, सुगतदास, कृष्णमान, ललितमान प्रयोगिक पात्र हुन् र यी पात्रहरूको मनस्थितीको चिरफार र मनोविश्लेषण नाटकमा बौद्धिकताको प्रयोग तथा समस्याको वैज्ञानिक समाधान र निराकरण आजको मानिसले भोगेका कुण्ठा, निराशा तथा विकृति आदिका सबल र सफल उदाहरूण **जिउँदो लास**का यी पात्रहरूले गरेका अभिनय र संवाद भएको रेग्मीले टिप्पणी गरेका छन् । **जिउँदो लास**का प्रयोगिक पात्रहरूको माध्यमबाट समाजमा विद्यमान रहेका कुविचार र पक्षका संक्रमक कीटाणुले नेपाली समाजमा परेको प्रभावलाई वैज्ञानिक तथा मनोवैज्ञानिक विश्लेषण गरी समधानकोबाटो पहिल्याउनु यस नाटकका पात्रहरू सफल रहेको रेग्मीले उल्लेख गरेका छन् ।

**विजय मल्लसम्बन्धी स्मृतिग्रन्थ र स्मारिकाको सर्वेक्षण**

विजय मल्लसम्बन्धी विभिन्न अध्ययन हुने क्रममा विजयमल्ल स्मृति समाजले मल्लमै केन्द्रित रहेर **विजय मल्ल स्मृतिग्रन्थ र स्मारिका** प्रकाशित गरेको छ । यस स्मृतिग्रन्थ र स्मारिका जस्ता पत्रिकामा प्रकाशित लेखहरूबारे सर्वेक्षणत्मक र विवरणात्मक टिप्पणी गरिएको छ । उक्त स्मृतिग्रन्थ र स्मारिकामा विभिन्न लेखकहरूले मल्लका विभिन्न पक्षमा केन्द्रित भएर विभिन्न सर्वेक्षणत्मक अध्ययन गरेका छन् । ती स्मृतिग्रन्थ र स्मारिकामा प्रकाशित विभिन्न लेखहरूको सूची र टिप्पणी यहाँ क्रमशः प्रस्तुत गरिएको छ ।

## २.२ मल्लका सम्बन्धमा विजय मल्ल स्मृतिग्रन्थभित्र भएका सर्वेक्षणहरू

**प्रा.डा. वासुदेव त्रिपाठी, विजय मल्लको एकाङ्कीसङ्ग्रह भित्ते घडी', विजय मल्ल स्मृतिग्रन्थ, २०६६**

**विजय मल्ल स्मृतिग्रन्थ** २०६६ मा प्रकाशित 'विजय मल्लको एकाङ्कीसङ्ग्रह' भित्ते घडी' शीर्षकको लेख प्रा.डा. वासुदेव त्रिपाठीद्वारा लेखिएको हो । यस लेखमा त्रिपाठीले विजय मल्लको **भित्ते घडी** (२०४०) एकाङ्कीसङ्ग्रह नौ एकाङ्की वा लघु नाटकहरूको सङ्ग्रह हो र यस सङ्ग्रहले एकाङ्कीकार विजयका प्रवृत्ति र उपलब्धिहरूलाई पर्याप्त मात्रामा आत्मसात् गरेको कुरा उल्लेख गरेका छन् । **भित्ते घडी** एकाङ्कीमा बाह्य विश्वका सामाजिक यथार्थलाई प्रकल्पना, स्वैरकल्पनाका प्रतिछायामा समेट्दै मानवीय समविषम मनोरचना र दृष्टि वैषम्यहरूको उपयोगद्वारा जीवन मृत्युसम्बन्धी आजका मुलभूत मानवीय प्रश्न र चिन्तन प्रतिचिन्तनलाई विसङ्गत उपहासस्पद दोहोरो परिप्रेक्ष्यमा छामिएको कुरालाई त्रिपाठीले टिप्पणी गरेका छन् । यस एकाङ्कीमा परम्परा प्रयोगधर्मिता र रूपान्तरित भएको चर्चा गर्दै यो एकाङ्की यस सङ्ग्रहको केन्द्रीय एकाङ्की बनेको र त्यसले प्रस्तुत सङ्ग्रहको नामकरणको हैसियत प्राप्त गर्न पुगेको त्रिपाठीले व्यक्त गरेका छन् ।

**डा. कुमारबहादुर जोशी, 'विजय मल्लका नाटकमाथि एक दृष्टि', विजय मल्ल स्मृतिग्रन्थ २०६६**

'विजय मल्लका नाटकमाथि एक दृष्टि' शीर्षकको लेख डा. कुमारबहादुर जोशीद्वारा लेखिएको हो । यो लेख **विजय मल्ल स्मृतिग्रन्थमा** प्रकाशित छ । यसमा लेखक जोशीले विजय मल्ल आधुनिक नेपाली साहित्यका एक हस्ती र नेपाली साहित्यमा नवीन युगका प्रर्वतक रहेको उल्लेख गरेका छन् । २००५ सालमा **बहुला काजीको सपना** नाटक लेखेपछि नाट्ययात्रा प्रारम्भ गरेका मल्लको **बहुला काजीको सपना** नाटकमा राजनैतिक स्वरव्यक्त भएको जोशीले उल्लेख गरेका छन् । मल्लको **कोही किन बरबाद होस्, जिउँदो लास**, **पत्थरको कथा**, **दोभान**, **स्मृतिको पर्खालभित्र तथा मानिस र मुकुण्डो, भित्ते घडी, भूलैभूलको यथार्थ** तथा **पहाड चिच्याइरहेछ, सृष्टि रोकिँदैन**, तथा **माधुरी** जस्ता एकाङ्की र पूर्णाङ्की नाटकहरू रहेको जोशीले उल्लेख गरेका छन्। मल्लका यी नाटकहरूमा राजनीतिक, बालमनोवैज्ञानिक, मनोवैज्ञानिक, स्वैरकल्पना, पौराणिक, सामाजिक, यथार्थवादी मनोवैज्ञानिक शैलीको प्रयोग जस्ता प्रवृत्तिहरूको प्रयोग यी नाटक र एकाङ्कीहरूमा पाइएको जोशीले टिप्पणी गरेका छन् ।

**प्रा. गोपीकृष्ण शर्मा, 'विजय मल्ल र उनको नाट्यकारिता', विजय मल्ल स्मृतिग्रन्थ २०६६ ।**

**विजय मल्ल स्मृतिग्रन्थ** २०६६ मा प्रकाशित 'विजय मल्ल र उनको नाट्यकारिता' शीर्षकको लेख प्रा. गोपीकृष्ण शर्माद्वारा लेखिएको हो । सामाजिक यथार्थवादी, मनोवैज्ञानिक शैलीको आत्मसात प्रयोग गरेर नाटक रचना गर्ने नाटककार मल्ल आफ्ना नाट्यकृतिमा सामाजिक, मानसिक र चिन्तनात्मक यी तीनै स्तरवाट जीवनलाई प्रस्तुत गरेको शर्माले उल्लेख गरेका छन् । विजय मल्लका नाट्य कृतिमा आधुनिक युगको जटिलताले उब्जाएको अस्वस्थ मनोजगतको चित्रण गर्नुका साथै सामान्य असामान्य मनोदशाको अङ्कन गर्ने सामाजिक समस्या, जटिलता, विकृति विसङ्गति र मनोद्वन्द्व जस्ता विषयलाई अभिव्यग्जनात्मक शैलीद्वारा नाटकीय रूप दिने नेपाली नाट्यसिर्जनामा कथ्य र शिल्प दुवै कोणबाट नयाँ-नयाँ प्रयोग भित्राउने, आन्तरिक मनोजगत्को चित्रण गर्ने नाटककारको रूपमा शर्माले उल्लेख गरेका छन् । मल्लले आफ्ना नाटकमा बीसौं शताब्दीको वर्तमान युगका मान्छेका जटिलता र मनोग्रन्थिलाई नाट्यकृतिमा रूपायित गर्नु, मनोग्रन्थि र मानसिक दृष्टिले रुग्ण पात्रहरूको चित्रण गर्नु, कथावस्तु झिनो खालको संयोजन गर्नु, प्रतीकात्मक शैलीको प्रयोग गर्नु र व्यञ्जनात्मक भाषाको प्रयोग गर्नु मल्लका नाट्यकारितामा पाइने प्रवृत्ति हुन भनी टिप्पणी गरेका छन् ।

**प्रा. मोहन राज शर्मा, 'विजय मल्लको कोही किन बरबाद होस अभिघात अध्ययन', विजय मल्ल स्मृतिग्रन्थ, २०६६**

**विजय मल्ल स्मृतिगन्थमा** प्रकाशित 'विजय मल्लको 'कोही किन बरबाद होस् अभिघात अध्ययन' शीर्षकको लेख प्रा. मोहनराज शर्माद्वारा लेखिएको हो । यसमा लेखक शर्माले सुन्दरलालले कोही किन बरबाद होस् भन्ने अँगाली ध्रवलाई बरबाद हुनबाट जोगाउन अभिघातको उपचार गर्न खोजेको शर्माले उल्लेख गरेका छन् । **कोही किन बरबाद होस** नाटकमा ध्रव आमाको अभिघातबाट पीडीत भएर बदमास विधार्थीका रूपमा बोर्डिङमा आएको र पछि कमलादेवीको अभिघातका कारण फेरि उत्तिकै मर्माहत भएर त्यहाँबाट असामान्य रूपमा जानु यस नाटकको अन्त्यले ध्रुव अभिघातको आवृतिका कारण पुन: बरबाद अवस्थामानै पुगेको सङ्केत गरेको शर्माले उल्लेख गरेका छन् । **कोही किन बरबाद होस्** नाटकले अधिकांश अभिघात वाल्यावस्थामै पार्ने हुदाँ आमा बाबु वा अभिभावकले आफ्ना सन्तानलाई यस्तो भीषण मानसिक चोटबाट जोगाउनु पर्छ भन्ने सन्देश दिएको यस नाटकले अभिघातका कारण बालकहरू विचलित, असन्तुलित, विखण्डित, असामान्य, त्रस्त, भयभीत, विस्मृतिग्रस्त मात्र नभई मर्न पनि सक्ने हुँदा मानवीय व्यवहारको अभिरचना नै बदलेर विकृत र विसङ्गबाट जोगाउनु पर्छ भन्ने विचार **कोही किन बरबाद होस्** नाटकमा रहेको शर्माले टिप्पणी गरेका छन् ।

**प्रा. डा. दयाराम श्रेष्ठ, 'विजय मल्लको कथाधर्मीताका विभिन्न आयामहरू', विजय मल्ल स्मृतिग्रन्थ, २०६६ ।**

'विजय मल्लको कथाधर्मीताका विभिन्न आयामहरू' शीर्षकको लेख दयाराम श्रेष्ठद्वारा लेखिएको हो । यो लेख **विजय मल्ल स्मृतिग्रन्थमा** प्रकाशित छ । यसमा लेखक श्रेष्ठले विजय मल्ल

आधुनिक नेपाली कथा परम्पराको मनोवैज्ञानिक यथार्थवादी कथाकार रहेको उल्लेख गरेका छन् । कथाकार विजय मल्लले यान्त्रिक सभ्यताको विकासले उत्पन्न गरेको जटिल समस्याको परिणाम आफ्ना कथाहरूमा प्रस्तुत गरेको श्रेष्ठले व्यक्त गरेका छन् । मल्लले आणविक शक्तिको राजनीतिक आलोचना गर्दै यान्त्रिक सभ्यताको विकृति र विध्वंसकारी स्वरूपको भर्त्सना र विज्ञानको क्षेत्रमा भएका नयाँ-नयाँ खोज र परिक्षणबाट उत्पन्न भएको प्राणघात परिणाम आफ्ना कथाहरूको विषयवस्तु बनाएको श्रेष्ठले टिप्पणी गरेका छन् । वर्तमान मानिसको खोक्रोपन र स्वत्वहीनतालाई देखाएर मल्लले जीवनका जटिलता, सङ्कटपूर्ण स्थिति र त्रासद अन्तको कथात्मक नाटकीकरण, यान्त्रिक सभ्यातामा पालिएर दुषित वातावरण सृजना गर्ने स्वार्थी मानिसको युद्धप्रियताको विरोध जस्ता प्रयोगहरू मल्लको कथाधर्मीताका विभिन्न आयामहरू रहेको श्रेष्ठले उल्लेख गरेका छन् ।

**प्रा. राजेन्द्र सुवेदी, 'केही मनोविश्लेषणीय मनोविन्दुहरू अनुराधा उपन्यासिभत्रै', विजय मल्ल स्मृतिगन्थ २०६६ ।**

प्रा. राजेन्द्र सुवेदीद्वारा लेखिएको 'केही मनोविश्लेषणीय मनोविन्दुहरू: अनुराधा उपन्यासभित्रै' शीषर्कको लेख **विजय मल्ल स्मृतिग्रन्थमा** प्रकाशित छ । यसमा लेखक सुवेदीले **अनुराधा** उपन्यासमा रहेका मनोविश्लेषणीय मनोविन्दुहरू उल्लेख गरेका छन् । **अनुराधा** उपन्यासका स्रष्टा विजय मल्लले मनोरचनाका प्रेरक तत्वहरूलाई औजारका रूपमा प्रयोग गर्दै प्रेरणाका औजार बन्न सक्ने प्रेरक उपकरणहरूमा मान्छेमै निहित अहम् र तिनका इद ,इगो र सुपरइगो, विपरीत शोधधर्ना, मनोजगतजन्य प्रतिशोध र दण्डव्यवस्था, मातृरतिप्रणयग्रन्थि र पितृप्रणयग्रन्थि, स्वपीडन र परपीडनका रूपहरूको स्थापना, पराअहम्को उर्ध्वगमन मनोविश्लेषणीय विन्दुहरू हुन भनी सुवेदीले उल्लेख गरेका छन् । **अनुराधा** उपन्यासमा यी मनोक्रियाले पात्रहरूको मानसिक स्थितिलाई केलाएपनि मनोवैज्ञानिक दृष्टिले **अनुराधा** उपन्यास सफल र सुललित बन्न नसकेको सुवेदीले टिप्पणी गरेका छन् ।

**प्रा. डा. माधवप्रसाद पोखरेल, 'विजय मल्लका कवितामा संरचक तत्व र प्राविधिक कौशल', विजय मल्ल स्मृतिग्रन्थ २०६६ ।**

प्रा. डा. माधवप्रसाद पोखरेलद्वारा लेखिएको 'विजय मल्लका कवितामा संरचक तत्व र प्राविधिक कौशल' शीर्षकको लेख **विजय मल्ल स्मृतिग्रन्थमा** सङ्कलित छ । यसमा लेखक पोखरेलले **विजय मल्लजीका कविता**हरू सङग्रहमा बटुलिएका ६१ वटा कवितालाई केलाउँदा उनको कविता लेख्ने छुट्टै प्रविधिको परिचय पाइएको उल्लेख गरेका छन् । मल्लका कवितामा अर्मूत कलामा जस्तो चित्रकारिता र कुनै पनि कुरालाई सोझो अर्थमा नभनी घुमाउरो पाराले प्रतीकहरू प्रयोग गरेर भनिएको र आलङ्कारिक गद्य भाषाको प्रयोग भएको पोखरेलले व्यक्त गरेका छन् । मल्लले समसामयिक यथार्थलाई व्यङ्ग्य गर्न कवि विजय मल्ल पहिले प्रतीकात्मक रूपले रङ्गमञ्चीय साजसज्जा तयार गर्नुका साथै प्रतीकात्मक रूपमै त्यहाँ घटना र पात्रहरू प्रस्तुत हुन्छन् र व्यङ्ग्यका लागि मानविय पात्र मानवेतर पनि हुन सक्ने र मानवेतर पात्रको मानवीकरण पनि हुन सक्ने मल्लका कवितामा पाइएको पोखरलेले उल्लेख गरेका छन् ।

**प्रा.डा. गोविन्दराज भट्टराई, 'एउटा कविता बोकेर विजय मल्ललाई सम्झिदा', विजय मल्ल स्मृतिग्रन्थ, २०६६ ।**

'एउटा कविता बोकेर विजय मल्ललाई सम्झिदा' शीर्षकको लेख प्रा. डा. गोविन्दराज भट्टराईद्वारा लेखिएको हो । यो लेख **विजय मल्ल स्मृतिग्रन्थमा** प्रकाशित छ । यसमा लेखक भट्टराईले विजय मल्लको व्यक्तित्वलाई नाटकले थिचेको र उनको कवित्व ओझेलमा परेको उल्लेख गरेका छन् । भट्टराईले मल्लका अन्य कवितातिर प्रवेश नगरी एउटै कविता **छोरीलाई मानचित्र पढाउँदा** मा केन्द्रित भई नेपाली कवितालाई अङ्ग्रेजीमा अनुवाद गर्दा सिद्धान्तले के भन्छ र व्यवहारमा के कस्तो प्रक्रिया अपनाइन्छ त्यो कुराको चर्चा भट्टराईले उल्लेख गरेका छन् । नेपाली कवितालाई अङग्रेजीमा अनुवाद गर्दा धेरै समस्या आई पर्ने र विजय मल्ललाई सम्झने क्रममा मल्लको **छोरीलाई मानचित्र पढाउँदा** कवितालाई लिएर विजय मल्लप्रति प्रेम र श्रद्धा भाव प्रकट गरेको भट्टराईले व्यक्त गरेका छन् ।

**प्रा. कृष्ण गौतम, 'भूतसमीक्षा, वैकल्पिक मञ्च र विजय मल्ल', विजय मल्ल स्मृतिग्रन्थ २०६६ ।**

प्रा. कृष्ण गौतमद्वारा लेखिएको 'भूतसमीक्षा, वैकल्पिक मञ्च र विजय मल्ल' शीर्षकको लेख **विजय मल्ल स्मृतिग्रन्थमा** सङ्कलित छ । यसमा लेखक गौतमले भूतसमीक्षाको सहयोग लिएर विजय मल्ल (१९८२-२०५६) साहित्यको अध्ययन उत्पादक हुन सक्ने कुरा उल्लेख गरेका छन् । भूतले अभूतको सर्वसत्तावादमाथि प्रश्न राख्दै अदृश्य सत्ताको अस्तित्व खोज्न घच्घच्याउने र विश्वकै कथा, आख्यान एवम् अभिव्यक्तिहरूमा भूतले ठाँउ पाएको र भूत छाया रूपमा हुने र उसको मानवीय शरीर नहुने तर त्यो मान्छेकै जस्तो छायालु आकार लिएर मान्छेका समक्ष देखा पर्ने कुरा गौतमले चर्चा गरेका छन् । मल्लको कङ्काल एकाङ्कीमा भूतको प्रयोग गरिएको र भूत समीक्षाको उपयोगकोबाटो पहिल्याउन प्रयत्न गरिएको गौतमले उल्लेख गरेका छन् । मूलधारीय मञ्चबाट हट्नु वैकल्पिक मञ्चको झलक दिनु वैकल्पिक मञ्च हो । कंङ्काल एकाङ्कीमा अद्यतन कुरा खोज्न नमिले पनि प्रेतको प्रमुखता हुन, रानजीतिक वा विचारधारात्मक सन्देश हुनु, गीतको स्वरलाई स्थान मिल्नु, नारी प्रेतले प्रमुखता पाउनुमा ईषत् विकल्पको आभास जन्मनु र नारीवादी मञ्चका निम्ति उपयुक्त हुनाले पनि कंङ्काल मूलधारबाट विचलित रहेको उल्लेख गर्दै विजय मल्लको नाट्य रचनामा वैकल्पिक मञ्च अर्न्तनिहित रहेको गौतमले औल्याएका छन् ।

**प्रा. डा. व्रतराज आचार्य, 'विजय मल्लको उत्तरयथार्थवादी नाट्ययात्रा', विजय मल्ल स्मृतिग्रन्थ २०६६ ।**

'विजय मल्लको उत्तरयथार्थवादी नाटययात्रा' शीर्षकको लेख **विजय मल्ल स्मृतिग्रन्थमा** प्रकाशित छ । यो लेख प्रा. डा. व्रतराज आचार्यद्वारा लेखिएको हो । विजय मल्लले उत्तरयथार्थवादी चरणमा पनि यथार्थवादी प्रवृत्तिका नाटक लेखि नै रहने मनोवैज्ञानिक नाटककार हुन् भनी उल्लेख गरेका छन् । आफ्नो नाट्यप्रवृत्तिलाई स्पष्टयाउँदै मैले यथार्थवादी मनोवैज्ञानिक नाटकको स्वरूपलाई परिवर्तन गर्न कोशिश गरेको र सामाजिक तत्वहरू विना नाटक सम्भव नभएपनि बाध्य यथार्थता मात्र यथार्थ नभएको र आन्तरिक यथार्थलाई अभिव्यक्त गर्ने विभिन्न उपायहरू प्रयोग गरेको आचार्यले उल्लेख गरेका छन् । यथार्थवादको अतिक्रमण भनेको परम्परागत

तत्वहरूको अतिक्रमण हो र यसका निम्ति नाटकमा समय र स्थान परिवर्तन गरेर देखाउन सकिने दर्शकहरूलाई नाटकको कथ्यमा आत्मविलयनको मौका नदिई रङ्गमञ्चमा नै घटित भएको छ त्यो हाम्रो जीवनको अभिन्न अङ्ग हो भन्ने चेतना जागृत गराउन सकिने र यसका निम्ति विजय मल्लले आफ्ना नाटकहरूमा प्रतीक र स्वैरकल्पना, विपना र सपना, मिथकीय सर्न्दभ, विसङ्गति र यथार्थ, नामहीनपात्र प्रयोग जस्ता अनेकौ प्रवृत्तिहरू प्रयोग गरेका र मूलकथ्यमा आर्दशको जालो विछ्याउने परम्पराबाट मूक्त हुन नसक्ने र नाट्य शिल्पमा पनि यथार्थको घेरालाई भत्काउन नसकेको हुनाले विजय मल्लको नाट्ययात्रा यथार्थवादको घेराबाट प्रारम्भ भएको र यो यात्रा सुस्त गतिमा बाह्य यथार्थको अतिक्रमणतर्फ अघि बढिरहेको मल्लको नाट्ययात्रालाई यथार्थ र अयथार्थको दोसाँधमा अघि बढेको नाट्ययात्रा भन्नु उपयुक्त देखिएको आचार्यले गरेका छन् ।

**डा. खगेन्द्रप्रसाद लुइँटेल, 'विजय मल्लको एकाङ्की शिल्प', विजय मल्ल स्मृतिग्रन्थ, २०६६ ।**

डा. खगेन्द्रप्रसाद लुइँटेलद्वारा लेखिएको 'विजय मल्लको एकाङ्की शिल्प' शीर्षकको लेख **विजय मल्ल स्मृतिगन्थमा** प्रकाशित छ । यसमा लेखक लुइँटेलले प्रयोगशील एकाङ्कीकार विजय मल्लले मनोविश्लेषण लगायत विविध विषयबस्तुको बैद्धिक र प्रभावकारी प्रस्तुति, मान्छेका विवशता, बाध्यता, कुण्ठा, यौनावेग र अर्धचेतनको कलात्मक चित्रण, विसङ्गतिका बीचबाट मानवीय अस्वित्वको खोजी, वैज्ञानिक उन्नतिबाट उत्पन्न जटिलता, अन्धपरम्परा विसङ्गतिवादी, अस्तित्ववादी तथा सामाजिक यथार्थवादी दृष्टिकोण, अन्धपरम्परा प्रति विद्रोह, हीनताबोधले ग्रसित मानविय मनस्थितिको विश्लेषण, मुखपात्रको प्रयोग सामान्य र असामान्य मनोदशाको चित्रण, प्रतीकात्मक, स्वैरकल्पनात्मकता, व्यङ्ग्यात्मकता, बस्तु र शिल्पगत नवीनता, विशिष्ट प्रयोगधार्मिता, भाषा एवम् संवादगत सरलता र स्पष्टता सहजता, द्वन्द्वत्मकता, मञ्चनीयता आदि एकाङ्कीकार विजय मल्लका एकाङ्की शिल्पगत प्रवृत्ति उल्लेख गर्दै बस्तु, सहभागी, परिवेश आदि विविध सर्न्दभमा विशेष खाले प्रयोग गर्ने मल्ल नेपाली एकाङ्की परम्परामा अग्रणी प्रयोगशील एकाङकीकार हुन र विजय मल्ल परिमाण, प्रयोग र चिन्तनका साथै एकाङ्कीकार शिल्पगत दृष्टिबाट समेत नेपाली एकाङ्की इतिहासमा मल्लको योगदान विशिष्ट र उल्लेखनीय रहेको लुइँटेलले टिप्पणी गरेका छन् ।

**तुलसीमान श्रेष्ठ, 'सामाजिक यथार्थवादी दृष्टिले बहुला काजीको सपना नाटक', विजय मल्ल स्मृतिग्रन्थ, २०६६ ।**

'सामाजिक यथार्थवादी दृष्टिले बहुला काजीको सपना नाटक' शीर्षकको लेख तुलसीमान श्रेष्ठद्वारा लेखिएको हो । यो लेख **विजय मल्ल स्मृतिग्रन्थमा** प्रकाशित छ । यसमा लेखक श्रेष्ठले विजय मल्ल नेपाली साहित्यका बहुमुखी प्रतिभा भएका र कविता, कथा, उपन्यास र नाटक विधामा कलम चलाएका मल्ल सामाजिक यथार्थवादी नाटककार भएको उल्लेख गरेका छन् । मल्लको **बहुला काजीको सपना** पाँच अङ्कमा विभाजित लघु नाटक हो र यस नाटकले सामाजिक विकृति विसङ्गति र विडम्बनाप्रति तीब्र व्यङ्ग्य गरेको श्रेष्ठले टिप्पणी गरेका छन् । मल्लका नाटकहरूमा मानवतावादी स्वर पाइनुका साथै दीन दुःखी र गरिबहरू रोग, भोक र अशिक्षाबाट ग्रसित भएको देखाउँदै त्यसमा सुधार हुनपर्ने तथ्यलाई अघि सार्ने मानवतावादी स्वर प्रकट

गरिएको यो नाटक पात्रहरूमा आर्दश र यथार्थको द्वन्द्व र सङ्घर्षले नाटक सफल बन्न पुगेको श्रेष्ठले व्यक्त गरेका छन् । सामाजिक कथाबस्तु, यथार्थ पात्रहरू, छोटा छरिता संवाद, सरल सहज भाषाशैली, सहरूीया जीवनको यथार्थ परिवेशले गर्दा वहुला काजीको सपना' नाटक सर्वधिक चर्चित बनेको र यदी नाटकबाट मल्ल आधुनिक नेपाली नाट्य विधामा सर्वाधिक चर्चित बनेको श्रेष्ठले औंल्याएका छन् ।

**अविनाश श्रेष्ठ, 'प्रयोगात्मकता र पत्थरको कथा एकाङ्की', विजय मल्ल स्मृतिग्रन्थ, २०६६ ।**

अविनाश श्रेष्ठद्वारा लेखिएको 'प्रयोगात्मकता र पत्थरको कथा एकाङ्की' शीर्षकको लेख **विजय मल्ल स्मृतिग्रन्थमा** सङ्कलित रहेको छ । प्रयोगधर्मी विजय मल्लको **पत्थरको कथा** एउटा प्रयोगात्मक एकाङ्की हो र यस रचनालाई स्वैरकल्पनाको फ्रेममा जोडेर लेखकले प्रस्तुत गरेको श्रेष्ठले टिप्पणी गरेका छन् । **पत्थरको कथा** एकाङ्कीमा असामान्य प्रभाव छोडन सफल भएको र यस एकाङ्कीको आरम्भ पत्थरको मूर्तिहरू मानिसमा फेरिनु र अन्त्यमा मानिसहरू फेरि पत्थर बन्नु नै स्वैरकल्पनाको प्रयोग भएको यस एकाङ्कीको कथानकमा भएको प्रयोगात्मक हो भनी श्रेष्ठले उल्लेख गरेका छन् । यस एकाङ्कीको अर्को महत्वपूर्ण प्रयोग भनेको चरित्रचित्रणमा भएको र यस एकाङ्कीमा आउने पात्रहरू आत्मस्वीकृतिमूलक संवादद्वारा ती पात्र-पात्राहरू स्वैकल्पनाको फ्रेमभित्र जीवित बनी फर्केकाले उनीहरू धक फुकाएर, नीडरतापूर्वक आफूले गरेका जघन्य भन्दा जघन्य हत्याकाण्ड र अपराधलाई सर्कान सङ्कोच नमान्ने किनभने मृत्युको संसारमा जीवितहरूमा जस्तो कानूनी सजाय नहुने र जीवन जति प्रिय भएपनि मानिसले पुनः मृत्युको पत्थरमा समाहित हुर्ने पर्ने कटु यथार्थबाट कोही पनि उम्कन नसक्ने वास्तविकतालाई अन्त्यमा मान्छेहरू पत्थरमा फेरिएको लेखकले दर्शाएको कुरा श्रेष्ठले उल्लेख गरेका छन् ।

**लीला लुइँटेल, 'सांस्कृतिक दृष्टिबाट कुमारी शोभा उपन्यासको विश्लेषण', विजय मल्ल स्मृतिग्रन्थ २०६६ ।**

'सांस्कृतिक दृष्टिबाट कुमारी शोभा उपन्यासको विश्लेषण' शीर्षकको लेख लीला लुइँटेलद्वारा लेखिएको हो । यो लेख **विजय मल्ल स्मृतिग्रन्थमा** रहेको छ । मनोविश्लेषणत्मक उपन्यासहरू सिर्जना गरेर नेपाली उपन्यासको इतिहासमा श्रीवृद्धिमा विशिष्ट योगदान पुऱ्याएका विजय मल्लको **कुमारी शोभा** सांस्कृतिक विषवस्तुलाई आधार बनाई रचिएको उपन्यास हो  यस उपन्यासले जीवतदेवी मानिने द्यौमैजु अर्थात कुमारीको मनोग्रन्थि केलाउदै उसकै केन्द्रीयतामा नेवारी सस्कृतिको विस्तृत सेरोफेरो ओगटेको कुरा लुइँटेलले उल्लेख गरेकी छिन् । मनोविश्लेषणलाई साध्य बनाउने क्रममा बस्तुको आवश्यकता र प्रसङ्ग अनुसार साधनका रूपमा संस्कृतिको प्रस्तुतिभएको यो उपन्यास मनोविज्ञान र संस्कृतिको उत्कृष्ट सङ्गम बन्न पुगेको लुइँटेलले उल्लेख गरेकी छिन् । **कुमारी शोभा** उपन्यास सांस्कृतिक प्रयोगका दृष्टिबाट अत्यन्त सहज, स्वभाविक, सशक्त एवम् सबल भएर देखा परेको लुइँटेलले उल्लेख गरकी छिन् । मनोविश्लेषण नै मूल उद्देश्य भएपनि **कुमारी शोभा** उपन्यासमा चाहि विशेष सावधानीका साथ स्वाभाविकतामा आँच आउन नदिई नैतिक मूल्यहरूलाई स्थापना गरिएको र सांस्कृतिक परिप्रेक्ष्यमा शसक्त उपन्यासको रूपमा देखा परेको लुइँटेलले उल्लेख गरेकी छिन् ।

**मोमिला, 'विजय मल्लका कविताको विचारको अनुशीलन', विजय मल्ल स्मृतिग्रन्थ, २०६६ ।**

मोमिलाद्वारा लेखिएको 'विजय मल्लका कवितामा विचारको अनुशीलन' शीर्षकको लेख **विजय मल्ल स्मृतिग्रन्थमा** प्रकाशित छ । गद्य कवि विजय मल्लका कवितामा विचारको अनुशीलन रहेको मोमिलाले टिप्पणी गरेकी छिन् । यथार्थमै विचार समस्या समाधान तथा लक्ष्य प्राप्ति सँग सम्बद्ध चिन्तन हो र ज्ञानको अभावमा सही समधानमूखी विचारको जन्म कठिन हुन सक्ने मोमिलाले व्यक्त गरेकी छिन् । मल्लका कवितामा विचार कतै भावको नजिक जस्तो लागेपनि विचार र भाव दुवै मानसिक प्रक्रिया भएपनि विचार भाव भन्दा भिन्न प्रक्रिया रहेको र उनका कवितामा भाव भन्दा विचार प्रबल रहेको मोमिलाले व्यक्त गरेकी छिन् ।

**डा. दुर्गाबहादुर घर्ती, 'जिउँदो लास नाटकमा जीवनदर्शन', विजय मल्ल स्मृतिग्रन्थ, २०६६ ।**

'जिउँदो लास नाटकमा जीवन दर्शन' शीर्षकको लेख डा. दुर्गाबहादुर घर्तीद्वारा लेखिएको हो । यो लेख **विजय मल्ल स्मृतिग्रन्थमा** प्रकाशित छ । यसमालेखक घर्तीले मल्लका नाटक भावनात्मक भन्दा बढी बौद्धिक, वैचारिक र चिन्तनपरक रहेको उल्लेख गरेका छन् । मनोवैज्ञानिक नाटककार विजय मल्लको **जिउदो लास** नाटकमा जीवन जगत्लाई सामाजिक, मनोवैज्ञानिक र वैचारिक आधारमा निरीक्षण गरिएको र उद्घाटित गर्दै ती सर्न्दभमा विचारको प्रक्षेपण गरिएको र सबै प्रकारका समस्याको मूल कारण परम्परागत मान्यता, अन्धविश्वास एवम् वैचारिक जडता रहेको घर्तीले टिप्पणी गरेका छन् । घर्तीले यहाँ टोलको चोकमा जमेको फोहोर मात्र होइन सामाजिक, मानसिक, एवम् वैचारिक तहमा जमेका प्रदुषणको पनि निकाश हुन आवश्यक रहेको उल्लेख गरेका छन् । जीवनलाई सम्पूर्णतामा बुझ्न सुल्टो, उल्टो अर्थात नैतिक अनैतिक, मर्यादिन अमर्यादित सबै पक्षबाट बुझ्न आवश्यक रहेको चर्चा गर्दै परम्परा अत्यन्त बलियो भएकाले त्यसका सामु एक्लो प्रयासको केही नलाग्र्ने र स्वतन्त्रता र परिवर्तनको लागि व्यक्ति स्वयम् सचेत र सक्रिय हुनु जस्ता **जिउँदो लास** नाटकमा प्रस्तुत जीवन दर्शन हुन भनी घर्तीले औल्याएका छन् ।

**इश्वरमान रञ्जितकार, 'विजय मल्लका कृतिहरू : केही भाषामा', विजय मल्ल स्मृतिग्रन्थ, २०६६ ।**

इश्वरमान रञ्जितकारद्वारा लेखिएको 'विजय मल्लका कृतिहरू केही भाषामा' शीर्षकको लेख **विजय मल्ल र स्मृतिग्रन्थमा** प्रकाशित छ । यहाँ लेखक रञ्जितकारले विजय मल्लका अंग्रेजी, रुसी, जापानी, हिन्दी र स्लोवाक भाषमा केही कृतिहरू रहेको उल्लेख गरेका छन् । मल्लका अंग्रेजीमा सर्वप्रथम अनूदित दुइवटा कविता र रुसी भाषामा कवि विजय मल्लको **छोरीलाई मानचित्र पढाउँदा** शीर्षकको कविता ल्यूदमिला आगानिनाको अनुवावमा इ.सं १९६० मा पहिलोपल्ट सोभ्रेभेन्नी झलोक नामक रुसी पत्रिकामा प्रकाशित भयो भने हिन्दी भाषामा कविताहरूमा बेटीको मानचित्र भेजेल हुए मेरो हंस रहेको रञ्जितकारले बताएका छन् । जापानी भाषामा पनि मल्लको उपन्यास **कुमारी शोभा** को कामीनो ओतेमे कुमारी शीर्षकमा भिजुको लेरादाबाट अनुदित ग्रन्थ ई. सं. १९९४ मा जापानबाट प्रकाशित भएको र स्लोवाक भाषामा पनि मल्लको दुई वटा कथा **कालो चश्मा** र **परेवा र कैदी** अनुवाद भएको रञ्जितकारले टिप्पणी गरेका छन् ।

**कृष्णशाह यात्री, 'विजय मल्लको नाट्यकारितामा रङ्गमञ्चीय दृष्टि', विजय मल्ल स्मृतिग्रन्थ, २०६६ ।**

कृष्णशाह यात्रीद्वारा लेखिएको 'विजय मल्लको नाट्यकारितामा रङ्गमञ्चीय दृष्टि' शीर्षकको लेख **विजय मल्ल स्मृतिग्रन्थमा** प्रकाशित छ । यसमा लेखक यात्रीले मल्ल आफै नाटकका ज्ञाता भएकोले रङ्गमञ्चीय दृष्टिले उत्कृष्ट रहेको उल्लेख गरेका छन् । मल्लले मञ्चनकै प्रयोजनबाट अधिकांश नाट्यलेखन गरेका र मञ्जनकै निम्ति नाटक लेख्ने हुनाले पर्याप्त रङ्चेतना भएको यात्रीले चर्चा गरेका छन् । विजय मल्लको नाट्यकारिता रङ्गमञ्चीय दृष्टिलाई हेर्दा उनको मनोवैज्ञानिक यथार्थ नाटकमा चित्रण एकल संवादद्वारा सम्पूर्ण नाटकलाई डोऱ्याउन सक्ने प्रवृत्ति नाटकमा अनौठो पात्रहरूको प्रयोग, पुरुष पात्रहरू मात्र र नारी पात्रहरूमात्र भएका नाटकको रचना, मृत्यु भईसकेका पात्रहरूको क्रिया-प्रतिक्रिया, स्वैरकल्पनाको प्रयोग, मञ्चनका निम्ति अनुकुल रङ्गमञ्चमा बलियो प्रभाव, नाटकमा रङ्गमञ्चका निम्ति नवीन प्रयोग रहेको यात्रीले टिप्पणी गरेका छन् । नाटककार विजय मल्ल नेपाली नाटक र रङ्गमञ्चका परम्पराधर्मी र प्रयोगधर्मी नाट्यकारिताको बीच सेतु तयार गर्ने युगसन्धिका विशिष्ट नाट्य प्रतिभा हुन् भनी यात्रीले उल्लेख गरेका छन् ।

**डा. ज्ञानू पाण्डे, 'विजय मल्लको अनुराधालाई अर्को कोणबाट हेर्दा', विजय मल्ल स्मृतिग्रन्थ २०६६ ।**

डा. ज्ञानू पाण्डेद्वारा लेखिएको 'विजय मल्लको अनुराधालाई अर्को कोणबाट हेर्दा शीर्षकको लेख **विजय मल्ल स्मृतिग्रन्थमा** प्रकाशित छ । यसमा लेखक पाण्डेले विजय मल्ल (१९८२-२०५६) नेपाली साहित्यका आधुनिक चरणका एक अति विशिष्ट प्रतिभा भएको उल्लेख गरेकी छिन् । आधुनिक नेपाली उपन्यासमा विजय मल्ल मनोवैज्ञानिक यथार्थवादी युगका एक युगपर्वतक उपन्यासकार रहेको उल्लेख गर्दै **अनुराधा** (२०१८) उपन्यासमा नारी आर्दशको पर्खाल नाघ्न नसकी नाममात्रको जीवन बाँचिरहेका समाजका आमनारी भन्दा नितान्त पृथक चरित्रकी नारी अनुराधालाई अगाडि सारेर आफ्नो क्रान्तिकारी सामाजिक दर्शनलाई सशक्त वाणी दिएको पाण्डेले टिप्पणी गरेकी छिन् । नारीले परम्पराप्रति हारेर होइन त्यससित जुँधेर आफ्नो अस्तित्वलाई प्राप्त गर्ने प्रयास गर्नुपर्छ विद्रोह नै अस्तित्व प्राप्तिको शक्तिशाली हतियार हो भन्दै नारी विद्रोहको शक्तिलाई मनन गर्दै त्यही शक्तिको प्रर्दशन गरी जीवनमा आफ्नो अस्तित्वलाई प्रामणिकता दिने प्रयास गर्नु पर्छ भन्ने सन्देश सम्प्रेषित भएको पाइनुले **अनुराधा** उपन्यासको सामाजिक पक्ष शक्तिशाली छ भन्ने तथ्य पुष्टि भएको कुरा पाण्डेले उल्लेख गरेकी छिन् । नारीलाई आफ्नो अस्तित्वको स्वतन्त्रता उत्तिकै प्रिय लाग्र्ने र समाजमा नारीहरू पनि स्वअस्तित्वप्रति सचेत बन्दै गएका र आफ्नो अस्तित्वको स्वतन्त्रताको रक्षार्थ उनीहरू पनि जीवनमा साहसपूर्वक विद्रोहमा उत्रन सक्छन् भन्ने युगको आवाजलाई **अनुराधा** उपन्यासमा प्रस्तुत गरिएको कुरा पाण्डेले औंल्याएकी छिन् ।

### २.२.१ मल्लका सम्बन्धमा विजय मल्ल स्मृतिग्रन्थभित्र भएका विजय मल्लको परिचय र राजनैतिक संम्मरणहरू

चैतन्य प्रधान, 'विजय मल्लको जीवनी र व्यक्तित्व', **विजय मल्ल स्मृत्ग्रिन्थ**, २०६६ ।

गोविन्दबहादुर मल्ल गोठाले, 'चर्को दिमागमा भाइ विजय', **विजय मल्ल स्मृतिग्रन्थ**, २०६६ ।

उमेशबहादुर मल्ल, 'विजय बा' मेरो संम्मरण तथा अनुभूति', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

समरबहादुर मल्ल, 'श्री विजय दाई', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

रमेश मल्ल, 'गर्व लाग्छ मलाई एउटा अमर स्रष्टाको छोरो हुन पाए', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

नालिनी मास्के, सफल साहित्यकार र कुशल अभिभावक विजय बा', **विजय मल्ल स्मृतिग्रन्थ** २०६६ ।

रीता राजभण्डारी, 'विजय मल्लको छोरी हुन पाएकोमा गर्व', **विजय मल्ल स्मृतिग्रन्थ**, २०६६ ।

नीना मल्ल ख्याउँजु, 'हाम्रो आधार स्तम्भ विजय बा', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

डा. उमा श्रेष्ठ, 'मेरो बुबा विजय मल्लको सम्झानामा, **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

शोमा कांसाकार, 'सबैका आँखाका नानीः विजय बा', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

सिर्जना बटाजु, 'अमेरिकाको बसाइ', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

अर्चना श्रेष्ठ, 'बुबासित हाँस्दाको क्षण', **विजय मल्ल स्मृतिग्रन्थ**, २०६६ ।

वन्दना श्रेष्ठ, 'बुबाको सम्झनामा', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

अस्मिताबाटाजु, 'मेरो हजुरबुबाः बा (विजय मल्ल), **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

कृष्णप्रसाद भट्टराई, 'चम्किला तारा', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

श्रीभद्र शर्मा, 'मेरो स्मृतिमा विजय मल्ल', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

पी.एल. सिंह, 'विजयबहादुर मल्लको राजनीतिक दुरदर्शिता', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

पुरुषोत्तम बस्नेत, 'विजय मल्ल दाइका बारेमा अहिले यत्ति', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

जयदेव भट्टराई, 'मृत्यु अखिर पत्याउनै पर्दोरहेछ', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

### २.२.२ मल्लका सम्बन्धमा विजय मल्ल स्मृतिग्रन्थभित्र भएका मित्रजनहरूको संस्मरण

श्यामदास श्रेष्ठ, 'बिर्सन नहुने व्यक्तित्व श्री विजय मल्ल', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

कमलमणि दीक्षित, 'पाठक हुँ', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

चितरञ्जन नेपाली, 'सशक्त साहित्यकार विजय मल्ल', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

डा. तीर्थबहादुर श्रेष्ठ, 'साहित्यिक तथा प्रसासनिक फाँटमा विजय मल्ल', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

रत्नशमशेर थापा, 'चमत्कारी साहित्यकार विजय मल्ल' **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

शिव रेग्मी, 'विजय मल्लको पहिलो कथा', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

रमेश विकल, 'ऊ व्यथा पिएर पनि हाँस्न सक्थ्यो', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

रोचक घिमिरे, 'स्मृति बिम्बका विजय मल्ल,. **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
घनश्याम कँडेल, 'विजय दाईलाई सम्झँदा', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
परशु प्रधान, 'अर्को विजय मल्ल जन्मन्', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
डा. तुलसीप्रसाद भट्टराई, 'विजय मल्लः सानो शब्दचित्र', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
नरेन्द्रराज प्रसाई, 'सहृदयी स्रष्टा', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
सरुभक्त, 'विजय दाई कुन विजयको यात्रा जानु भयो ?', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
शैलेन्द्र साकार, 'विजय दाईलाई सम्झेर', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
भागीरथी श्रेष्ठ, 'मेरो अर्न्तमनको दृष्टिमा विजय मल्ल', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
मञ्जुल, 'प्यारो विजय दाई', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
पद्मावती सिंह, 'सम्झनाका वरिपरि विजय दाई', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
रामशरण दर्नाल, 'सबैका दाइ विजय मल्ल', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
मोदनाथ प्रश्रित, 'सम्झनाका पानामा विजय मल्ल', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
मोहन दुवाल, 'युगका सचेत प्रतिनिधि साहित्यकार विजय मल्ल', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
विजय चालिसे, 'पछिल्लो पुस्तलाई माया गर्ने विजय दाई', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
डा. ध्रुवचन्द्र गौतम, 'विजय दाई केही नलेखिएका पक्ष', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
रमेश गोरर्वाली, 'जनमानममा उत्कृष्ट राष्ट्रिय व्यक्तित्व महान स्रष्टा विजय मल्ल', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
विष्णुविभु घिमिरे, 'विजय दाईलाई सम्झिदा', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
डा. रामदयाल राकेश, 'रसिला मिजासका साहित्यकार विजय मल्ल', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
प्रा. डा. चूडामणि बन्धु, 'विजय दाइसँगका ती दिनहरू', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
माधवलाल कर्माचार्य, 'सम्झनामा विजय मल्ल', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
गेहेन्द्रमान अमात्य, 'प्रतिभा सम्पन्न साहित्यकार विजय मल्ललाई सम्झँदा', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
प्रकाश ए राज, 'विजय मल्लबारे केही सम्झना', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

### २.२.३ मल्लका सम्बन्धमा विजय मल्ल स्मतिग्रन्थभित्र भएका नेपाली भाषा, रङ्गमञ्च, चलचित्र र अर्न्तवार्ता ।

नारायणदेवी श्रेष्ठ, 'निगू शब्द श्रद्धा - सुमन श्रद्धाञ्जली', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
भगवदास श्रेष्ठ, 'महान नाट्ककार अले कवि विजय मल्लजूया विश्वव्यापीज्ञान व उकिं थः त लाकूगु प्रभाव', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
डा. चुन्दा बज्राचार्य, 'विजय मल्लयामिखाय् नेवाः सस्कृति दुने मिसा स्वतन्त्रता', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
प्रा. नर्मदेश्वर प्रधान, 'विजय दाइ साहित्यिक सिद्ध पुरष ख', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

रमेशकाजी स्थापित, 'मसिउ, उकुन्हु विजय सरयात जूगु दुखः', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
मदनकृष्ण श्रेष्ठ, 'एक सफल नाटककार विजय मल्ल', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
हरिवंश आचार्य, 'मेरा प्रेरणाका स्रोत विजय मल्ल', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
दिप श्रेष्ठ, 'विजय मल्ललाई सम्झिँदा', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
नारायण देवी प्रधान, 'मेरो सम्झनामा विजय दाई', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
शकुन्तला शर्मा, 'कलाका पारखी विजय मल्ल' **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
कुमार विष्ट, 'सबैका दाई विजय दाई', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
केशचन्द्र श्रेष्ठ, 'विजय मल्लको सम्झनामा', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
शैलेन्द्र सिंखडा, 'विजय मल्ल, नाटक, शैलेन्द्र ५५५, **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
रेखाथापा गुरुङ, 'मल्लको नाटकमा अभिनय गर्दा', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
नीरशाह, विजय दाई ...... अमूर्त शिल्पी', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
विजयरत्न तुलाधर, 'चलचित्र आकाशमा विजय मल्ल', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
अविनाश श्रेष्ठ (प्रस्तोता) 'आत्मालोचना गर्ने लेखकको समलोचनाले केही विगार्दैन', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।
घनश्याम कँडेल (प्रस्तुतकर्ता) विजय मल्लसँग भेटवार्ता', **विजय मल्ल स्मृतिग्रन्थ,** २०६६ ।

## २.३ मल्लका सम्बन्धमा स्मारिकाभित्र भएका सर्वेक्षणहरू

**मंजु काँचुली, 'बालमनोविश्लेषणत्मक नाटक 'कोही किन बरबाद' होस्', स्मारिका, २०६६ ।**

मञ्जु काँचुलीद्वारा लेखिएको 'बालमनोविश्लेषणत्मक नाटक कोही किन बरबाद होस्' शीर्षकको लेख स्मारिकामा प्रकाशित छ । विजय मल्लद्वारा लेखिएको को**ही किन बरबाद होस** नाटक बालमनोज्ञिानमा आधारित नाटक रहेको काँचुलीले उल्लेख गरेकी छिन् । **कोही बरबाद होस्** नाटकमा मुख्य मात्र ध्रुव नाम गरेको आसामान्य चरित्र भएको बालक यस नाटकको केन्द्रविन्दुको रूपमा रहेको काँचुलीले उल्लेख गरेकी छिन् । आमाको मायाममता नमाएको बालक उद्धण्ड, रुखो, क्रुर, अभिष्ट र चकचके हुन्छ भन्ने मनोवैज्ञानिक आधार ध्रुवमा चरितार्थ भएको र यस समस्याको समधान उसलाई प्रशस्त माया दिएर मनोवैज्ञानिक उपचार प्रदान गरेको कुरा काँचुलीले उल्लेख गरेकी छिन् । ध्रुवलाई विधालबाट ननिकालेर मायाको मनोवैज्ञानिक उपचार दिलाएर उसलाई बरबाद हुनबाट जोगाइएको र ध्रुवले ठीक समयमानै मनोवैज्ञानिक उपचार पाएर सामान्य बालकको जीवन बिताउन सफल भएको कुरा काँचुलीले उल्लेख गरेकी छिन् ।

**सुस्मीता नेपाल, 'बहुला काजीको सपनामा विजय मल्ल', स्मारिका २०६६ ।**

**बहुला काजीको सपना** शीर्षकको लेख सुस्मीता नेपालद्वारा लेखिएको हो । यो लेख **स्मारिका** पत्रिकामा प्रकाशित छ । यसमा लेखक नेपालले विजय मल्लको **बहुला काजीको सपना** २००४ सालमा लेखिए पनि २०२८ सालमा प्रकाशित भएको यो नाटक पाँच अङ्कमा विभाजित

यस लघु नाटकमा राणाकालीन परिवेशमा अध्यारो छायामा बस्न विवश नेपालीलाई शिक्षाको माध्यमबाट चेतनाप्रदान गर्ने अठोट गर्दै शैक्षिक, सामाजिक, आर्थिक, राजनैतिक र मानवतावादी विचारलाई उठान गरिएको उल्लेख गरेकी छिन् । यस नाटकमा मल्लले हाम्रो समाजमा भएका कुरीतिको चर्चा गर्दै गरिबका छोराछोरीले पनि मानिस जस्तै बाँच्न पाउनु पर्छ भन्ने कुरा स्पष्ट रूपमा यस नाटकमा उल्लेख गरेको नेपालले टिप्पणी गरेकी छिन् । मल्लले यस नाटकमा शाहवशीय परम्परालाई तोडेरै राणाहरूले लादेको मौखिक कानून र जनताले पाएको सास्तीबाट देखा परेका परिणतिलाई नेपालले व्यक्त गर्दै यस नाटकमा सर्वसाधरण जनता शिक्षाको उज्यालो विहानीबाट वञ्चित हुनुपरेको परिस्थितिलाई मध्यनजर गर्दै प्रगतिशील र क्रान्तिकारी विचार यहाँ उद्बेघित भएको नेपालले टिप्पणी गरेकी छिन् ।

**चैतन्य प्रधान, 'जिउँदो लासको अध्ययन', स्मारिका, २०६६ ।**

चैतन्य प्रधानद्वारा लेखिएको 'जिउँदो लास'को अध्ययन' शीर्षकको लेख **स्मारिका** पत्रिकामा प्रकाशित छ । यसमा लेखक प्रधानले नाटककार विजय मल्लको आफ्नो नाट्यकृति **जिउँदो लास**मा मूलतः नारी समस्यालाई प्रस्तुत गरेको कुरा उल्लेख गरेका छन् । **जिउँदो लास** नाटकमा यौन सर्न्दभलाई असामान्य मनोविज्ञान तथा तत्कालीन मध्यम वर्गीय बुद्धिजीबिहरूको विसङ्गतिमूलक जीवन दर्शनको अभिव्यञ्जनलाई व्यक्त गरिएको प्रधानले उल्लेख गरेका छन् । यस नाटकको कथा बस्तुमा मुख्यत व्यक्ति चरित्रका साथै असामान्य वस्तुविन्यास पनि गाँसिएको, यसको बस्तु सङ्गठनलाई हेर्दा तीन अङ्कमा विभाजित गरिएको, संवादयोजना, स्वभाविकता, सरलता गतिमयता, कोमलता, भावात्मकता र तरलता पाइएको, कवितात्मक भाषाको प्रयोग भन्दा यथार्थ र सोभ्रो गद्य शैलीको संयोजन गरिएको, देश, काल, वातावरण, काठमाडौं उपत्यकाको सहरूभित्रको समाज रहेको, आन्तरिक र बाह्य दुवै प्रकारको द्वन्द्व भएको यस नाटकको दुखान्तका कारक **जिउँदो लास** भित्र पात्रको मनोविश्लेषण हुनुका साथै पात्रको मानसिक पींडाले नाटकको दुखान्त हुन पुगेको प्रधानले उल्लेख गरेका छन् ।

**तुलसीमान श्रेष्ठ, 'फ्रायडेली मनोविश्लेषणत्मक सिद्धान्तका आधारमा अनुराधा उपन्यास', स्मारिका २०६६ ।**

'फ्रायडेली मनोविश्लेषणत्मक सिद्धान्तका आधारमा अनुराधा उपन्यास', शीर्षकको लेख तुलसीमान श्रेष्ठद्वारा लेखिएको हो । यो लेख **स्मारिका** भित्र प्रकाशित छ । **अनुराधा** उपन्यास विजय मल्लको मनोविश्लेषणत्मक सफल उपन्यास रहेको र यस उपन्यासका पात्रहरूका मनोदशाको विश्लेषण फ्रायडेली मनोविश्लेषण सिद्धान्त अनुसार गरिएको श्रेष्ठले उल्लेख गरेका छन् । **अनुराधा** उपन्यासमा फ्रायडले प्रतिपादन गरेका मनोविश्लेषण सम्बन्धी सिद्धान्तहरूलाई पात्रका क्रियाकलापमा रूपान्तरण गरिएको यस उपन्यासकी अनुराधालाई मनोविश्लेषण सिद्धान्तको प्रतिनिधि पात्रका रूपमा स्थापित गरेका र उसका मनस्थितिलाई केलाउँदा अनुराधामा देखिने प्रवृत्तिहरू जटिलताहरू फ्रायडले प्रतिपादन गरेका पितृरतिग्रन्थि, मातृरतिग्रन्थि, आत्मपीडनग्रन्थि, परपीडनग्रन्थि, मरणवृति वा घृणावृत्ति र अहम् नै प्रमुख तत्व रहेको र यही मनोविकार अथवा मनोवग्रन्थिहरूको गुजुल्टयाइले अनुराधाको जीवनलाई निर्देशित गरेको कुरा श्रेष्ठले टिपण्णी गरेका

छन् । **अनुराधा** उपन्यासका सबै पात्रहरू विकृत, विनिष्ट र कसैको पनि भलो नभएको यस उपन्यासका सबै पात्रहरूमा मनोविकार रहेको र मनोविकृति र कुण्ठाका कारण पात्रहरूमा मनोद्वन्द्व सिर्जना भएकाले यस उपन्यासका सबै पात्रहरू मनोरोगी रहेका र फ्रायडले मनोरोगीको उपचार गर्न तयार गरेका मनोविश्लेषण सिद्धान्तका आधारमा पात्रको वैयक्तिक चरित्रचित्रण गरी लेखिएको **अनराधा** उपन्यास एक सफल र सबल मनोवैज्ञानिक उपन्यास रहेको श्रेष्ठले उल्लेख गरेका छन् ।

**डा. दुर्गाबहादुर घर्ती, 'मनोविश्लेषणत्मक दृष्टिमा श्रीमती शारदा उपन्यास', स्मारिका, २०६६ ।**

डा. दुर्गाबहादुर घर्तीद्वारा लेखिएको 'मनोविश्लेषणत्मक दृष्टिमा श्रीमती शारदा उपन्यास' शीर्षकको लेख **स्मारिका** पत्रिकामा प्रकाशित छ । यसमा लेखक घर्तीले विजय मल्ल (१९८२-२०५६) नेपाली साहित्यका वहुमुखी प्रतिभा भएका मल्लका उपन्यासहरूको रचना मूलत फ्रायडीय मनोविश्लेषणत्मक सिद्धान्तको धरातलमा रहेको उल्लेख गरेका छन् । नारी पात्रका आधारमा नामकरण गरी लेखिएका मल्लका तीनवटा उपन्यास मध्ये **श्रीमती शारदा** (२०५६) उपन्यासमा प्रदीप्तमान शोषक र सामन्तहरू विरुद्ध सक्रिय रहेको र परम्परागत मक्खिई सकेका धारणा र मान्यतालाई अन्त्य गर्दै स्वस्थ र सुन्दर समाजको परिकल्पना यस उपन्यासमा चित्रण गरिएको घर्तीले उल्लेख गरेका छन् । **श्रीमती शारदा** उपन्यास पात्रका मनोवृत्तिको चित्रणमा केन्द्रित रहेको यो उपन्यास मनोविश्लेषणत्मक नेपाली उपन्यासको परम्परामा पनि एउटा कडीका रूपमा देखापरेको र प्रस्तुत उपन्यासका पात्रहरूको मनोदशालाई कार्यकारण सम्बन्धका आधारमा विश्लेषण गर्दै त्यसको समधान पनि खोजिएको घर्तीले उल्लेख गरेका छन् । पात्रहरू परिस्थिति अनुरूप सामान्यबाट असामान्य र असामान्यबाट सामान्यमा परिवर्तित भएकाले **श्रीमती शारदा** उपन्यास मनोविश्लेषणत्मक दृष्टिले एक उत्कृष्ट उपन्यास रहेको घर्तीले टिप्पणी गरेका छन् ।

**ठाकुरप्रसाद पोखरेल, 'मेरो सृजन प्रक्रिया र मेरो अनुभूतिभित्र विजय मल्ल', स्मारिका २०६६ ।**

'मेरो सृजन प्रक्रिया र मेरो अनुभूतिभित्र विजय मल्ल' शीर्षकको लेख ठाकुर प्रसाद पोखरलेद्वारा लेखिएको हो । यो लेख **स्मारिकामा** प्रकाशित छ । यसमा लेखक पोखरेलले विजय मल्ल एक प्रख्यात नाटक, कथा, कविता, उपन्यास र निबन्ध विधामा कलम चलाउने एक साहित्यकार भएको र यसका अतिरिक्त उनका निबन्धात्मक लेखहरू पनि फुटकर रूपमा छरिएर रहेको उल्लेख गरेका छन् । विजय मल्लको सृजन पक्रिया हीनताबोध पालेर निरीह बन्नु भन्दा सक्रियतालाई अलम्बन गरी साहित्य सिर्जनामा क्रियाशील देखाउनु जीवनको सार्थकता रहेको र मनका कुण्ठा र 'ग्रन्थिहरू साहित्यका माध्यमबाट केलाएर हेर्ने आफ्नो अभिष्ट रहेको कुरा पोखरेलले उल्लेख गरेका छन् । अनुभव र भावनाको आरोह अवरोहलाई पात्रका मध्यमबाट विश्लेषण गरी यथार्थ रूपमा उभ्याउनु मल्लको सृजन प्रक्रिया हो भनी पोखरलेले उल्लेख गरेका छन् । मानव अन्तरमनमा निहित रहस्य खोतल्न मल्ल कविता सिर्जनामा लागेको भावना एंव अनुभूति व्यक्त गर्न उनले कल्पनाको साहारा लिएको पोखरेले उल्लेख गरेका छन् । मानिस सबै कुरा आफ्नै ठान्छन् तर उसको यात्रा टुङ्गिए पछि को हुन्छ भन्ने कुरा उ सोच्दैन्, मानिसको जीवन लामो बनाउने प्रयत्न गर्दछ, पूर्णताको लोभमा उ डुब्दछ र लोभ लाग्नु अज्ञानताले ठाक्नु हो, उ

भित्र अज्ञानताको पछि दुगुर्नुमा नै उद्देश्य रहेको ठान्ने मानवपूर्ण प्राप्तिको लालसामा डोरिन्छ भन्ने मल्लको विचार प्रस्तुत भएको पोखरेलले उल्लेख गरेका छन् ।

### २.३.१ मल्लका सम्बन्धमा स्मारिकाभित्र भएका कविता र मित्रजन संस्करणहरू

कुमारधर शर्मा 'ज्ञानी', 'को हुन विजय मल्ल', **स्मारिका**, २०६६ ।

नरेन्द्रराज पौड्याल, 'मेरो स्मृतिमा विजय मल्ल', **स्मारिका**, २०६६ ।

राजेन्द्र शलभ, 'विजय दाई अर्थात् विजयबहादुर मल्ल', **स्मारिका**, २०६६ ।

सूर्यबहादुर पिवा, 'विजय दाई', **स्मारिका**, २०६६ ।

गायत्री विष्ट, 'गर्भको साहित्य', **स्मारिका**, २०६६ ।

तुलासी दास राजभण्डारी, 'विजय दाईलाई सम्भँदा', **स्मारिका**, २०६६ ।

चन्द्रा नेपाली, 'मेरो आँखामा विजय दाई', **स्मारिका**, २०६६ ।

विष्णु भट्ट, 'अति मिलनसार साहित्यकार विजय मल्ल', **स्मारिका**, २०६६ ।

शशिकला मानन्धर, 'पूर्णाङ्की नाटक लेखनमा प्रेरक व्यक्तित्व', **स्मारिका**, २०६६ । ।

## तेस्रो परिच्छेद

# विजय मल्लसम्बन्धी पुस्तकाकार र पुस्तकभित्र सङ्कलित लेखहरूको सर्वेक्षण

विभिन्न पुस्तकाकार कृतिहरूमा विजय मल्लसम्बन्धी विभिन्न लेखक समालोचकहरूबाट विभिन्न अध्ययनहरू हुँदै आइरहेको पाइन्छ । यस्ता अध्ययन परम्पराहरूमा मल्लमै केन्द्रित पुस्तकहरू प्रकाशित भएका छन् भने अन्य विभिन्न विषयका पुस्तकहरूमा पनि मल्लको विविध पक्षलाई लिएर अध्ययन भएको पाइन्छ । यस परिच्छेदमा मल्लका सम्बन्धमा अध्ययन गरिएका पुस्तकाकार र पुस्तक भित्र सङ्कलित लेखहरूको अध्ययन गरिएको सर्वेक्षणत्मक निष्कर्ष कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | शीर्षक | लेखक | पुस्तक | मिति | **प्रकाशक** | पृष्ठ |
|---|---|---|---|---|---|---|
| १. | 'विजय मल्ल उपन्यासकारका रूपमा' | वासुदेव त्रिपाठी | **विचरण** | २०२८ | भानु प्रकाशन | ११३-१२३ |
| २. | 'विजय मल्ल नाटककारका रूपमा' | वासुदेव त्रिपाठी | **विचरण** | २०२८ | भानु प्रकाशन | १५९-१७२ |
| ३ | 'अनुराधा विश्लेषण परिल्याएर' | प्रधान कुमार (सम्पा) | **वार्ताहरू** | २०२८ | दार्जलिङ्ग नेपाली साहित्य परिषद | ९-२३ |
| ४ | 'अनुराधा' | राजनरायण प्रधान | **केही कृति केही स्मृति** | २०३० | दार्जलिङ्ग नेपाली साहित्य परिषद | १७७-१८७ |
| ५ | 'अनुराधा मनोविश्लेषणत्मक' | इन्द्रबहादुर श्रेष्ठ | **नेपाली उपन्यासका आधारहरू** | २०३१ | नेपाली साहित्य परिषद् दार्जलिङ्ग | १७६-१९४ |
| ६ | 'विजय मल्लको कालो चश्मा कथामा अर्थसंश्लेषण पद्धति' | डा. दयाराम श्रेष्ठ | **नेपाली साहित्यका केही पृष्ठ** | २०३२ | साझा प्रकाशन ललितपुर | १७१-१७५ |
| ७ | 'नाटककार विजयबहादुर मल्ल' | रत्नध्वज जोशी | **आधुनिक नेपाली साहित्यको झलक** | २०३४ | साझा प्रकाशन ललितपुर | १९२ |
| ८ | 'कथाकार विजयबहादुर मल्ल' | रत्नध्वज जोशी | **आधुनिक नेपाली साहित्यको झलक** | २०३७ | साझा प्रकाशन ललितपुर | १३७ |
| ९ | 'उपन्यासकार विजय मल्ल' | कृष्णचन्द्र सिंह प्रधान | **नेपाली उपन्यास उपन्यासकार** | २०३७ | साझा प्रकाशन ललितपुर | ३०५-३१८ |
| १० | 'विजय मल्लसँग भेतवार्ता' | उत्तम कुवँर | **स्रष्टा र साहित्य** | २०३७ | साझा प्रकाशन ललितपुर | ३०५-३१५ |
| ११ | 'मनोवैज्ञानिक धरातलमा कोही किन बरबाद होस्' | नरेन्द्र चापागाई | **केही कृति : केही प्रतिकृति** | २०३८ | साझा प्रकाशन ललितपुर | ३४-३९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | 'विखण्डित स्वः एक अनुसन्धान मनोविश्लेषण' | मुरारीप्रसाद रेग्मी | **मनोवैज्ञानिक अनुसन्धानात्मक समालोचना** | २०३८ | ने.रा.प्र.प्र. काठमाडौं | ७१-७५ |
| १३ | 'एकबाटो अनेक मोड' | मुरारीप्रसाद रेग्मी | **मनोवैज्ञानिक अनुसन्धानत्मक समालोचना** | २०३८ | ने.रा.प्र.प्र. काठमाडौं | ७६-८० |
| १४ | 'कुमारी शोभाः एक विश्लेषण' | मुरारीप्रसाद रेग्मी | **मनोविश्लेषणत्मक समालोचना** | २०४० | साझा प्रकाशन ललितपुर | २८७-२९२ |
| १५ | 'अवचेतन अनुराधा एकः अध्ययन' | मुरारीप्रसाद रेग्मी | **मनोविश्लेषणत्मक समालोचना** | २०४० | साझा प्रकाशन ललितपुर | ३१-३७ |
| १६ | 'विजयबहादुर मल्ल' | घटराज भट्टराई | **प्रतिभैप्रतिभा र नेपाली साहित्य** | २०४० | नेशनल रिसर्ज एशोसियट्न | ५३४-५४४ |
| १७ | 'अनुराधाको मूलभूत प्रवृत्ति र यसको वैशिष्ट्य' | घनश्याम कँडेल | **केही अन्वेषण केही विश्लेषण** | २०४० | भिमसेन थापा काठमाडौ | १४४-१४५ |
| १८ | 'पाटन-विजय मल्ल' | भैरव अर्याल ( सम्पा) | **साझा कथा** | २०४३ | साझा प्रकाशन | १४१-१४९ |
| १९ | 'नाटककार विजय मल्ल र कोही किन बरबाद होस्' | गोपीकृष्ण शर्मा | **अवलोकन र विवेचन** | २०४४ | रत्न पुस्तक भण्डार, काठमाडौं | ६८-७० |
| २० | 'जिउँदो लास नाटक विभिन्न पक्षीय अध्ययन' | गोपीकृष्ण शर्मा | **अवलोकन र विवेचन** | २०४४ | रत्न पुस्तक भण्डार, काठमाडौं | ७१-८१ |
| २१ | 'केही चिन्तन कोही किन बरबाद होस्' | शिवप्रसाद सत्याल 'पीठ' | **समालोचनाहरू** | २०४५ | ने.रा.प्र.प्र. काठमाडौं | १६६-१७२ |
| २२ | 'जिउँदो लासको खोज' | शिवप्रसाद सत्याल 'पिठ' | **समालोचनाहरू** | २०४५ | ने.रा.प्र.प्र. काठमाडौं | १६०-१६५ |
| २३ | 'पत्थरको कथा विद्रुपात्मक त्रासदी' | मोहनराज शर्मा | **शैली विज्ञान** | २०४५ | ने.रा.प्र.प्र. काठमाडौं | २१६-२४४ |
| २४ | 'विजय मल्लको जिउँदो लास एक मूल्याङ्कन' | डा. लक्ष्मीप्रसाद पराजुली | **दृष्टिपात** | २०५० | श्री गीता पराजुली | १५-१९ |
| २५ | 'सत्ताको खोजमा विजय मल्ल' | (सम्पा) चुडामणि 'बन्धु' | **साझा एकाङ्की** | २०५२ | साझा प्रकाशन | १०५-११५ |
| २६ | 'भोलि के हुन्छ ? मा विजय मल्ल' | जयप्रसाद ढकाल | **साहित्य र संस्कृति** | २०५२ | श्रीमती जय ढकाल 'चुनु' | ९४-१०० |
| २७ | 'मल्लको नाटकको एक चर्चा' | जयप्रसाद ढकाल | **साहित्य संस्कृति** | २०५२ | श्रमिती जया ढकाल | १२३ |
| २८ | 'उपन्यासकार विजय मल्ल' | राजेन्द्र सुवेदी | **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** | २०५३ | भूमिका प्रकाशन, भारत | १८४-१९४ |
| २९ | 'विजय मल्लका तीनवटा एकाङ्कीको समीक्षण' | घनश्याम न्यौपाने | **साहित्य सन्दर्भ** | २०५५ | नारायणी बुक्स एण्ड स्टेशनर्स, विता, विरगंज | ८१-८६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३० | 'एकाङ्कीकार विजय मल्ल' | केशवप्रसाद उपाध्याय | **नाटकको अध्ययन** | २०५६ | साझा प्रकाशन, ललितपुर | २१५-२२३ |
| ३१ | 'आधुनिक नेपाली नाटक' | (सम्पा) कृष्णचन्द सिंह प्रधान | **साझा समालोचना** | २०५८ | साझा प्रकाशन, काठमाडौं | ५०९ |
| ३२ | 'नाटककार विजय मल्ल' | केशवप्रसाद उपाध्याय | **नेपाली नाटक तथा रङ्गमञ्च उदभव र विकास** | २०५९ | विद्यार्थी पुस्तक, भोटाहिटी, काठमाडौं भण्डार | १८९-१९५ |
| ३३ | 'विजय मल्ल र बहुला काजीको सपना' | दक्षराज शर्मा | **जीवनको आलोकमा केही स्रष्टा समीक्षण** | २०६१ | श्रीमती शकुन्तला भट्टराइ, काठमाडौं | ७७-८२ |
| ३४ | 'अन्तिम भोज कथाको विश्लेषण' | कृष्णहरि बराल | **बस्तुपरक समालोचना** | २०६१ | स्टुडेन्ट बुक्स पब्लिसर्स एण्ड डिस्टिव्युटर्स, कीर्तिपुर, काठमाडौं | ८१-८६ |
| ३५ | 'नाटककार विजय मल्ल र जिउँदो लास' | रामचन्द्र पोखरेल | **नेपाली नाटक सिद्धान्त समीक्षा** | २०६२ | विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं | ३३४ |
| ३६ | | डा. रमा शिवाकोटी | **उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता** | २०६२ | भृकुटी एकेडेमी पब्लिकेशन्स्, प्रर्दशनी मार्ग, काठमाडौं | |
| ३७ | | चैतन्य प्रधान | **विजय मल्लको नाट्यकारितामा भूतप्रेतको प्रयोग** | २०६२ | रिनुप्रधान | |

**वासुदेव त्रिपाठी, विचरण, काठमाडौंः भानु प्रकाशन, २०२८, पृ. ११३-१२३ ।**

वासुदेव त्रिपाठीले **विचरण** शीर्षकको समालोचनात्मक पुस्तक लेखेका छन् । यहाँ त्रिपाठीले विजय मल्ललाई उपन्यासकारका रूपमा चर्चा गरेका छन् । विजय मल्लको प्रतिभा साहित्यका विभिन्न विधामा मुखरित भएको र मल्लले हात हालेका सबै विधामा उनको उल्लेखनिय स्थान रहेको त्रिपाठीले उल्लेख गरेका छन् । २०१८ सालमा **अनुराधा** उपन्यास लेखेपछि उपन्यास क्षेत्रमा प्रवेश गरेका मल्लको उपन्यासकारिता साहित्यका अन्य विधामा साधना गर्दा गर्दै साहित्यिकताका दृष्टिले पर्याप्त पौढ बनिसकेको त्रिपाठीले उल्लेख गरको छन् । मल्ललाई उपन्यासकारका रूपमा हेर्दा निकै नै नयाँ प्रतीत हुन्छ, मूलतः मनोविश्लेषण चिन्तन र शिल्पको औपन्यासिक प्रयोगले नै उनलाई नवीनता दिएको त्रिपाठीले चर्चा गरेका छन् । मल्ल उपन्यासको क्षेत्रमा सामाजिक, मानसिक, बौद्धिक सचेतता, उच्चवर्गीय  जीवनलाई विषयबस्तु बनाएका मल्ल मानसिक वृत्तिका विश्लेषक उपन्यासकार भएको त्रिपाठीले टिप्पणी गरेका छन् ।

**वासुदेव त्रिपाठी, विचरण, काठमाडौं : भानु प्रकाशन, २०२८, पृ. १५९-१७२ ।**

**विचरण** शीर्षकको समालोचनात्मक पुस्तक वासुदेव त्रिपाठीले लेखेका छन् । यसमा लेखक त्रिपाठीले मल्ललाई सामाजिक यथार्थवाद, मनोवैज्ञानिकता र प्रतीकवाद नाटककारका रूपमा उल्लेख गरेका छन् । मल्ल नेपाली साहित्यका बहुमुखी साधक हुन् र उनले आफ्नो साहित्य यात्रा कविताबाट प्रारम्भ गरेपनि नाटक-एकाङ्कीमा आफ्नो वर्चस्व कायम राख्न सफल नाटककारका रूपमा त्रिपाठीले टिप्पणी गरेका छन् । मल्लले पहिलो नाटक **कोही किन बरबाद होस्** (२०१३) लेखिसकेपछि **जिउँदो लास** (२०१७) र **भोलि के हन्छ ?** (२०२२) जस्ता नाटकमा समाजको यथार्थ चित्रण प्रस्तुत गर्दै पात्रहरूको घात प्रतिघात अर्न्तद्वन्द्व र मानसिक सङ्घर्षलाई सजीव रूपमा उर्तानु मल्लको नाटकीय विशेषता रहेको चर्चा गर्दै मल्ललाई त्रामदीय चेतना र त्रासदीय कला भएका नाटकारका रूपमा त्रिपाठीले टिप्पणी गरेका छन् ।

**(सम्पा) प्रधान कुमार, वार्ताहरू, दार्जलिङ : नेपाली साहित्य परिषद, २०२८, पृ. ९-२६ ।**

प्रधान कुमारद्वारा सम्पादित **वार्ताहरू** शीर्षकको पुस्तक समीक्षात्मक पुस्तक हो । यसमा सम्पादक कुमारले विजय मल्लको **अनुराधा** (२०१८) उपन्यासको संक्षिप्त चर्चा गरेका छन् । मनोवैज्ञानिक नाटककार विजय मल्लको **अनुराधा** उपन्यासमा अनुराधाका नारी अहम् अस्मिताको मनोवैज्ञानिक चरित्र नायिका हो र नायिका प्रधानले नै यस उपन्यासको नाम **अनुराधा** सार्थक रूपमा रहन गएको कुमारले उल्लेख गरेका छन् । **अनुराधा** उपन्यासमा अनुराधाको त्याग, समर्पण, महत्व अनि पुरुषको स्वार्थ, अहंकार र लिप्साका परम्परागत कथ्यलाई तोड्न पुगेको यस उपन्यासले अनुराधा भित्र फ्रायडीय आधारको प्रचुरतामा अनि मनोवैज्ञानिक प्रवृत्तिको सशक्त स्वरूप विद्यमान रहेको नारी स्वाभिमानको कुरा उठाएर त्यसलाई असफल पारेको कुमारले टिप्पणी गरेका छन् । मनोविश्लेषण नै अनुराधाको यथार्थता रहेको **अनुराधा** उपन्यासले मनोरचनाका अत्तिरिक्त अस्तित्ववादको स्वरूप पनि अँगालेको सुरुमै अनुराधामा यो बिम्ब प्रकट हुन पुगेको प्रधानले उल्लेख गरेका छन् ।

**राजनारायण प्रधान, केही कृति केही स्मृति, दार्जलिङ : नेपाली साहित्य परिषद, २०३०, पृ. १७७-१८७ ।**

**केही कृति केही स्मृति** शीर्षकको समालोचनात्मक पुस्तक राजनारायण प्रधानद्वारा लेखिएको हो र यस पुस्तकमा लेखक प्रधानले विजय मल्लको **अनुराधा** उपन्यास मनोवैज्ञानिक धरातलमा लेखिएको फ्रायडीय मनोविश्लेषणको प्रयोग भएको एकमात्र उपन्यास रहेको उल्लेख गरेका छन् । **अनुराधा** उपन्यासलाई हामी मनोवैज्ञानिक उपन्यास भनिएको र त्यसको रचना पद्धति र बस्तु विन्यास सर्वथा नवीन रहेको प्रधानले टिप्पणी गरेका छन् । मनोवैज्ञानिक उपन्यासहरूको प्राय जीवन चरित्रात्मक रहेको र **अनुराधा** उपन्यासमा पनि अनुराधाको सूक्ष्म चित्रण गरिएको यस उपन्यासमा अनुराधा र कोमलमानका मानसिक ग्रन्थिलाई मनोवैज्ञानिक ढङ्गले केलाइएको प्रधानले टिप्पणी गरेका छन् ।

**इन्द्रबहादुर राई, नेपाली उपन्यासमा आधारहरू, दार्जलिङः नेपाली साहित्य परिषद, २०३१, पृ. १७६-१९४ ।**

इन्द्रबहादुर राईले **नेपाली उपन्यासका आधारहरू** शीर्षकको समालोचनात्मक पुस्तक लेखेका छन् । यसमा लेखक इन्द्रबहादुर राईले विजय मल्लको **अनुराधा** (२११८) उपन्यास मनोविश्लेषणत्मक भएको टिप्पणी गरेका छन् । मनोविश्लेषण नै अनुराधाको यथार्थता रहेको यस उपन्यासले सामाजिक विग्रह र पूननिर्माणको बेला समाजसँग मान्छेको सामाजस्य गरी स्थापित गरिदिने उपन्यासकार एउटा साधन मनोवैज्ञानिक विश्लेषक भएको राईले समीक्षा गरेका छन् । मल्लले फ्रायड युङ्ग र विलियम जेम्सबाट सामाग्री लिएर लेखेको **अनुराधा** उपन्यास एउटै उपन्यास सबथोक हुन खोजेको र मूलकाममा अलमल परेको सिङ्गो सम्पूर्णता नभएको राईले उल्लेख गरेका छन् । ऐतिहासिक दृष्टिले आनुवंशिकता फैलाएर **अनुराधा** मनोवैज्ञानिक उपन्यास होला तर कलकृतिको जीवितमा कविता नै रहेको र जुन कविता उनको चेतनाको मृत्यु गराउनेहरूमा एउटा हो भनी राईले टिप्पणी गरेका छन् ।

**दयाराम श्रेष्ठ, नेपाली साहित्यका केही पृष्ठ, ललितपुरः साझा प्रकाशन, २०३२, पृ. १७१- १७५ ।**

**नेपाली साहित्यका केही पृष्ठ** नामक शीर्षकको समालोचनात्मक पुस्तक दयाराम श्रेष्ठद्वारा लेखिएको हो । यसमा लेखक श्रेष्ठले **कालो चश्मा** कथाको मनोवैज्ञानिक तथा सामाजिक सर्न्दभलाई लिएर समालोचकहरू बीच विवाद भएको र **कालो चश्मा** कथामा कथाकार विजय मल्लले दिन खोजेको अर्थ एक पद्धतिका रूपमा देखा परेको जो आफै विश्लेष्ति नभएर संश्लेष्ति भएको श्रेष्ठले टिप्पणी गरेका छन् । मल्लको **कालो चश्मा** कथा अभिधात्मक अर्थ प्रतीतीमा विश्लेषण र अन्योक्तिमूलक अर्थ प्रतीतीमा चाहिँ संश्लेषण भएको ठहरू श्रेष्ठको रहेको छ ।

**रत्नध्वज जोशी, आधुनिक नेपाली साहित्यको झलक, ललितपुरः साझा प्रकाशन, २०३४, पृ. ९२ ।**

**आधुनकि नेपाली साहित्यको झलक** शीर्षकको समालोचनात्मक पुस्तक रत्नध्वज जोशीले लेखेका हुन् । यसका लेखक जोशीले विजय मल्ललाई कुशल नाटकारका रूपमा उल्लेख गर्दै मल्लको **कोही किन बरबाद होस्** (२०१३) नाटक शिक्षा मनोविज्ञान, अपराध मनोविज्ञान र प्रतीकवादी साहित्यकारको अध्ययनको साथै वस्तुस्थितिलाई नाटकको रूपमा प्रस्तुत गर्ने प्रतिभाको मूर्त रूप रहेको टि्प्पणी गरेका छन् । त्यस्तै मल्लको **जिउदो लास** नाटक पनि कसैको मनमा विचारको रूपमा कुनै आवश्यक कल्पनाको उदय हुँदैमा त्यही अनुसार काम पनि भइ हाल्छ भन्न सकिन्न भन्ने सन्देश दिएको यो नाटकले अनेक किसिमका प्रतीकहरूको नाटकीय विधानको रूपमा पेश गर्दछ भन्दै मल्ल साामाजिक यथार्थवादी, मनोवैज्ञानिक नाटककार भएको जोशीले समीक्षा गरेका छन् ।

**रत्नध्वज जोशी, आधुनिक नेपाली साहित्यको झलक, ललितपुरः साझा प्रकाशन, २०३४, पृ. १३९ ।**

रत्नध्वज जोशीद्वाराले **आधुनिक नेपाली साहित्यको झलक** शीर्षकको समालोचनात्मक पुस्तक लेखेका छन् । यसमा लेखक जोशीले विजय मल्ल अन्य विधामा जस्तै कथा विधामा पनि

उच्च स्थान ओगट्न सफल भएका विजय मल्ललाई कथा जगत्मा लोकप्रिय गराउने कृति **पाटन र यो किंवदन्ती हो** रहेको जोशीले टिप्पणी गरेका छन् । मल्लका **एकबाटो अनेक मोड** (२०२६) र **परेवा र कैदी** (२०३४) जस्ता दुई वटा कथासङ्ग्रह प्रकाशित भएका छन्  र यी सङग्रहमा मनोविज्ञान यौन मनोविज्ञान, ऐतिहासिक, पौराणिक क्षेत्रका अनेक मिथकहरूको प्रयोग गर्ने विजय मल्ल समाज मनोविज्ञानको अध्ययन गर्ने कथाकार रहेको जोशीले टिप्पणी गरेका छन् ।

**कृष्णचन्द्रसिंह प्रधान, नेपाली उपन्यास र उपन्यासकार, ललितपुरः साझा प्रकाशन, २०३७, पृ. ३०५-३१५ ।**

कृष्णचन्द्रसिंह प्रधानले **नेपाली उपन्यास र उपन्यासकार** नामक समालोचनात्मक पुस्तक लेखेका छन् । यसमा लेखक प्रधानले विजय मल्लको **अनुराधा** (२०१७), **कुमारी शोभा** (२०३९) उपन्यासको समान्य चर्चा गरेका छन् । विजय मल्लको **अनुराधा** उपन्यासमा अनुराधाको अहम् सबैको आधार भएर विश्लेष्ति भएको चर्चा गर्दै **कुमारी शोभा** उपन्यास देशको सांस्कृतिक आर्दश संरचनागत पृष्ठभूमि तथा परम्परागत धारणालाई एक रूपमा उपस्थित गरेर कुनै पनि नबाँधिने मन र आकांक्षाहरूको विचित्र यथार्थता तिनैबाट आधारित भई उत्पन्न भएको शोभाको भय, शङ्का उसको सम्पूर्ण विकृतिको कारण स्वरूप विश्लेषण गर्ने लक्ष्य उपन्यासकारको रहेको प्रधानले टिप्पणी गरेका छन् । विजय मल्ललाई उपन्यासको क्षेत्रमा समष्टिका हेर्दा चरित्र, जीवन, दर्शन, भाषा, शैली, उक्तिमा सन्तुष्टि नै देखिए पनि खण्ड विशेषतामा टुक्राएर प्रत्येक विजय मल्लका उपन्यासलाई हेर्दा भाषा प्रति उदासीन, स्वच्छ प्रयोग र परिमार्जनप्रति अनाकृष्ट, भनाईमा उल्लेखनिय मार्मिकता नभएको प्रधानले उल्लेख गरेका छन् । विजय मल्लको औपन्यासिक वैशिष्ट्य भनेको चमत्कृति हो र यिनले आफ्नो उपन्यासका द्वन्द्व, सघर्ष, व्यक्तित्वको विध्वसंक विद्रोही रूप प्रतिष्ठाले कौतुहल, नवीनता, रोचकता र असामान्यता जस्ता प्रवृत्ति विजय मल्लको उपन्यासमा रहेको प्रधानले टिप्पणी गरेका छन् ।

**उत्तर कुवँर, स्रष्टा र साहित्य, ललितपुरः साझा प्रकाशन, २०३६ पृ. ३२३-३२४ ।**

**स्रष्टा र साहित्य** शर्षिकको पुस्तक उत्तम कुवँरले लेखेका हुन् । यसमा लेखक कुवँरले विजय मल्ल नेपाली साहित्य जगतमा नाटककार, उपन्यासकार, कथाकार र कविका रूपमा प्रसिद्ध भएपनि खास गरेर नेपाली नाटकको साहित्य फाँटलाई मल्लले ज्यादै उर्वर बनाएको टिप्पणी गरेका छन् । मल्ल २०२६ सालमा ने.रा.प्र.प्र. को सदस्य भई पछाडि सचिव र उपकुलपति भएको र सानै देखि नै मल्लले साहित्यप्रति रुचि राखेका मल्लले आफ्ना नाटकमा नयाँ-नयाँ प्रयोग गरेर नाटक लेखका र मल्लले वाल्यावस्थादेखि नै साहित्यिक वातावरण पाएको र आफ्नो वाह्य जीवनमा भोगेका घटनालाई यथार्थ रूपमा प्रयोग गर्ने नाटककार मल्लले हिन्दीका प्रयोगवादी नाटकको प्रयोग गरेको कुँवरले टिप्पणी गरेका छन् ।

**नरेन्द्र चापागाई, केही कृतिः केही प्रतिकृति, ललितपुरः साझा प्रकाशन, २०३८, पृ. ३४-४९ ।**

नरेन्द्र चापागाईले **केही कृतिः केही प्रतिकृति** शीर्षकको समालोचनात्मक पुस्तक लेखेका छन् । यसमा लेखक चापागाईले मल्लको **कोही किन बरबाद होस्** नाटक बालमनोविज्ञानलाई

आधार लिएर लेखिएको नाटकको मनोवैज्ञानिक पक्ष केलाउने प्रयास गरिएको नरेन्द्र चापागाईले उल्लेख गरेका छन् । मल्लको **कोही किन बरबाद होस्** नाटकको शीर्षक समस्याको रूपमै अङ्क विभाजन गरिएको तीन अङ्के नाटकमा जीवननाथको मनमा रत्नाले आफूलाई छोडेको र उनको स्मरण आफूबाट पन्छिन नसक्ने कुराको अर्न्तद्वन्द्व, सुन्दरलाल ध्रुवको वदनामीले गर्दा उसलाई निकाल्नका लागि सल्लाह दिने शिक्षक वर्गको विचार र आफ्नो मनोविज्ञान विशेषज्ञाताको अर्न्तद्वन्द्व, कमलादेवीको मनमा आफू कौमार्य अवस्थामा रहिएको र ध्रुवलाई मातृवात्सल्यले भिजाएर उसको चरित्र सुधार्ने कारणको अर्न्तद्वन्द्वहरूले भरिएको प्रस्तुत नाटक मनोवैज्ञानिक धरातलमा अत्यधिक सफल रहेको चापागाईले टिप्पणी गरेका छन् । बाल मनोविज्ञानको प्रयोगिक सफलता नै नाटकीय उद्देश्य भएकाले सुन्दरलालको प्रयोगकारिता र कमलादेवीको अभिनयले ठूलो सफलतालाई प्राप्त गर्न सकेको चापागाईले उल्लेख गरेका छन् ।

**मुरारीप्रसाद रेग्मी, 'मनोवैज्ञानिक अनुसन्धानात्मक समालोचना, काठमाडौंः ने.रा.प्र.प्र., २०३८, पृ. ७१-७५ ।**

**मनोवैज्ञानिक अनुसन्धानात्मक समालोचना** पुस्तक मुरारीप्रसाद रेग्मीले लेखेका हुन् । यसमा रेग्मीले विजय मल्लको कथाबाट आधुनिक यान्त्रिक जीवनको विसङ्गति र विखण्डनमाथि व्यङ्ग्य गरिएको आभास पाइएको टिप्पणी गरेका छन् । मल्लको विखण्डितः स्वले बस्तुको अर्थ बुझ्न नसकिने र यसमा मूल्य विहिनिता पाइएपनि मानिसलाई दिशा निर्देशन गर्नका नैतिक मूल्यको खाँचो पर्ने ठहरू रेग्मीले उल्लेख गरेका छन् । नैतिक मूल्यहरूबाट मानिसका स्वच्छन्द र ऐन्द्रिक वृत्तिहरूलाई नियन्त्रण गर्न सकिने तर विखण्डित स्व मा यस प्रकारको नियन्त्रण गर्ने क्षमताको पूर्णतथा अभाव हुन्छ र यसैबाट उसको अस्तित्व पनि लोप हुन जाने कुरा रेग्मीले टिप्पणी गरेका छन् ।

**मुरारीप्रसाद रेग्मी, मनोवैज्ञानिक अनुसन्धानात्मक समालोचना, काठमाडौंः ने.रा.प्र.प्र. २०३८, पृ. ७६-८० ।**

**मनोवैज्ञानिक अनुसन्धानात्मक समालोचना** नामक पुस्तक मुरारीप्रसाद रेग्मीले लेखेका हुन् । यसमा लेखक रेग्मीले १९९७ देखि नै विजय मल्लले कथा प्रकाशित गर्न थालेको र उनका कथामा आधुनिकता पाइनुका साथै सामाजिक समस्या कथा लेखेतापनि त्यसमा मनोवैज्ञानिक अर्न्तद्वन्द्व पद्धति र शैलीको प्रयोग भएको रेग्मीले टिप्पणी गरेका छन् । मनोवैज्ञनिक कथाकारको रूपमा ख्याति प्राप्त गरेका मल्लको कथा सामाजिक परिवेश काठमाडौंको रहेको र उनको **एकबाटो अनेक मोड** कथा मनोवैज्ञानिक रहेको र यसको नायक नित्सेको नास्तिकवादबाट प्रभावित रहेको रेग्मीले उल्लेख गरेका छन् । मल्लको **एकबाटो अनेक मोड** कथालाई मनोवैज्ञानिक विश्लेषण गर्दा यस कथाको नायक आफ्नो प्रेयसीको बिम्ब प्रेयसी पुत्रीको बिम्बसँग तादाम्य गर्नु, प्रेयसीको स्मृति बिम्बलाई भुल्न नसक्ने जडताबाट आक्रान्त बन्नु, संसारका बाह्य मान्यताहरू असत्य र अवास्तविक लाग्नु, उसको आन्तरिक अभिलाषा र आकांक्षाहरू पूर्णतः अतृत्त हुनु, नायक प्रेयसीको व्यथाले गर्दा एक्लो र विसंगत हुनु जस्ता मनोविकृति र व्यर्थ संस्मरणले गर्दा नायकमा कुनै मूल्य बोध नभएको रेग्मीले टिप्पणी गरेका छन् ।

**मुरारीप्रसाद रेग्मी, मनोविश्लेषणत्मक समालोचाना, ललितपुरः साझा प्रकाशन, २०४०, पृ. २८७-२९२ ।**

मुरारीप्रसाद रेग्मीले **मनोविश्लेषणत्मक समालोचना** नामक पुस्तक लेखेका छन् । यसमा लेखक रेग्मीले विजय मल्लको **कुमारी शोभा** (२०३९) उपन्यासको सामान्य चर्चा गरेका छन् । मल्लको **कुमारी शोभा** उपन्यास ऐतिहासिक र सांस्कृतिक परिप्रेक्ष्यमा लेखिएको यस उपन्यासमा द्यौ मैजुकुमारीको मानसिंक अर्न्तद्वन्द्वलाई मनोवैज्ञानिक दृष्टिकोणले चित्रित गरिएको र कुमारीको किशोरावस्थाको मानसिक सर्घषको साथै देवी - मनोग्रन्थिको विश्लेषण गरिएको कुरा रेग्मीले उल्लेख गरको छन्। यो उपन्यास एकातिर कुमारीको दैवीय वाल्यावस्थाको सांस्कृत्यात्मक पवित्रता र शुद्धताको पूर्वइतिहासले भरिएको छ भने अर्कोतिर उनको मानवीय किशोरावस्थाको मनोवैज्ञानिक अतीत संस्मरण, प्रेम-व्यथा मानसिक तनाव र सर्घषले ढाँकिएको कुमारीको जीवनलाई विश्लेषण गरिएको शर्माले टिप्पणी गरेका छन् ।

**मुरारीप्रसाद रेग्मी, मनोविश्लेषणत्मक समालेचना, ललितपुरः साझा प्रकाशन, २०४०, पृ. ३१-३७ ।**

**मनोविश्लेषणत्मक समालोचना** नाम शीर्षकको पुस्तक मुरारीप्रसाद रेग्मीले लेखेका हुन् । यस पुस्तकमा रेग्मीले मल्लको **अनुराधा** उपन्यासमा रहेकी अनुराधाको अवचेतनलाई खोतलिएको कुरा उल्लेख गरेका छन् । विजय मल्लद्वारा लिखित **अनुराधा** उपन्यासमा केवल एउटै चरित्र रहेको र त्यो अवचेतन अनुराधा रहेको कुरा रेग्मीले औंल्याएका छन् । अनुराधाको मानसिक व्याकुलता चरम सीमामा पुगेको र उसको जीवन स्वपीडित स्व-विहीन र वर्तमान जीवन त अवचेतनले ओतप्रोत भएको रेग्मीले टिप्पणी गरेका छन् । **अनुराधा** उपन्यासको प्रारम्भ र अन्त्यमा क्रमिक सम्बन्ध रहेको छ भने मध्य भागमा अवचेतन अनुराधाको अचेतन अतीतको जीवन चित्र रहेको छ र कोमलमानको जीवनको सानो सोतो सँग अनुराधाको आकस्मिक अचेतन जीवन-धाराको संगमले गर्दा उपन्यासको कथानकमा अदृश्य किनाराहरू जसमा एउटाको चेतन अर्काको अवेचेतन सँग धाराहरूको माध्यमबाट सम्बद्ध छ र उनीहरूको स्वको धारा एक अर्कासँग भिन्न हुन चाहान्छ भन्ने कुरा रेग्मीले टिप्पणी गरेका छन् । यसमा अनुराधा आफ्नो अचेतनबाट पीडित रहेको र कोमलमान चेतनबाट पीडित रहेको रेग्मीले उल्लेख गरेका छन् ।

**घटराज भट्टराई, प्रतिभै प्रतिभा र नेपाली साहित्य, काठमाडौंः नेशनल रिसर्च एशोसियट्स, २०४०, पृ. ५३४-५४४ ।**

घटराज भट्टराईले **प्रतिभै प्रतिभा र नेपाली साहित्य** नाम समालोचनात्मक पुस्तक तयार पारेका छन् । यसमा भट्टराईले विजयबहादुर मल्ललाई नेपाली आधुनिक साहित्यकारका रूपमा आफ्नो स्थान कायम गर्ने सफल साहित्यिक बाबुको छोरा एक साहित्यिक पत्रिका सँगको सर्म्पकमा रहने सौभाग्य जुटेका साहित्यकारका रूपमा उल्लेख गरेका छन् । बहुमुखी प्रतिभा भएका मल्ल २००४ सालमा राजनीतिमा लाग्दा जेलमा जाकिन पुगेका विभिन्न साहित्यिक संस्थामा काम गर्दै आएका र उनी गोरखा दक्षिणबाहुबाट सुशोभित हुदै **एकबाटो अनेक मोड** कृतिका लागि साझा पुरस्कार पाएका मल्ल नेपाली साहित्यका आधुनिक धाराका एक गहना रहेको भट्टराईले टिप्पणी

गरेका छन् । आफ्नो साहित्यिक यात्रा कविताबाट प्रारम्भ गरेका मल्लका कविता गद्यात्मक भएर पनि गीतात्मक रहेको अनि शिल्प र भाव दुवै दृष्टिले सशक्त रहेको छ भने उपन्यासमा मानव स्वभाव र जीवनका सुक्ष्म अर्न्तद्वन्द्वको निरीक्षण र मनोविश्लेषण गरेर युगप्रतिबिम्बित गर्ने उपन्यास सिर्जना गरेको भट्टराईले उल्लेख गरेका छन् । नेपाली नाटक र एकाङ्कीको क्षेत्रमा मल्ल एक नयाँ र इब्सेनी परम्पराका चिन्तक, सामाजिक यथार्थवादी, मनोवैज्ञानिक र कथाका क्षेत्रमा पनि नेपाली समाजका एक सशक्त आधुनिक कथाकार र मनस्थितिका सफल विश्लेषक रहेको भट्टराईले उल्लेख गरेका छन् ।

**घनश्याम कँडेल, केही अन्वेषण केही विश्लेषण, काठमाडौंः भिमसेन थापा, २०४०, पृ. १४४-१४५ ।**

**केही अन्वेषण केही विश्लेषण** शीर्षकको समालोचनात्मक पुस्तक घनश्याम कँडेलद्वारा लेखिएको हो । यसमा लेखक कँडेलले मल्लको **अनुराधा** उपन्यासको प्रवृत्ति र वैशिष्ट्य समान्य चर्चा गरेका छन् । विजय मल्लको **अनुराधा** (२०१८) उपन्यास नेपाली उपन्यासमा फ्रायडको मनोविश्लेषण सिद्धान्त अनुकुल मानसिक जटिलताको विश्लेषण गरिएको एउटा र एकमात्र आधार **अनुराधा** उपन्यास रहेको कँडेलले टिप्पणी गरेका छन् । **अनुराधा** उपन्यासको मूलभूत प्रवृत्ति मनोविश्लेषणत्मकता हो र शिक्षित, बौद्धिक रूपमा सचेत मानसिक संरचनाका टृष्टिले जटिल र अहम्बोधले ग्रस्त पात्रहरूका समस्यालाई मूलत मनोविश्लेषण सम्बन्धी मान्यताका आधारमा केलाउने प्रयास नै यस उपन्यसाको वैशिष्ट्य रहेको कँडेलले औँल्याएका छन् । यस उपन्यासमा अनुराधा र कोमलमान जस्ता मनोविश्लेषणीय पात्रमा देखाइएका मानसिक ग्रन्थि वा विकृति मनका अचेतन भागसित सम्बन्धित र सूक्ष्म किसिमका अवस्थामा पात्र स्वयम्द्वारा गरिएको आफ्नो मनोविश्लेषणमा हुन नसकेको र उपन्यासकारको ध्यान उपन्यासको स्वभाविकमा भन्दा मनोविश्लेषण सम्बन्धी मान्यताको प्रयोगमा बढी केन्द्रित भए जस्तो प्रतीत भएको कँडेलले टिप्पणी गरेका छन् ।

**(सम्पा) भैरव अर्याल, साझा कथा, काठमाडौंः साझा प्रकाशन, २०४३, पृ. १४१-१४९ ।**

(सम्पा) भैरव अर्यालले **साझाा कथा** नामक शीर्षकको पुस्तक सम्पादन गरेका छन् । यसमा सम्पादक अर्यालले विजय मल्ल १९८२ सालमा जन्मी विभिन्न साहित्यिक विधामा कलम चलाएका मल्लको **एकबाटो अनेक मोड** र **परेवा र कैदी** कथासङ्ग्रह रहेको र यी कथासङ्ग्रहमा मध्ये **एकबाटो अनेक मोड** कथासङ्ग्रहमा सङ्ग्रहित **पाटन** कथा सर्वोत्कृष्ट रहेको अर्यालले उल्लेख गरेका छन् । मल्लको 'पाटन' कथा नेपाली समाजको फराकिलो परिवेशमा रचिएको हो र यसमा नवविवाहित बहिनीलाई अप्रत्याशित वैधव्यको पिरो सन्देश उसको दाजुले कसरी सुनाउने ? विघुवा छोरीको निधारमा आमाले सिन्दुर पुछिदिने लाइदिने ? जस्ता नेपाली समाजिक मान्यताको परिधिमा मुख्य मात्र समस्यामा परेको अर्यालले टिप्पणी गरेका छन् । मल्लले आफ्नो नाटकीयता शिल्प र शैलीमा कवित्व प्रयोग गरी कथा लेखे पनि मल्लको **पाटन** कथा शीर्षक त्यति मिल्दो नभएको अर्यालले टिप्पणी गरेका छन् ।

**गोपीकृष्ण शर्मा, अवलोकन र विवेचन, काठमाडौँः रत्न पुस्तक भण्डार, २०४४, पृ. ६८-७० ।**

**अवलोकन र विवेचन** शीर्षकको समालोचनात्मक पुस्तक गोपी कृष्ण शर्माद्वारा लेखिएको हो । यस पुस्तकमा लेखक शर्माले विजय मल्ल बहुमुखी प्रतिभा भएका र आफ्नो साहित्यिक यात्रा कविताबाट प्रारम्भ गरेपनि नाटकलाई प्रमुख क्षेत्र बनाएका मल्ल सामाजिक यथार्थवादी मनोवैज्ञानिक शैलीलाई आत्मसात गरेर नाटक लेख्ने नाटककार भएको शर्माले उल्लेख गरेका छन् । २००१ सालमा **राधा मान्दिन** एकाङ्की लेखेर आफ्नो एकाङ्की यात्रा प्रारम्भ गरेका मल्ल २०१३ सालमा **कोही किन बरबाद होस** बालमनोविज्ञानमा आधारित पूर्णाङ्की नाटक लेखेकोकुरा उल्लेख गर्दै यस नाटकमा आमाको स्नेह नपाएको ध्रुव उद्दण्डको पराकाष्ठमा पुग्नुको कारण पत्ता लगाई त्यस समस्याको समाधान गर्ने काम यस नाटकमा प्रस्तुत भएको शर्माले टिप्पणी गरेका छन् । कुनै पनि समस्यालाई दण्ड दिएर होइन कि त्यसको मानसिक अवस्थालाई बुझेर त्यसको समस्याको समाधान गर्न सकिने जानकारी दिएको शर्माले उल्लेख गरेका छन् । बस्तु, संरचना र प्रस्तुतिका दृष्टिले **कोही किन बरबाद होस्** एक नवीन उपलब्धि भएपनि मल्लको यो कृति आरम्भिक कृति भएको हुनाले यस नाटकमा उनको नाट्यकारिता प्रौढ बन्न नसकेको शर्माले औंल्याएका छन् ।

**गोपीकृष्ण शर्मा, अवलोकन र विवेचन, काठमाडौँः रत्न पुस्तक भण्डार, २०४४, पृ. ८०-८१ ।**

गोपीकृष्ण शर्माद्वारा **अवलोकन र विवेचन** शीर्षकको समालोचनात्मक पुस्तक लेखिएको हो । यसमा लेखक शर्माले विजय मल्लको **जिउँदो लास** (२०१७) नाटकलाई विभिन्न पक्षबाट चर्चा गरेका छन् । मल्लको **जिउँदो लास** नाटक वर्तमान युगको नागर जीवनको विसङ्गतिपूर्ण अध्ययन रहेको यो नाटक लघु आकारको भएको, तीन अङ्कमा विभाजित तर दृश्यमा विभाजन नभएको शर्माले उल्लेख गरेका छन् । मल्लको यस नाटकको संरचनात्मक पक्षलाई हेर्दा मानसिक आवेगहरूको अङ्कन र अङ्गहरूको न्यूनताले यिनको नौलो नाट्य प्रविधिको सङ्केत गरेका छन् । मल्लले यस नाटकमा बस्तुको संयोजन घटना र चरित्रको जालमा बस्तु योजना निर्माण गरेका र वर्ग चरित्र भन्दा वढी व्यक्तिचरित्रलाई बढी महत्व दिएको कुरा शर्माले उल्लेख गरेका छन् । मनोवैज्ञानिक लेखकहरू कथाहीन कथाको संयोजन गर्नुका साथै मल्लको **जिउँदो लास** नाटकमा पात्रहरू मानसिक विकृतिले रुग्ण भएको विचार शर्माले औंल्याएका छन् ।

**शिवप्रसाद सत्याल 'पीठ', समालोचनाहरू, काठमाडौँः ने.रा.प्र.प्र. २०४५, पृ. १६६-१७२ ।**

**समालोचनाहरू** नामकको समालोचनात्मक पुस्तक शिवप्रसाद सत्याल 'पीठ'द्वारा लेखिएको हो । यसमा विजय मल्लको **कोही किन बरबाद होस** नाटक बालमनोविज्ञानिमा आधारित रहेको सत्याल 'पीठ' ले उल्लेख गरेका छन् । सत्याल 'पिठ'ले मल्लको यस नाटकमा आमाको मातृ स्नेहबाट बन्चित उद्धण्डको पराकाष्टमा पुगको ध्रुवलाई कसरी सुधार्ने चिन्तन सुन्दरलालमा रहेको र बोडिङ्गकी इन्चार्ज कमला ध्रवकी आमा बनी ध्रुवलाई सपारेपछि आफ्नो वास्तविकता बताएर टाढा भएको अवस्थामा कमला आफूलाई एक्लै भएको अनुभव गरेको सत्याल 'पीठ' ले उल्लेख गरेका छन् । यस नाटकमा समाजमा विभिन्न उमेर स्तरका मान्छेको विभिन्न धरातलमा बसेर गरिएको छानबिनमा स्वभाविक र पात्रयोजना चाहिँ विद्रोही हीन परम्परामा गरिएको हुनाले

रङ्गमञ्चको लागि उपयुक्त संवाद, भाषाशैली र शिल्प चमत्कारको दृष्टिले अझ सफल रहेको सत्याल 'पीठ'ले औल्याएका छन् ।

**शिवप्रसाद सत्याल 'पीठ', समालोचनाहरू, काठमाडौँ: ने.रा.प्र.प्र., २०४५, पृ. १६०-१६५ ।**

शिवप्रसाद सत्याल 'पीठ'द्वारा **समालोचनाहरू** शीर्षकको समालोचनात्मक पुस्तक लेखिएको छ । यसमा लेखकले विजय मल्लको **जिउँदो लास** (२०१७) नाटकमा जिउँदो लास को भएको छ त्यसलाई खोतल्ने काम भएको सत्याल 'पीठ'ले टिप्पणी गरेका छन् । मल्लको **जिउँदो लास** नाटक मनोवैज्ञानिक नाटक हो र यस नाटकको मुख्य पात्र उर्मिला रहेकी छे भने अन्य सहायक र गौण पात्र रहेको सल्याल 'पीठ'ले उल्लेख गरेका छन् । मल्लको यो नाटक प्रतीकात्मक र यथार्थवादी भएर पनि भावुक क्षणमा लेखिएको नाटक हो र यसमा ध्वनि व्यङ्गयबाट जुन अर्थ निस्कन्छ त्यो नै वास्तविक कथ्य हो भनी सत्याल 'पीठ'ले उल्लेख गरेका छन् ।  यस नाटकमा उर्मिला र प्रतिमा मानसिक रूपमा 'जिउँदो लास' जस्तो देखिए पनि यस नाटककी मुख्य पात्र उर्मिला हो र उसकै जीवनमा यो नाटक प्रारम्भ, विकास भई फलागममा परिणति भएकाले यस नाटकको **जिउँदो लास** उर्मिला रहेको सत्याल 'पीठ'ले व्यक्त गरेका छन् । यस नाटकमा जिउँदो लास उर्मिला हो भने प्रतिमा लासको आभास मात्र हो, अरू पात्र लासको छुतले बनेका लास हुन् भनी सत्यालि 'पीठ'ले टिप्पणी गरेका छन् ।

(सम्पा) **इश्वर बराल, झ्यालबाट, साझा प्रकाशन, २०४९, पृ. ३९०-३९४ ।**

इश्वर बरालद्वारा सम्पादित **झ्यालबाट** शीर्षकको पुस्तक समालोचनात्मक पुस्तक हो र यसमा सम्पादक बरालले विजय मल्ल वि.सं. १९८२ काठमाडौंको पाकोपोखल्डयाङ जन्मेका र १९९७ देखि कथा प्रकाशन गर्न थालेका मल्लका कथामा आधुनिकता पाइएको उल्लेख गरेका छन् । मल्लका कथामा भावप्रकाशन गर्ने रीति, कथाको परिवेश सृष्टि गर्ने चमत्कृति सामाजिक समस्याश्रित कथा भएतापनि मनोवैज्ञानिक अर्न्तद्वन्द्व पैल्याउने पद्धति र शैलीको प्रयोग भएको बरालले उल्लेख गरेका छन् । विजयबहादुरका प्रसिद्ध कथाहरू **दश रुपियाँ**, **खेल**, **दिदी बहिनी**, **संयोग**, **एउटा चिठ्ठी**, **कालो चश्मा**, **प्रवेशनिषिद्ध देश**, जस्ता कथाहरू रहेका र यी कथामा सामाजिक, मनोविज्ञान, यौनमनोविज्ञान, नारी समस्या, ऐतिहासिक पौराणिक क्षेत्रका अनेक मिथकहरूको प्रयोग भएको बरालले औँल्याएका छन् ।

**लक्ष्मीप्रसाद पराजुली, दृष्टिपात, श्री गीता पराजुली, २०५०, पृ. १५-१९ ।**

**दृष्टिपात** नामक समालोचनात्मक पुस्तक लक्ष्मीप्रसाद पराजुलीले लेखेका हुन र यसमा विजय मल्लको **जिउँदो लास** (२०१७) नाटकलाई समस्या नाटकको रूपमा चर्चा गर्दै मल्लका कृतिहरू नेपाली नाट्य साहित्यका विकसित आधुनिक स्तरका सिर्जना रहेको पराजुलीले जानकारी दिएका छन् । मल्लको **जिउँदो लास** नाटक उद्देश्यधर्मी नाटक रहेको र यस नाटकमा इब्सेनका झैं नारी चरित्रको मनोविश्लेषण तिनीहरूको यौन समस्या र कुण्ठाको उपस्थापन गरिएको पराजुलीले टिप्पणी गरेका छन् । जीवनको उत्थान र पतनको मूलत भौतिक उत्कुण्ठाहरूले सक्रिय अंश लिएको यस तथ्यलाई मल्लले उर्मिला र प्रतिमाका चरित्रका माध्यमबाट प्रतिपादन गर्ने चेष्टा

गरेका र प्रतिमा र उर्मिला यौन अतृप्तिको भूमरिमा परेर छिन्नमूल भई वेशाहारा भएको पराजुलीले उल्लेख गरेका छन् । फ्रायडीय दृष्टिकोण अगाँलेर नाटककारले यी नारी चरित्रको व्यथा ठम्याउन खोजेका र **जिउँदो लास**मा धर्म र यसको श्रृङ्खलालाई पर सार्नुका साथै सामाजिक रीति नीतिलाई सशङ्क दृष्टिले हेरी डस्टविनमा राख्न खोजिएको यस नाटकमा पुरुष भन्दा नारीहरूले सक्रिय भूमिका लिएको पराजुलीले उल्लेख गरेका छन् । मल्लको **जिउँदो लास** नाटक परम्परागत मान्यताले गर्दा वैधव्य जीवन व्यतीत गर्न बाध्य उर्मिला र प्रतिमाको जीवन **जिउँदो लास** बन्न पुगेको समस्यामूलक नाटकको रूपमा पराजुलीले औँल्याएका छन् ।

**मोहनराज शर्मा, शैली विशान, काठमाडौंः ने.रा.प्र.प्र. २०४८, पृ. २१६-२४४**

**शैली विज्ञान** मोहनराज शर्माद्वारा लेखिएको समालोचनात्मक पुस्तक हो र यसमा लेखक शर्माले विजय मल्लको रचना **पत्थरको कथा** स्वैरकल्पना को चौकोसमा जडान गरिएको एकाङ्कीको रूपमा उल्लेख गरेका छन् । यस एकाङ्कीमा विपिनदेव जस्ता शोषक र अत्यचारीले शत्रुध्न, श्रीकान्त, रधुवीर सिंह, ज्वालारानी जस्ता निर्धा मानिसको घृणित र बीभत्स चक्र चलाएर हत्या गराएको यो एकाङ्की शोषकको मर्मान्तिक र प्राणघाती शोषणलाई वाणी दिने यस एकाङ्की मानिसको यथार्थको अनुभवसँग सम्बद्ध सुन्दर पक्षको होइन कुरूप पक्षको अभिव्यक्ति रहेको शर्माले टिप्णणी गरेका छन् । यस कृतिमा कुरूपताको सम्बन्ध विद्रूपसँग रहेको र शोषणलाई ठूलो सामाजिक विद्रूपका रूपमा देखाइएको शर्माले उल्लेख गरेका छन् । शोषक एवम् शोषणको राजनीति उपर गहिरो व्यङ्गय गरिएको **पत्थरको कथा** विद्रूपात्मक त्रासदी वर्गको एकाङ्की रहेको र यस एकाङ्कीले वियोगान्तताले त्रासदी तुल्याएको छ भने कुरूपताले विद्रूप तुल्याएको यस एकाङ्कीमा सामाजिक शोषणको गहिरो बुनोट, सामाजिक जीवनको कुरूपता र मानवीय जीवनको विश्लेषणलाई मूख्य कथ्य बनाइएको हुँदा यो कृति विद्रूपात्मक त्रासदी हुन पुगेको शर्माले औँल्याएका छन् ।

**सम्पा, चूडामणि बन्धु, साझा एकाङ्की, ललितपुरः साझा प्रकाशन, २०५२, पृ. १०५-११५ ।**

चूडामणि बन्धुले **साझा एकाङ्की** नामक शीर्षकको पुस्तक सम्पादन गरेका छन् । यसमा सम्पादक चूडामणि बन्धुले नाटककार विजय मल्लले आफ्नो एकाङ्की **सत्ताको खोजमा** नारी अस्तित्वका लागि नारीकै बलिदान भएको परिवेश उभ्याएर नारी समस्याको उजागर गरेको बन्धुले उल्लेख गरेका छन् । अतियथार्थ र भूतप्रेतको प्रसङ्गलाई ल्याएर **सत्ताको खोजमा** बलि भएकी नारी पश्चतापले पिल्सिएको अर्धचेतन बर्बराई यस एकाङ्कीको मूल कथ्य रहेको बन्धुले टिप्पणी गरेका छन् । नाटकार विजय मल्लले भूतप्रेतको प्रयोगले अति अतियथार्थिक तथ्यलाई उजागर गर्न थप बल प्रदान गर्नुका साथै नारी अस्तित्वको खोजीमा यसरी प्रेतात्माको चर्चाले नाटकको उद्देश्यमा सफलता मिलेको र यो नाटक सशक्त र सबल सिद्ध हुन पुगेको बन्धुले औँल्याएका छन् ।

**जय प्रसाद ढकाल, साहित्य र संस्कृति, श्रीमती जया ढकाल 'चुनु', २०५२, पृ. ९४-१०० ।**

**साहित्य र संस्कृति** नामक शीर्षकको समालोचनात्मक पुस्तक जयप्रसाद ढकालद्वारा लेखिएको हो । यस पुस्तकमा ढकालले विजय मल्लको **भोलि के हुन्छ ?** मा प्रेम र सम्पतिको निहुमा उत्पन्न द्वन्द्वको कारण घटेको आत्महत्या तथा आफ्ना सन्तानको कुनियत आमालाई

जीवनभर कष्ठमय जीवन भोगाउन बाध्य भएको यो नाटकले त्रासदीयपूर्ण रूप लिएको टिप्पणी गरेका छन् । **भोलि के हुन्छ** ? नाटक दृश्यविहीन, तीन अङ्कमा संरचित, साधारण कोठामा प्रस्तुत नाटक सीमित रहेको नाटकको कथावस्तु उपयोगि नदेखिनु, आतङ्ककारी हतोत्साही तथा स्वार्थी पात्रका जमघटद्वारा आवश्यक उद्देश्य प्राप्तिमा कमी, सरल विषयबस्तुको अभाव तथा स्पष्ट नहुनु, कथोपकथन वा संवाद, शिल्प आदिमा शैलीवद्धता हुँदानहुँदै अभिनयको दृष्टिमा पनि यो नाटक आर्कषक तथा लोकप्रिय बन्न नसकेको यस नाटकमा विजय मल्ल पूर्णत अस्तित्ववादी देखिएको ढकालले उल्लेख गरेका छन् ।

**राजेन्द्र सुवेदी, नेपाली उपन्यास परम्परा र प्रवृत्ति, भारतः भूमिका प्रकाशन, २०५३, पृ. १८४-१९४ ।**

**नेपाली उपन्यास परम्परा र प्रवृत्ति** नामक समालोचनात्मक पुस्तक राजेन्द्र सुवेदीद्वारा लेखिएको हो । यस पुस्तकमा लेखक सुवेदीले विजय मल्लको **अनुराधा** (२०१८) र **कुमारी शोभा** (२०३९) उपन्यासको संक्षिप्त चर्चा गरेका छन् । मनोवैज्ञानिक उपन्यासकार विजय मल्लले **अनुराधा** उपन्यामा काठमाडौंको सम्पन्न परिवारमा जन्मेकी रूप-गुण सम्पन्न एउटी युवतीको जीवनवृत्त प्रयोग गरिएको यस उपन्यासमा आधुनिकताको विषयबस्तु संयोजन गरी पात्रहरू सबै नागर जीवनबाट टिपि परम्पराको विद्रोह गर्न सफल यस उपन्यासले नारी समस्यालाई प्रमुख भूमिका दिएको सुवेदीले टिप्पणी गरेका छन् । **अनुराधा** उपन्यासमा अनुराधाको अवस्था र मानसिकतालाई यसमा मूल समस्या बनाएर कुनै सिद्धान्त वा मान्यताबाट प्रेरित नभएर स्वतन्त्रपूर्वक बाँच्न चाहने अनुराधाको मानसिकतालाई केलाउने काम भएको सुवेदीले उल्लेख गरेका छन् । मल्लको **कुमारी शोभा** उपन्यास पनि **अनुराधा** उपन्यास जस्तै यस उपन्यासको शीर्षक पनि प्रमुख नारीपात्र कुमारी शोभाकै नाममा रहेको सुवेदीले उल्लेख गरेका छन् । **कुमारी शोभा** उपन्यासमा अन्धविश्वास सँगकै आस्था, अनास्था बीचको सर्घष रहेको र सामाजिक, धार्मिक परिवेशभित्र युगौं युगदेखि चलिआएका नेपाली संस्कृति बचाउँदै आएको सुवेदीले व्यक्त गरेका छन् । **कुमारी शोभा** उपन्यास एउटा अन्धविश्वासको विद्रोहको रूपमा उभिएको र यस उपन्यासले सामाजिक चुनौतीको निम्ति एउटा तीव्र स्वर प्रकट गरेको सुवेदीले औँल्याएका छन् ।

**घनश्याम न्यौपाने, साहित्य सन्दर्भ, विरगंजः नारायणी बुक्स एण्ड स्टेशनर्स विर्ता, २०५५, पृ. ८१-८६ ।**

घनश्याम न्यौपानेद्वारा लेखिएको **साहित्य सन्दर्भ** शीर्षकको पुस्तक समालोचनात्मक पुस्तक हो । यसमा लेखक न्यौपानेले विजय मल्ल आधुनिक नेपाली साहित्यका बहुमुखी प्रतिभावान स्रष्टा, नाट्य विधामा सफलता प्राप्त गरेका मनोवैज्ञानिक नाटककारका रूपमा उल्लेख गरेका छन् । विजय मल्लले आफ्ना नाटकहरूमा बस्तु र शिल्प दुवै पक्षको सन्तुलित संयोजन गरी युगीन जीवनको यथार्थ बस्तुस्थिति चित्रणमा मल्लका नाट्यबस्त केन्द्रित रहेको न्यौपानेले टिप्पणी गरेका छन् । मल्लको **बहुला काजीको सपना** नाटक अर्न्तगतका **राधा मान्दिन, मनको बन्धन** र **कंकाल** नामक तीनवटा एकाङ्कीहरूको समीक्षण न्यौपानेले गरेका छन् । यी तीन एकाङ्की मध्ये राधा मान्दिनमा मूलत नारी समस्याको एउटा पक्षलाई यथार्थवादी ढङ्गले प्रस्तुत गरिएको यस एकाङ्कीलाई तत्कालीन सर्न्दभको दृष्टिमा क्रान्तिकारी मानिएको छ भने **मनको बन्धन** एकाङ्कीमा आर्दश दाम्पत्य जीवनको अपेक्षा र यथार्थ नारी समस्योद्घाटनको परिधीय परिवेश चित्रण गरिएको

र 'कंकाल' एकाङ्कीमा नारी अस्मिताको खोजी गर्नुका साथै अतियथार्थको पक्षबाट सामाजिक यथार्थ, यौनमनोविश्लेषण जस्ता विविध पक्षलाई प्रभावकारी ढङ्गले उपस्थापन गरिएको न्यौपानेले टिप्पणी गरेका छन् ।

**केशवप्रसाद उपाध्याय, नाटकको अध्ययन, काठमाडौंः साझा पश्रकाशन, २०५६, पृ. २१५-२२३ ।**

**नाटकको अध्ययन** शीर्षकको समालोचनात्मक पुस्तक केशवप्रसाद उपाध्यायले लेलेका हुन् । यसमा लेखक उपाध्यायले विजय मल्ल सामाजिक यथार्थवादी मनोवैज्ञानिक शैलीलाई आत्ममात गरी एकाङ्की लेख्ने एकाङ्कीकार हुन् र उनले २००१ सालमा **राधा मान्दिन** एकाङ्की लेखी आफ्नो एकाङ्की यात्रा प्रारम्भ गरेको उपाध्यायले उल्लेख गरेका छन् । मल्लले **बहुलाकाजीको सपना** (२००४), **पत्थरको कथा** (२०२८), **सात एकाङ्की** (२०२८), **दोभान** (२०३४), **भिते घडी** (२०४०), **स्मृतिको पर्खालभित्र** (२०४०) **भूलैभूलको यथार्थ** (२०४०), **सृष्टि रोकिदैन** (२०४५) जस्ता एकाङ्कीसङ्ग्रह लेखेको उपाध्यायले उल्लेख गरेका छन् । उपाध्यायले मल्ललाई असामान्य मनोविज्ञानप्रति गहिरो अभिरुचि राख्ने, बस्तुगत यथार्थ र त्यसका प्रभावबाट उत्पन्न मनोगत अवस्थाको चित्रणका साथै वैयक्तिक, पारिवारिक, सामाजिक र राष्ट्रिय समास्याका साथै विश्वसमस्यालाई समेत प्रस्तुत गर्ने एकाङ्कीकारका रूपमा उपाध्यायले टिप्पणी गरेका छन् ।

**केशवप्रसाद उपाध्याय, नेपाली नाटक तथा रङ्गमञ्च उद्भव र विकास, काठमाडौंः विधार्थी पुस्तक भण्डार, भोटाहिटी, २०५६, पृ. १८९-१९५ ।**

केशवप्रसाद उपाध्यायद्वारा लेखिएको **नेपाली नाटक तथा रङ्गमञ्च उद्भव र विकास** शीर्षकको पुस्तक समालोचनात्मक पुस्तक हो । यसमा लेखक उपाध्यायले विजय मल्ल नेपाली साहित्यका बहुमुखी प्रतिभा भएका र कविता, कथा, उपन्यास, नाटक विधामा कलम चलाए पनि नाट्य विधामा वर्चस्व कायम गर्न सफल नाटककारका रूपमा टिप्पणी गरेका छन् । नाटक र एकाङ्की गरी एक दर्जन जति लेखेका मल्ल मूलतः मनोवैज्ञानिक नाटककार भएको र उनी सामाजिक एवं राष्ट्रिय र अन्तराष्ट्रिय समास्यलाई पनि नाट्यवस्तुका रूपमा प्रयोग गर्ने नाटककारका रूपमा उपाध्यायले उल्लेख गरेका छन् । अस्तित्ववादी मूल्यप्रति सचेत तथा सामाजिक विसङ्गति र विकृतिप्रति संवेदनशील नाटककार विजय मल्लले आफ्ना नाटकहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वैचारिक क्रान्तिको उत्प्रेरणा दिनुका साथै मानवता र मानवीय विवेकमाथि आस्था कायम छ र मान्छे वर्तमानको सङ्कटसँग सङ्घर्ष गर्दै प्रगतिपथमा बढ्दै रहने छ र एक दिन आफ्नो लक्ष्य पाउन सफल हुने छ भन्ने विश्वास मल्लमा रहेको उपाध्यायले उल्लेख गरका छन् । नाटककार विजय मल्लले आफ्ना नाटकमा काठमाडौंको नेवार समुदायको परिवेश लिएका मल्लका नाटकहरूमा कुनैमा एकहोरो कथानक र कुनैमा दोहोरो कथानक रहेको र मल्लका नाटक गद्यात्मक रहेको र तिनमा प्रयुक्त भाषा कवितात्मक नभएर सामान्य र सरल रहेको, नाट्यासंवाद तार्किक र बौद्धिक रहेको उपाध्यायले टिप्पणी गरेका छन् । मल्ल परम्पराधर्मी र प्रयोगधर्मी नाट्यकारिताको बीच सेतु तयार पार्ने युग सन्धिका ठूला नाट्य प्रतिभा रहेको उपाध्यायले औंल्याएका छन् ।

**(सम्पा) कृष्णचन्द्रसिंह प्रधान, साझा समालोचना, काठमाडौंः साझा प्रकाशन, २०५८, पृ. ५०९ ।**

कृष्णचन्द्रसिंह प्रधानद्वारा सम्पादित **साझा समालोचना** शीर्षकको पुस्तक समीक्षात्मक

पुस्तक हो र यसमा सम्पादक प्रधानले विजय मल्ल आधुनिक नेपाली नाटककार हुन र उनका नाटकले आधुनिकतालाई ग्रहण गर्नुका साथै उनका नाटकमा मनोरञ्जन र सुधारात्मक प्रवृत्ति पाइएको उल्लेख गरेका छन् ।

**दक्षराज शर्म, जीवनको आलोकमा केही सष्टा समीक्षण, काठमाडौँ: श्रीमती शकुन्तला भट्टराई, २०६१, पृ. ७७-८२ ।**

**जीवनको आलोकमा केही स्रष्टा समीक्षण** शीर्षकको समालोचनात्मक पुस्तक दक्षराज शर्माद्वारा लेखिएको हो । यस पुस्तकमा लेखक शर्माले विजय मल्ल नेपाली नाट्य साहित्यका सम्मानित व्यक्तित्व र उच्च प्रतिभा भएको टिप्पणी गरेका छन् । अतियथार्थ, स्वैर कल्पना, विसङ्गतिवाद हुँदै अस्तित्वको प्रश्न उठाउने मल्ल समाजमा व्याप्त अन्याय, अत्यचार, कुरीति, शोषण, असम्भावना, वर्गीय द्वन्द्वको घोर विरोध मल्लका नाटकमा पाइएको शर्माले जनाएका छन् । मल्लको **बहुला काजीको सपना** नाटक २०२८ सालमा प्रकाशन भएको यस नाटकमा राणाकालीन परिवेशमा अँध्यारो छायामा बँच्न विवश नेपालीलाई शिक्षाको माध्यमबाट चेतना प्रदान गर्ने अठोट गर्दै शैक्षिक, सामाजिक, आर्थिक, राजनैतिक र मानवतावादी विचारलाई प्रस्तुत गरिएको शर्माले टिप्पणी गरेका छन् । मल्लजीको चिन्तन धारा यिनै काजीको मुखबाट प्रवाहित भएको र काजी मार्फत तत्कालीन समाजमा रहेका भोक, रोग र अशिक्षालाई मुख्य विषयबस्तु बनाएका र अन्य पात्रहरूमा गरिबीले थिचिएर दुःखपूर्ण जीवन यापन गर्दै रहेका भक्ते र मानेका दुःखपूर्ण जीवनको चित्रण गर्दै स्वाभिमानको रेखा कोरेर शुभारम्भ गरिएको नाटक जति अगाडि बढ्छ त्यति दुःखद बन्दै गएको र सुरुमा आशावादी बनेको नाटक अन्तमा गएर परोक्ष आशावादीताको भविष्यमा तिरोहित हुन पुगेको शर्माले औंल्याएका छन् ।

**कृष्णहरि बराल, बस्तुपरक समालोचना, काठमाडौँ: स्टुडेन्टस बुक्स पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स, कीर्तिपुर, २०६१, पृ. ८१-८६ ।**

कृष्णहरि बरालद्वारा लेखिएको **बस्तुपरक समालोचना** शीर्षकको पुस्तक समालोचनात्मक पुस्तक हो । यस पुस्तकमा लेखक बरालले विजय मल्लको **अन्तिम भोज** कथाको सामान्य चर्चा गरेका छन् । मल्लको **एकबाटो अनेक मोड** (२०२६) कथासंग्रहमा सङ्कलित **अन्तिम भोज** कथा १८ अनुच्छेदमा विभक्त गम्भिर विषयबस्तुलाई प्रस्तुत गरिएको भएतापनि यसको कथाबस्तु झीनो रहको बरालले टिप्पणी गरेका छन् । पृथ्वीलाई ध्वस्त पार्ने खुशियालीमा मनाउन थालिएको एउटा भोजमा पुगेदेखि भोजसम्मको बयान म पात्रले गरेको यस कथामा आजको सभ्य विकसित समाजभन्दा टाढा रहेका नेपाली जब सभ्य देशमा पुग्छन् तब ती सभ्य देशका नेता, वैज्ञानिक, राष्ट्रपति, प्रधानमन्त्री, कवि, लेखक, गायक कुलपति सबै पृथ्वीलाई नष्ट गर्नेतिर लागेको कुरा **अन्तिम भोज** कथामा रहेको बरालले उल्लेख गरेका छन् ।

**रामचन्द्र पोखरेल, नेपाली नाटक सिद्धान्त र समीक्षा, काठमाडौँ: विधार्थी पुस्तक भण्डार, भोटाहिटी, २०६२, पृ. ४३४ ।**

**नेपाली नाटक सिद्धान्त र समीक्षा** शीर्षकको समालोचनात्मक पुस्तक रामचन्द्र

पोखरेलद्वारा लेखिएको हो र यसमा लेखक पोखरेलले विजय मल्लको **जिउँदो लास** (२०१७) नाटकको संक्षिप्त चर्चा गरेका छन् । मनोवैज्ञानिक यथार्थवादी नाटककार विजय मल्लले **जिउँदो लास** नाटकमा आफू बाँचेको युगको यान्त्रिकता र विसङ्गति कलात्मक ढङ्गमा चित्रण गर्नुका साथै सामाजिक विकृति विसङ्गगतिको चिरफार र विवश मानवका प्रवृत्ति कुण्ठा र बौद्धिक आवेगलाई प्रतिबिम्बित गरेको पोखरेलले उल्लेख गरेका छन् । **जिउँदो लास** नाटकमा आधुनिक मानवको अर्थपूर्ण जीवन भोगाइको यथार्थ नारीप्रतिको सामाजिक अन्धधारणा कुसंस्कारमूलक प्रवृत्ति, न्यून अङ्क विधान समस्याप्रद नाट्य चिन्तन रहेको पोखरेलले टिप्पणी गरेका छन् । नाटकमा अयथार्थको अभिव्यक्तिबाट जीवन र जगतको यथार्थलाई खोज्ने प्रयास भएको **जिउँदो लास** नाटकमा सामाजिक समस्याको स्तर प्रवल देखिएको पोखरेलले व्यक्त गरेका छन् । मानव अर्न्तमनका कुण्ठा, त्रास, घृष्णा र विकृतियुक्त मनोग्रन्थिलाई महत्व दिने नाटककार मल्लले स्वप्न मनोविश्लेषण र गिर्दो मानवजीवन र नेपाली युवापुस्तामा विधामान पलायनवादी प्रवृत्तिलाई सुक्ष्म रूपमा विश्लेषण गरेको पोखरेलले जानकारी दिएका छन् ।

**चैतन्य प्रधान, विजय मल्लको नाट्यकारितामा भूतप्रेतको प्रयोग, रिनु प्रधान, २०६२ ।**

चैतन्य प्रधानले **विजय मल्लको नाट्यकारितामा भूतप्रेतको प्रयोग** शीर्षकको पुस्तक लेखेका छन् । यसमा प्रधानले विजय मल्ललाई बहुआयामिक भएका नेपाली साहित्यका विशिष्ट प्रतिभाका रूपमा उल्लेख गरेका छन् । विजय मल्लको प्रमुख क्षेत्र नाट्य सिर्जना नै रहेको मल्लका नाटकमा पाइने युगबोध जीजिवीषा र मानवप्रेम यिनको बहुआयमिक विश्लेषण र व्याख्या गर्नु मल्लको लेखनको धर्म रहेको चर्चा गर्दै अन्य नाटकारहरू भन्दा भिन्न र अलग पहिचान भएका मल्ल नवीनतम नाट्यधाराका समेत प्रतिनिधि नाटककार हुन पुगेको प्रधानले उल्लेख गरेका छन् । प्रयोगवादी नाटककार विजय मल्ल आफ्नो नाट्य लेखनमा नयाँ-नयाँ प्रतीक प्रयोगको माध्यमबाट एकाङ्की नाटकमा एकपछि अर्को नयाँ मोड र फन्को मार्दै अगाडि बढेका र मल्ल आफ्ना नाटकमा भूतप्रेतको प्रयोग गर्ने सन्दर्भमा मल्लले आफ्नो एकाङ्की नाटकहरूमा कतै प्रेत लोकमा मृत-आत्माहरूको जमातलाई उपस्थित गराएका छन् भने कतै मर्त्यलोकमा प्रेतात्मालाई उतारी जीवित मान्छे सँगको समन्वय गराएको प्रधानले टिप्पणी गरेका छन् । मल्लका नाटकभित्र अतियथार्थिक स्वैरकल्पनाभित्र भूतप्रेतको उपस्थितिमा रोमाञ्चक मात्र नभई भूत पात्र र वर्तमान पात्र बीचको समन्वय, अर्न्तविरोध विद्रोह र सर्घषको चरमोत्कर्ष द्वन्द्व समेत सिर्जित भएको प्रधानले व्यक्त गरेका छन् । मल्लका नाटकहरूमा पात्र र घटनामा त्रास, सन्त्रास विसङ्गति र पात्रहरूको अस्तित्वको खोजी अनि बोधमा अस्तित्ववादी दर्शन चिन्तन समेत मानवीय रहस्यभित्रका बौद्धिक उच्चता कायम गरेको झलक भूतप्रेतको प्रयोग भएको नाटकहरूमा पाइएको प्रधानले उल्लेख गरेका छन् । विजय मल्ल अतियथार्थवादी नाटककार भएको हुनाले आफ्ना नाटकमा प्रतीक र विम्बको प्रयोगका साथै भूतप्रेतलाई समय सन्दर्भ अनुसार प्रयोग गरेका र मानवीय मनभित्रको अनेकौ स्थिति मध्य अतृप्त यौन कुण्ठाको मनोविश्लेषणत्मक चर्चा बिम्ब र प्रतीकको प्रयोगबाट नै मल्लको नाट्यगत प्रस्तुति भएको प्रधानले उल्लेख गरेका छन् । विजय मल्लको नाट्यकारितामा भूतप्रेतको प्रयोगले नाटकको संरचना सुसंगठित, सबल र सशक्त हुनका साथै नाटकलाई रोचक र

रोमाञ्चित बनाएको प्रधानले टिप्पणी गरेका छन् । पात्रगत चरित्र चित्रणमा भूतप्रेतको प्रयोग भए पनि पूर्व पात्र प्रेतात्मा र वर्तमान पात्रमा जीवित मनुष्यको समन्वय कायम गरी जीवपरिवर्तन समेतको प्रयोग फ्रिज हुने जस्ता कार्यव्यापरले विजय मल्लको नाट्य कौशलको पहिचान भएको प्रधानले उल्लेख गरेका छन् । मल्लका नाटकको विषयबस्तु यसै पृथ्वीको धरातलकै सेरोफेरोमा मानवीय संवेदना, कुण्ठा, अन्तर्द्वन्द्व र मनोविश्लेषणका अतियथार्थ भित्रका यथार्थ तथ्य सम्म पुऱ्याई नाटकलाई सुसंरचित गरिएको प्रधानले उल्लेख गरेका छन् । साहित्यको विविध दर्शन, चिन्तन र प्रतीक प्रयोगले विजय मल्लका नाटक सफल भई उच्च बौद्धिकतालाई छुन पुगेको प्रधानले टिप्पणी गरेका छन् ।

**रमा शिवाकोटी, उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता, काठमाडौंः भृकुटी ऐकेडेमिक पब्लिकेशन्स् , प्रर्दशनी मार्ग, २०६२**

रमा शिवाकोटीले **उपन्यास सिद्धान्त र उपन्यासकार विजय मल्ल** शीर्षकको पुस्तक लेखेकी छिन् । यस पुस्तकमा शिवाकोटीले विजय मल्लको उपन्यासकारितालाई चिनाउने काम गरेकी छिन् । मानव जीवनमा सत्य असत्य वास्तविक तथा काल्पनिक कथाहरूले आख्यानको रूप लिन्छन् र समग्र मानवजीवनको विस्तारपूर्वक अभिव्यक्ति उपन्यासमा मात्र सम्भव हुने कुरा शिवाकोटीले उल्लेख गरेकी छिन् । आधुनिक नेपाली उपन्यासमा मनोवैज्ञानिक यथार्थवादको प्रारम्भ गर्दै यसको निर्माण र विकासमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने विजय मल्लले जीवनकालमा पाँच दशक भन्दा लामो समयकाल साहित्य साधनामा सर्मपित गरेका मल्ल २०१८ सालमा **अनुराधा** उपन्यास लिएर उपन्यासकारको रूपमा देखा परेको शिवाकोटीले जानकारी दिएकी छिन् । मल्लका उपन्यास विषयगत विविधता, नवीन जीवनदर्शन लगायत स्वरूपगत भिन्नताका कारणले गर्दा **अनुराधा** (२०१८), **कुमारी शोभा** (२०३९) **श्रीमती शारदा** (२०५६) उपन्यास मौलिक बन्न पुगेको शिवाकोटीले बताएकी छिन् । पात्रविधानगत प्रवृत्तिलाई हेर्दा मल्ल मानवपात्र र मानवेत्तर पात्रहरूको प्रयोग गरेका र नारी पात्रलाई नै मुख्य भूमिका दिएपनि मल्लका उपन्यासका पात्रहरू यथास्थितिबाट सन्तुष्ट नभएको र विद्रोह र विरोधद्वारा परिस्थिति बदल्न चाहेको र व्यक्तिगत चरित्रलाई जोगाउन मरिमेटेको शिवाकोटीले टिप्पणी गरेकी छिन् । विश्वमा आएका नवीनतम जीवनदर्शनलाई नेपाली साहित्यमा भित्राउने श्रेय पाएका मल्लले मानिसका अवचेतनमा व्याप्त दमित इच्छा तथा कुण्ठालाई फुकाएर पाठक समक्ष प्रस्तुत गर्नु र उपन्यासमा मनोवैज्ञानिक यथार्थवादी युगको प्रारम्भ गर्दै त्यसको विकास, विस्तार र प्रतिष्ठान समेत गरेर आधुनिक नेपाली उपन्यासको नयाँ युगको थालनी गर्नु मल्लको उपन्यासकारिता रहेको शिवाकोटीले उल्लेख गरेकी छिन् । मल्लका तीनवटा उपन्यसको गुणस्तर एवं कलात्मक मूल्य उच्च किसिमको रहेकाले विजय मल्ल आफ्ना सहकर्मी उपन्यासकारका तुलनामा निकै नयाँ र विशिष्ट उपन्यासका स्रष्टाका रूपमा प्रतिष्ठित रहेको शिवाकोटीले व्यक्त गरेकी छिन् । वि.सं. २०२० को दशकदेखि हाल २०६२ सम्म नेपाली उपन्यास लेखनका विभिन्न प्रवृत्तिगत, प्रविधिगत, शिल्पगत लगायत बौद्धिक युगचेतनालाई आत्मसात् गर्दै निरन्तर रूपमा आफूलाई समकालिक र अद्यावधिक स्रष्टाका रूपमा क्रियाशिल बनाईराख्नु उनको खास विशेषता रहेको शिवाकोटीले

उल्लेख गरेकी छिन् । मल्लको आफ्नो सिर्जनात्मक उत्कृष्ट प्रयास र प्राप्तिका कारणले गर्दा आधुनिक नेपाली उपन्यास परम्परामा विजय मल्लको स्थान र योगदान विशिष्ट एंवम महत्वपूर्ण रहेको कुरा शिवाकोटीले अभिव्यक्त गरेकी छिन् ।

## ३.१ भूमिकामा मल्लसम्बन्धी गरिएको अध्ययन

विजय मल्लले लेखेका विभिन्न पुस्तकको भूमिकामा पनि मल्लसम्बन्धी अध्ययनहरू गरिएका छन् । यस्ता अध्ययनहरू विभिन्न लेखक, समालोचकहरू तथा प्रकाशकीयले पनि विभिन्न विषयमा केन्द्रित रहेर गरेको देखिन्छ । यसरी भूमिकामा भएका अध्ययनहरूलाई यहाँ समष्टिगत कालक्रमिक रूपमा क्रमश प्रस्तुत गरिएको छ ।

**विजय मल्ल, एकबाटो अनेक मोड, काठमाडौंः साझा प्रकाशन, २०२६**

विजय मल्लको व्यक्तित्व सिङ्गो कथाकार मात्र नभई आफ्नो भावनालाई अभिव्यक्ति दिन खोज्ने कवि आफूले देखेको असाधारण स्थितिलाई रङ्गमञ्चमा उर्तान खोज्ने नाटककार, आफ्नो विवेकले भेटेको कुरालाई तर्क र बुद्धिले प्रमाणित गर्न खोज्ने निबन्धकार तथा राष्ट्रिय, अन्तराष्ट्रिय जीवनमा आएको लहरूमा सजग भै कार्यशील रहन खोज्ने कार्यकर्ता पनि उहाँका सबै कथाहरू सधैं कथा नै भएर नरही कविता, नाटक, निबन्ध र राष्ट्रिय अन्तराष्ट्रिय जीवनका केही पक्ष पनि भएर रहेको कर्माचार्यले टिप्पणी गरेका छन् । यस्ता कथाकारको कथा अनि एउटाबाट अर्को भिन्नै पाराको भिन्नै मोडको तथा भिन्नै शैलीको भै विभिन्न प्रयोगको रूपमा देखा पर्नु जीवित कथाकारको लक्षण पनि यही हो भनी कर्माचार्यले उल्लेख गरेका छन् । यस्तै कथाले नै जीवनको कुनै खास परिस्थिति, अवस्था-व्यवस्थाको मूल्याङ्कन गरेको हुन्छ र पाठकलाई चेतनशील बनाई अघि वढ्न हौसला दिएको हुन्छ भनी कर्माचार्यले व्यक्त गरेका छन् ।

**विजय मल्ल, बहुला काजीको सपना, काठमाडौंः साझा प्रकाशन, २०२८ ।**

विजय मल्लले **बहुला काजीको सपना** एकाङ्कीसङ्ग्रह रचना गरेका छन् । यसमा प्रकाशकीयले विजय मल्लले एकाङ्की र नाटकहरू जम्मा पारेर दोस्रो सङ्ग्रह **बहुला काजीको सपना** एकाङ्की प्रकाशन गरेको कुरा उल्लेख गरेका छ । भाषा र साहित्यमा ठूलो योगदान गरेका विजय मल्ल नेपाली साहित्यको आधुनिक नाटककार हुनु जसले मनोवैज्ञानिकतालाई साहित्यमा भित्राए भनी प्रकाशकीयले आफ्नो विचार व्यक्त गरेको छ । नाटकको क्षेत्रमा पर्याप्त कार्य गरेका मल्ल नेपाली जनजीवनमा भिजेका विषयवस्तुलाई यथार्थ किसिमले व्यक्त गर्ने सबै भन्दा सशक्त प्रतिभा ठहरिन्छन् भनी प्रकाशकीयले व्यक्त गरेको छ । मनोवैज्ञानिक नाटकको रूपमा सफल रहेको **बहुला काजीको सपना** नाटकमा मल्ल जस्तै लाखौ युवक आज नेपाली भाषा सेवामा जुटेका र यही विजय मल्लका श्रेद्धेय पिता सुब्बा ऋद्धिबहादुर मल्लको पनि सपना रहेको प्रकाशकीयले उल्लेख गरेको छ ।

**विजय मल्ल, नाटक एक चर्चा, काठमाडौंः ने.रा.प्र.प्र. २०३६ ।**

विजय मल्लले **नाटक एक चर्चा** समीक्षा रचना गरेका छन् । मल्लको प्रवचन सङ्ग्रह

रहेको यसमा उनले नेपाली नाटकको परम्परा र आधुनिकताको सम्बन्धमा आफ्ना अन्वेषण र विवेचनालाई प्रवाहमय शैलीमा प्रस्तुत गरेको भनी घिमिरेले उल्लेख गरेका छन् । सम र रिमाल पछिका नाटककारहरूमा मल्लको प्रमुख स्थान रहेको घिमिरेले भूमिकामा बताएका छन् । विजय मल्लले आफ्नै पूर्वमान्यतालाई पनि ग्रहण गर्दै लेख्नु मेरो निमित्त बाध्यता मात्र हैन, कुनै नयाँ पर्दा उर्घानु पनि हो, यसैले सीमा आफूले गाडेको कीलो आफैले नभत्काई पूर्णतातिर लम्किन नसकिने र नाटक एक कलात्मक अभिव्यक्ति र मानव हृदयको नमूना सम्झेर ग्रहण गरिनुपर्छ र त्यसो भएमा मात्र नाटकले सम्पूर्ण मानव हृदयको प्रतिनिधित्व गर्ने छ र कालालीत भएर शाश्वत हुने यस्तै केही सूत्र मल्लको प्रवचन मालामा भेटाइएको घिमिरेले उल्लेख गरेका छन् । ने.रा.प्र.प्र. को सदस्यको नाताले विषयमा प्रवचन गर्नु विजय मल्लको कर्तव्य भित्र पर्न आएको र आफ्नो सदस्यको प्रवचनलाई पुस्तकाकार रूपमा प्रकाशित गर्नु पनि प्रज्ञा- प्रतिष्ठानको कर्तव्य नै हो भनी घिमिरेले भूमिकामा उल्लेख गरेका छन् ।

**विजय मल्ल, कुमारी शोभा, काठमाडौँः ने.रा.प्र.प्र. २०३९ ।**

'कुमारी शोभा' विजय मल्लद्वारा लेखिएको उपन्यास हो जुन रुमानी शैलीमा हृदयको सत्यलाई सरलतासाथ उद्घाटित गरिएको घिमिरेले भूमिकामा उल्लेख गरेका छन् । कुमारी भैइर्सकेकी शोभाले अर्को सँग विवाह गर्न नहुने र गरेमा उसको पति मर्छ भन्ने जुन सामाजिक, धार्मिक परिवेश भित्र युगौं युगदेखि चलि आएका नेपाली संस्कृति बचाउँदै आएको र संस्कृतिका नाममा देखा परेका खराबीहरू र विकृति र विसङ्गतिलाई निरुत्साहित गर्न नसकेको कुरा **कुमारी शोभा** उपन्यासमा रहेको छ भनी घिमिरेले उल्लेख गरेका छन् । हामीले मनुष्य अश्वस्थ हुनका कारणलाई खोज्नुपर्छ र मनप्राणले स्वस्थ मानवको सृजना नै हाम्रो रचनाको अन्तिम उद्देश्य हो र हामीले आफ्नो संस्कृति र आधुनिकतालाई मानवहितको निम्ति उपयुक्त वनाउनुपर्छ भनी यसको भूमिकामा घिमिरेले टिप्पणी गरेका छन् ।

**विजय मल्ल, भित्ते घडी, काठमाडौँः साझा प्रकाशन, २०४० ।**

विजय मल्लले **भित्ते घडी** एकाङ्कीको रचना गरेका छन् । यसमा प्रकाशकीयले विजय मल्ल नेपाली साहित्यका आधुनिक युगका नाटककार विजय मल्लले दुई तीन दशक देखि निरन्तर नाटक लेखेर नयाँ गति दिइरहेका छन् भनी उल्लेख गरेको छ । **भित्ते घडी** नौ वटा एकाङ्कीहरूको सङ्ग्रह हो र यसका नाटकहरू प्रायः प्रतिकात्मक छन् र कुनै विशिष्ट समस्याहरू अथवा निर्दिष्ट कथ्यलाई असाधारण वातावरणमा हुर्काएर असामान्य चरित्र मनः स्थिति घटनाहरूको प्रतीकात्मक समायोजनद्वारा प्रतिबिम्ब गर्ने शैलीमा यसका नाटकहरू सृष्टि भएका र नाटकमा प्रयोग भएको बिम्ब र प्रतीक नै नाट्य विधानका सबैभन्दा महत्वपूर्ण आधार भई प्रस्तुत सम्पूर्ण कथ्य तिनीहरू कै अवलम्बित छन् तिनैद्वारा सम्प्रेषित हुन्छन् भनी प्रकाशकीयले टिप्पणी गरेका छन् । बस्तुगत रूपमा भन्दा यिनै बस्तु यथार्थलाई तीब्र संवेदनामा उचालेर भावगत सम्प्रेषण दिने पद्धतिमा मल्लका एकाङ्कीहरू रचिएका छन् भनी प्रकाशकीयले व्यक्त गरेका छन् ।

**विजय मल्ल, भूलैभूलको यथार्थ तथा पहाड चिच्याइरहेछ, काठमाडौं: ने. रा. प्र. प्र. २०४१ ।**

विजय मल्लले लेखेको **भूलैभूलको यथार्थ तथा पहाड चिच्याइरहेछ** नाटक रुमानी शैलीमा यथार्थको अभिव्यक्ति गर्न सक्नु नै नाटककार विजय मल्लको विशेषता हो भनी घिमिरेले भूमिकामा उल्लेख गरेका छन् । भूलैभूलको यथार्थमा नाटककारका दुई पूर्णाङ्की नाटकहरू सङ्कलित रहेका र भूलैभूलको यथार्थमा पात्रहरू आफूले गरेका भूलहरूमा अल्झेका र यथार्थको उद्घाटन भएपछि समस्या सुल्झेको कुरा देखाइएको र 'पहाड चिच्याइरहेछ' मा नेपालको पहाडी जीवनलाई युद्धको आवजले कसरी त्रस्त पारेको छ भनी अत्यन्त मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ भनी घिमिरेले भूमिकामा टिप्पणी गरेका छन् । **भूलैभूलको यथार्थ** नाटक सुखान्त छ भने **पहाड चिच्याइरहेछ** नाटक दुखान्त रहेको छ भनी घिमिरेले उल्लेख गरेका छन् ।

**विजय मल्ल, परेवा र कैदी, ललितपुरः साझा प्रकाशन, २०६२ ।**

**परेवा र कैदी** विजय मल्लका १३ वटा कथाको सङ्ग्रह रहेको र विभिन्न पत्रपत्रिकामा छरिएर रहेका कथाहरूलाई एकै ठाँउमा बटुलेर प्रकाशन गरेको कुरा प्रकाशकीयले भूमिकामा उल्लेख गरेका छन् । **परेवा र कैदी** सङ्ग्रहमा सङ्ग्रहीत १३ वटा कथाहरू मनोविज्ञान र सामाजिक विषयबस्तुमा आधारित यी कथाहरू सबै पात्रको अन्तरमनको विश्लेषणमा केन्द्रित रहेको छ भनी मल्लज्यूका नयाँ कृतिहरू पाइरहने विश्वासिलो आशा राखेको कुरा प्रकाशकीयले भूमिकामा व्यक्त गरेका छन् ।

## चौथौ परिच्छेद

# विजय मल्लसम्बन्धी शोधअध्ययनहरूको सर्वेक्षण

विभिन्न पत्रपत्रिकाहरू र पुस्तककार र पुस्तक कृतिहरूमा विजय मल्लसम्बन्धी अध्ययनहरू भएजस्तै विभिन्न शोधकार्यका रूपमा पनि मल्लसम्बन्धी विभिन्न अध्ययनहरू हुँदै आइरहेको छ । यस्ता शोधकार्यहरू विधावारिधीय उपाधि र स्नातकोत्तरीय तहको प्रयोजनका लागि भएका छन् । यस परिच्छेदमा मल्लका बारेमा गरिएका विधावारिधीय शोधकार्य र स्नातकोत्तरीय शोधकार्यहरूको अध्ययनका प्राप्तिहरूको चर्चा कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | शोधार्थी | शोधशीर्षक | मिति |
|---|---|---|---|
| १ | पुष्करप्रसाद लोहनी | 'नाटककार गोपालप्रसाद रिमाल र विजयमल्ल' | २०२४ |
| २ | गोविन्दप्रसाद नेपाल | 'विजय मल्लको नाट्यकारिताको विश्लेषण' | २०३७ |
| ३ | हरि घिमिरे | 'विजय मल्लका कथाको विश्लेषणत्मक अध्ययन' | २०३७ |
| ४ | हरिराम दुलाल | 'विजय मल्लको कवित्वको विश्लेषण' | २०३८ |
| ५ | शान्ता कार्की | 'उपन्यासकार विजय मल्ल' | २०४४ |
| ६ | चैतन्यप्रकाश प्रधान | 'एकाङ्कीकार विजय मल्ल' | २०४६ |
| ७ | दुर्गाबहादुर घर्ती | 'अनुराधा उपन्यासको कृतिपरक अध्ययन' | २०५३ |
| ८ | नागेश्वरशाह वैश्य | 'जिउँदो लास नाटकको कृतिपरक अध्ययन' | २०५५ |
| ९ | शङ्करप्रसाद पराजुली | 'अनुराधा शिरीषको फूल' सुम्निमा उपन्यासको तुलनात्मक अध्ययन' | २०५७ |
| १० | चैतन्य प्रधान | 'विजय मल्लको नाट्यकारितामा भूतप्रेतको प्रयोग' | २०५८ |
| ११ | चैतन्य प्रधान | 'विजय मल्लको पूर्णाङ्की नाटकको अध्ययन' | मिति नभएको |
| १२ | नानीमैया श्रेष्ठ | 'एकबाटो अनेक मोड कथा सङ्ग्रहको कृतिपरक अध्ययन' | २०६० |
| १३ | रमा शिवाकोटी | 'विजय मल्लका उपन्यासमा पात्रविधान' | २०६१ |
| १४ | पीताम्बर सापकोटा | 'कुमारी शोभा उपन्यासको कृतिपरक अध्ययन' | २०६२ |
| १५ | नित्यानन्द खतिवडा | 'विजय मल्लका प्रयोगशील नाट्यकृतिको विश्लेषण' | २०६४ |

**पुष्करप्रसाद लोहनी, नाटककार गोपालप्रसाद रिमाल र विजय मल्ल, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०२४ ।**

पुष्करप्रसाद लोहनीले 'नाटककार गोपालप्रसाद रिमाल र विजय मल्ल' शीर्षकको शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि. को मातहतमा रही २०२४ सालमा तयार पारेका हुन् । छ परिच्छेदमा विभाजित प्रस्तुत शोधपत्रलाई यसरी सङ्गठित गरिएको छ, जस अर्न्तगत पहिलो परिच्छेदमा भूमिका, दोस्रो परिच्छेदमा पौरस्त्य नाट्य साहित्यको पादुर्भाव र विकास, तेस्रो परिच्छेदमा पाश्चात्य नाट्य साहित्यको पादुर्भाव र विकास, चौथो परिच्छेदमा नेपाली नाट्य साहित्य, पाँचौ परिच्छेदमा नाटककार गोपालप्रसाद रिमाल र विजय मल्ल, छैठौ परिच्छेदमा उपसंहार गरी जम्मा छ परिच्छेदमा बाँधिएको यो शोधपत्र १५५ पृष्ठमा आधारित छ । यस शोधपत्रमा लोहनीले पूवीय देशमा र पश्चिममा नाटकको सुरुवात धार्मिक परम्पराबाट भएको र गोपालप्रसाद रिमाल र विजय मल्लमा पाइने विशेषतालाई संक्षिप्त रूपमा उल्लेख गरेका छन् । पूर्वीय र पश्चिम नाट्य सिद्धान्तले नाटकलाई सुखान्त र दुखान्त पक्ष लिई संसारभरका नाटककारहरूलाई प्रभाव पारेको लोहनीले टिप्पणी गरेका छन् । नेपाली नाटकमा नाटकीय परम्परालाई तोडेर समस्याप्रधान नाटक लेखेका रिमालले मानिस भित्रको कमजोरी कुण्ठा र विद्रोहको रूपलाई छलङ्ग पार्दै सामाजिक मान्यताभित्र खाँदिएर रहेको व्यक्तित्वले कसरी स्वतन्त्रता प्राप्तिको लागि आवज उठाउँछ र जीवनको सम्पूर्णतामा खलबल पारिदिन्छ भन्ने कुरालाई लोहनीले उल्लेख गरेका छन् । प्रेम मानिसको लागि आवश्यक हो तर आर्दशवादी प्रेमले मानिसको जीवन बरबाद हुन्छ र मानिस आफ्नो क्षणिक स्वार्थका लागि आफ्नो परम्परासित विद्रोह गर्न पुगेको र रिमालले समस्यापूर्ण जीवनलाई नाटकद्वारा व्यक्त गरेको लोहनीले उल्लेख गरेका छन् । विजय मल्लले त्यही समस्यालाई अझ बढ्ता मनोवैज्ञानिक र राजनैतिक तरिकाबाट नाटकलाई अघि बढाएर समस्याको खोजतलासी गर्दै मानिसको परम्परासितको विद्रोह सधैं रहिरूहन्छ र त्यही क्रममा विभिन्न किसिमको मानसिक द्वन्द्व, छटपटी र कुण्ठा समेत जन्मी स्वस्थ वातावरणलाई खलबलाई दिने हुनाले मूलकुरा थाहा नपाईकन समस्या समाधान गर्न नसकिने हुनाले समस्याको जरो पत्ता लगाई मनोविैज्ञानिक तरिकाले समस्याको समधान गर्नु उपयुक्त रहेको मल्लले व्यक्त गरेका छन् भनी लोहनी ले टिप्पणी गरेका छन् । यो बीसौं शताब्दीको युगमा छटपटी र निराशा सिवाय केही नभएकाले एउटा बौद्धिकता र मनोविश्लेषणद्वारा आफूलाई चिन्न सक्यो र समाजसित सम्झौता गर्न सक्यो भने त्यसले शान्ति पाँउछ होइन भने उसको असन्तोषले सबैलाई दुःख दिएर हैरान बनाउने जस्ता समास्यामाथि ध्यान दिएर रिमाल र मल्लले समस्या समाधान गर्न पट्टि लागिरहेको लोहनीले यस शोधपत्रमा जानकारी दिएका छन् ।

**गोविन्दप्रसाद नेपाल, विजय मल्लको नाट्यकारिताको विश्लेषण, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०३७ ।**

'विजय मल्लको नाट्यकारिताको विश्लेषण' शीर्षकको शोधपत्र गोविन्दप्रसाद नेपालद्वारा लेखिएको हो र यो शोधपत्रमा तीन परिच्छेद विभाजित छ । यसको पहिलो परिच्छेदमा विजय मल्लको नाट्यकारिता नेपाली नाट्य परम्परा, नाटककार विजय मल्ल, दास्रो परिच्छेदमा विजय

मल्लको नाट्यकारिताको विश्लेषण, तेस्रो परिच्छेदमा विजय मल्लको नाट्यकारिताको मूल्याङ्कन गरी तीनवटा परिच्छेदमा शीर्षकीकरण गरिएको छ । जम्मा १०६ पृष्ठमा अनुवन्धित गरिएको यो शोधपत्र भट्टराईले वि.सं. २०३७ सालमा नेपाली केन्द्रीय विभागको मातहतमा रही पूरा गरेका छन् । यसमा नेपालले विजय मल्लको नाट्यकारितालाई केलाएका छन् । आधुनिक नेपाली नाट्य साहित्यका बहुमुखी प्रतिभा भएका विजय मल्ल (१९८२-२०५६) ले आफ्नो नाट्ययात्रा २००१ मा **राधा मान्दिन** एकाङ्की लेखी सुरुवात गरेका मल्लका एक दर्जन भन्दा बढी एकाङ्की र पूर्णाङ्की नाटकहरू रहेका मल्लका **कोही किन बरबाद होस**, **जिउँदो लास**, **भोलि के हुन्छ ?**, **पूर्णाङ्की र पत्थरको कथा, स्मृतिको पर्खालभित्र**, **पहाड चिच्याइरहेछ, बहुला काजीको सपना, भूलैभूलको यथार्थ** जस्ता एकाङ्कीसङग्रह रहेको नेपालले उल्लेख गरेका छन् । मल्लका यी नाटक र एकाङ्कीमा बालमनोविज्ञान फ्रायडको विकृत मनोविज्ञानको प्रयोग, सामाजिक परम्पराबाट बढ्दै आएर मन र मतिष्कमा जमेको दुषित विचारको प्रस्तुति, तेस्रो विश्वयुद्धले संसार ध्वस्त हुने सम्भावना र यसले गर्दा बुद्धिजीविहरूमा आएको नैराश्यको चित्रण मल्लका नाटकमा रहेको नेपालले टिप्पणी गेका छन् । मल्लको नाट्यकारितालाई मूल्याङ्कन गर्दा विभिन्न प्रतीक योजना, बस्तुसङ्गठन र रचनाविधान, चरित्रचित्रण, भाषाशैली तथा संवादको प्रयोग, समस्या तथा समाजचित्रणका आधारमा गरिएको नेपालले उल्लेख गरेका छन् । चार नेपाली नाटककारहरूसँग विजय मल्लको नाट्यकारितालाई तुलना गर्दा तिवारीमा सामाजिकता र सरलता, रिमाल र गोठालेमा समस्या, प्रतीकात्मकता र मनोवैज्ञानिकता, सममा चिन्तनशिलता र मल्लका मूल्य यथार्थतालाई वरण गर्दै जाँदा पनि अतियथार्थता विसंङ्गति परम्परामा देखिएका नाटककार र नेपाली नाट्य धाराका रूपमा गतिशील नेपाली नाटककारहरूमा सबै भन्दा आधुनिक र पाश्चात्य नाट्य प्रयोग गर्ने नाटककारका रूपमा नेपालले यस शोधपत्रमा औंल्याएका छन् ।

**हरि घिमिरे, विजय मल्लको कथाको विश्लेषणत्मक अध्ययन, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०३७ ।**

हरि घिमिरेले *विजय मल्लको कथाको विश्लेषणत्मक अध्ययन* शीर्षकको स्नातकोत्तर तहको शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि को मातहातमा रही २०३७ सालमा तयार पारेका हुन् । आठ परिच्छेदमा विभाजित प्रस्तुत शोधपत्रलाई यसरी सङ्गठित गरिएको जस अर्न्तगत पहिलो परिच्छेदमा शोधपरिचय, दोस्रो परिच्छेदमा आधुनिक नेपाली कथा परम्परा र विजय मल्ल, तेस्रो परिच्छेदमा विजय मल्ल पूर्व नेपाली कथा, चौथौ परिच्छेदमा विजय मल्लका समवर्ती कथाकार, पाँचौ परिच्छेदमा विजय मल्लका कथाको विश्लेषण, छैठौ परिच्छेदमा चरणविभाजन र विश्लेषण सातौ परिच्छेदमा समष्टिमा कथाकार विजय मल्ल र आठौं परिच्छेदमा उपसंहार गरी जम्मा आठ परिच्छेदमा ८१ पृष्ठको घिमिरेले एउटा पूर्ण शोधपत्र तयार पारेका छन् । आधुनिक नेपाली कथाको सुरुवात १९९१ मा गुरूप्रसाद मैनालीको **नासो** कथा प्रकाशन भएपछि आरम्भ भएको यस कथाले सामाजिक यथार्थवादी प्रवृत्तिलाई समेटेको र विश्वेश्वरप्रसाद कोइरालाले अँगालेको प्रवृत्तिभन्दा भिन्न प्रवृत्ति अँगालेर कथा लेख्ने कथाकार विजय मल्लका कथासङग्रह **एकबाटो अनेक मोड** ( २०२६), **परेवा र कैदी** (२०३४) मा असामान्य र मनोविकृत पात्रको चित्रण रहेको घिमिरेले उल्लेख

गरेका छन् । मल्लको कथाको चरण विभाजन गरेर विश्लेषण गर्दा मल्लका कथालाई पहिलो चरण (२०००-२०१३), दोस्रो चरण (२०१४-२०२९), तेस्रो चरण (२०३०-२०३६) गरी जम्मा तीन चरणमा वर्गीकरण गरिएको यो चरणका कथाहरूमा पाइने प्रवृत्तिलाई समष्टिमा हेर्दा घटनालाई यथार्थ रूपमा प्रस्तुत गर्ने पात्रका मानसिक ग्रन्थिका केस्रा केस्रा केलाउने एक मनोवैज्ञानिक यथार्थवादी कथाकारका रूपमा घिमिरेले टिप्पणी गरेका छन् । फ्रायडीय सूत्रबाट शासित भएका उहाँका पात्रहरू असामान्य विकृत, रुग्ण र विक्षिप्त रहेका उनका कथाको भावभूमि नारी रहेका र नारीपात्रको सृजना गरेर मल्लले कामेच्छाको असन्तुष्टिबाट उनीहरूलाई समाजसँग विद्रोह र संघर्षशील बनाउनु रहेको घिमिरेले टिप्पणी गरेका छन् । नेपाली कथा साहित्यमा मनोविश्लेषणको प्रयोग गर्ने कथाकार मल्लका कथामा रतिरागात्मक मनोविकृत पात्र, नारीपात्र, अस्तित्ववादी कथाकार, वैज्ञानिक दृष्टिकोण जस्ता प्रवृत्तिहरू रहेका मल्ल नेपाली साहित्यका आधुनिक कथाकार रहेको घिमिरेले उल्लेख गरेका छन् ।

**हरिराम दुलाल, विजय मल्लको कवित्वको विश्लेषण र मूल्याङ्कन, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०३८ ।**

हरिराम दुलालले 'विजय मल्लका कवित्वको विश्लेषण र मुल्याङ्कन' शीर्षकको स्नातकोत्तर तहको शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि. को मातहातमा रही २०३८ सालमा पूरा गरेका हुन् । तीन अध्यायमा विभाजित प्रस्तुत शोधपत्रको पहिलो अध्ययमा विजय मल्लको परिचय, दोस्रो अध्यायमा विजय मल्लको कवित्व विश्लेषण, तेस्रो अध्यायमा विजय मल्लको मूल्याङ्कन गरी जम्मा तीन परिच्छेदमा र ११९ पृष्ठमा अनुबन्धित छ । यस शोधपत्रमा दुलालले विजय मल्लको कवि व्यक्तित्वलाई केलाउने काम गरेका छन् । विजय मल्लले आफ्नो साहित्यिक यात्रा कविताबाट प्रारम्भ गरेका मल्लको कवित्व १९९७ साल देखि नै सलबलाउन थालेको र साहित्यिक व्यक्तित्व र राजनैतिक व्यक्तित्व भएका विजय मल्ल पछि आएर साहित्यकै क्षेत्रमा समर्पित भएका र उनको कवि व्यक्तित्व प्रौढ हुदै गएको दुलालले उल्लेख गरेका छन् । मल्लका कवितामा बौद्धिकता पाइए पनि रोमान्टिक प्रवृत्तिको विशेष प्रवाह र आर्कषक रहेको दुलाले जानकारी दिएका छन् । विजय मल्लका कवितामा संवेदनशीलता र हार्दिकता पाइनुका साथै उनको मूलभूत उपलब्धि भनेको अन्तराष्ट्रियता र क्रान्तिकारिता रहेको दुलालले बताएका छन् । कवि विजय मल्ल रिमाल र भूपिको कवित्वका दृष्टिले हल्का देखिए पनि त्यस हल्का पनलाई उनको बौद्धिकता र चिन्तन पक्ष तथा शिल्प पक्षको नयाँ-नयाँ प्रयोगले धेरै वजनदार पारेको र उनी परम्पराका विद्रोही कवि, नयाँ मूल्य र मान्यताको स्थापाना गर्नु मल्लको कवित्वको वैशिष्ट्य रहेको दुलालले उल्लेख गरेका छन् । बीसौं शताब्दीको युगबोध, अन्तराष्ट्रिय स्वर, क्रान्तिकारी भावना र समाजको बस्तु सत्यताको उद्घाटन पाइए पनि उनका अधिकांश कविता विशुद्ध हुन नसकेर स्वर मात्र भएकाले सिङ्गो कवि मल्लका चोखो कवित्व पाउँन नसकेको कुरा दुलालले टिप्पणी गरेका छन् । आधुनिक कवि विजय मल्ल प्रगतिशील विचार भएका प्राचीन पुस्ता भन्दा आधुनिक पुस्ताप्रति विश्वास, सामाजिक कटुसत्यको उद्घाटन विश्वसमस्या, अन्याय र असमानताको विद्रोहलाई सुत्रात्मक संक्षिप्त र कतै अभियञ्जना मूलक शैलीलाई व्यङ्ग्य र विद्रोहले चमक दिने मल्ल समस्या र यथार्थका प्रर्वतक

रहेका र नेपाली कविता परम्परामा नयाँ-नयाँ क्षितिज उघार्ने एक उल्लेखनिय कविका रूपमा दुलाले यस शोधपत्रमा टिप्पणी गरेका छन् ।

**शान्ता कार्की, उपन्यासकार विजय मल्ल, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०४४ ।**

'उपन्यासकार विजय मल्ल' शीर्षकको शोधपत्र शान्ता कार्कीद्वारा लेखिएको हो र यो शोधपत्र चार परिच्छेदमा विभाजित छ । यसमा प्राक्कथन शोधशीर्षक, पहिलो परिच्छेदमा उपन्यासको उत्पति, परिभाषा र प्रवृत्ति, दोस्रो परिच्छेदमा विजय मल्लको उपन्यासकारिताको मूल्याङ्कन, तृतीय परिच्छेदमा विजय मल्लका उपन्यासहरूको विशेषता र विश्लेषण, चौथौ परिच्छेदमा निष्कर्ष गरी जम्मा चार परिच्छेदमा शीर्षकीकरण गरिएको छ । जम्मा ६८ पृष्ठमा अनुबन्धित यो शोधपत्रमा कार्कीले वि.सं. २०४४ सालमा नेपाली केन्द्रीय विभागको मातहतमा रही पूरा गरेकी हुन् । यस शोधपत्रमा कार्कीले विजय मल्लको उपन्यासकारिताको विश्लेषण गरेकी छिन् । नेपाली उपन्यास साहित्यको इतिहासलाई हेर्दा त्यति लामो नभएको र त्यसमा पनि आधुनिक नेपाली उपन्यासको प्रारम्भ १९९१ सालमा रुद्रराज पाण्डेको **रूपमती** उपन्यासले गरेको थियो भने वैयक्तिक मानसिक वास्तविकताको चित्रण गरी उपन्यास लेखिएको भने २०१६ सालमा गोविन्द गोठालेको **पल्ल घरको झ्याल** भए पनि यसले पूर्णता पाउन नसकको अवस्थामा विजय मल्लको **अनुराधा** (२०१८) उपन्यासले यसको अभावपूर्ति गरिदिएको कार्कीले टिप्पणी गरेकी छिन् । उपन्यासकार मल्लले आफ्ना उपन्यासमा मनोवैज्ञानिक मानसिक गुजुल्टो फुकाउन सक्नु मल्लको विशिष्ट रहेको उल्लेख गर्दै मल्लले मानिसको अवचेतन, अचेतन मनका विश्लेषक भएपनि उनका दुवै उपन्यासले सामाजिक पक्षलाई पृष्ठभूमिका रूपमा स्वीकारेको कार्कीले उल्लेख गरेकी छिन् । मल्लको **अनुराधा** (२०१८) र **कुमारी शोभा** (२०३९) दुई वटा उपन्यास मध्ये **अनुराधा** उपन्यासमा फ्रायडवादी सिद्धान्त सतहमा लिएर विश्लेषण गरिएको छ भने **कुमारी शोभा** उपन्यासमा फ्रायडवादी प्रवृति ज्यादै गहिरिएको तथा सुक्ष्म रूपमा प्रयोग भएको कार्कीले उल्लेख गरेकी छिन् । मल्लका उपन्यासमा पात्रको बाह्य यथार्थलाई भन्दा आन्तरिक अव्यक्त यथार्थलाई बढी महत्व दिने विजय मल्लको वर्णन विश्लेषणत्मक शैली प्रखर, बौद्धिक तार्किक चीरित्र सिर्जनाका कारणले मल्लका उपन्यास विशिष्ट प्राप्ति बनेको कार्कीले जानकारी दिएकी छिन् । नेपाली उपन्यासमा स्मरण प्रविधिलाई व्यापक रूपमा सर्वप्रथम प्रयोग गरेका मल्ल २०१८ साल पछि जति सशक्त मनोवैज्ञानिक उपन्यासकार देखिए त्यति अरू नदेखिएको र मनोवैज्ञानिक उपन्यासकारहरूका तुलनामा मल्ललाई सर्वोच्च स्थामा राखिएको कुरा कार्कीले उल्लेख गरेकी छिन् ।

**चैतन्य प्रधान, एकाङ्कीकार विजय मल्ल, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०४६ ।**

चैतन्य प्रधानले 'एकाङ्कीकार विजय मल्ल' शीर्षकको शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि. को मातहातमा रही यही २०४६ सालमा तयार पारेका हुन् । पाँच परिच्छेदमा प्रस्तुत शोधपत्रलाई यसरी सङ्गठित गरिएको छ जस अर्न्तगत प्राक्कथनमा शोधशीर्षक, पहिलो परिच्छेदमा एकाङ्कीकार विजय मल्लको जीवनी, दोस्रो परिच्छेदमा नेपाली एकाङ्की परम्परा र विजय मल्ल, तेस्रो

परिच्छेदमा विजय मल्लको एकाङ्कीहरूको विश्लेषण, चौथो परिच्छेदमा समष्टिमा एकाङ्कीकार विजय मल्ल, पाँचौ परिच्छेदमा उपसंहार गरी जम्मा पाँच परिच्छेदमा विभाजित प्रस्तुत शोधपत्र ८५ पृष्ठको रहेको छ । यस शोधपत्रमा प्रधानले विजय मल्लको एकाङ्कीकारिताबारे संक्षिप्त चर्चा गरेका छन् । २००१ सालमा **राधा मान्दिन** एकाङ्की लेखी एकाङ्की यात्रा प्रारम्भ गरेका मल्लका एकाङ्की आधा दर्जन भन्दा बढी रहेको प्रधानले उल्लेख गरेका छन् । नेपाली साहित्यमा आधुनिक नेपाली एकाङ्कीको थालनी **लक्ष्यहीन, बोक्सी** एकाङ्कीबाट भएपछि मल्लले पनि मनोवैज्ञानिक एकाङ्की लेखेको प्रधानले टिप्पणी गरेका छन् । मल्लका एकाङ्कीहरूको अध्ययन गर्दा यिनको मूलप्रवृत्ति मनोवैज्ञानिक यथार्थ रहेको प्रधानले उल्लेख गरेका छन् । उनको एकाङ्की यात्रालाई तीन चरणमा विभाजन गरिएको पहिलो चरण (२००१-२०१७), दोस्रो चरण (२०१८-२०३३) तेस्रो चरण (२०३३-२०४०) रहेको यस चरणहरूमा मल्लका अर्न्तमुखी मनोवृतिको चित्रण, रुग्ण पात्रहरूको उद्घाटन, भूतप्रेत र अदृश्य शक्तिको प्रभावले मानसिकतामा पर्न सक्ने विकृतिको चित्रण, यान्त्रिकता, वैज्ञानिक प्रभाव, विसंगतिवादी, अस्तित्वावदी चिन्तन जस्ता प्रवृत्ति पाइएको प्रधानले उल्लेख गरेका छन् । बाह्य जगत्बाट प्रभाव लिएर आन्तरिक मनोविश्लेषणको तहमा पुगेका मल्लले मनोविकृत तथा रुग्ण व्यक्ति पात्रलाई उभ्याएर विश्व मानवको मानसिकताको धेरथोर अभिव्यञ्जना गर्न सक्ने एक मात्र एकाङ्कीकार हुन पुगेको प्रधानले उल्लेख गरेका छन् । मल्लका एकाङ्की रचनामा भाषागत कमजोरीहरूको पाइएको, शीर्षक राख्ने क्रममा कहिलेकाही हेरफेर भई रहेको जस्ता कमजोरी देखिएपनि नेपाली एकाङ्की साहित्यमा मनोविश्लेषण गर्ने साहित्यकारहरूमध्ये विजय मल्ल सर्वोच्च प्रतिभा रहेका र नेपाली एकाङ्की क्षेत्रमा अपूर्व योगदान दिएका यस युगका सशक्त एकाङ्कीकार हुन पुगेको प्रधानले औँल्याएका छन् ।

**दुर्गाबहादुर घर्ती, 'अनुराधा उपन्यासको कृतिपरक अधयरन, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०५३ ।**

'अनुराधा उपन्यासको कृतिपरक अध्ययन' शीर्षकको शोधपत्र दुर्गाबहादुर घर्तीद्वारा लेखिएको हो र उक्त शोधपत्र नेपाली केन्द्रीय विभागको मातहतमा रही २०५३ सालमा पूरा भएको हो । पाँच परिच्छेदमा सङ्गठित यस शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको परिचय, दोस्रो परिच्छेदमा उपन्यासको सैद्धान्तिक परिचय, तेस्रो परिच्छेदमा उपन्यासकार विजय मल्ल र नेपाली उपन्यास परम्परामा अनुराधा उपन्यास, चौथो परिच्छेदमा **अनुराधा** उपन्यासको कृतिपरक अध्ययन, पाँचौ परिच्छेदमा उपसंहार गरी जम्मा पाँच परिच्छेदमा बाँधिएको यो शोधपत्र २७७ पृष्ठमा आधारित छ । विजय मल्ललाई उपन्यासकारको रूपमा प्रतिष्ठित गराउने मनोवैज्ञानिक र पहिलो उपन्यास **अनुराधा** (२०१८) उपन्यास हो र यस उपन्यासलाई कथाबस्तु, पात्र वा चरित्र चित्रण विभिन्न प्रतीकको प्रयोग, संवाद, भाषाशैली र उदेश्यका आधारमा अध्ययन गरिएको घर्तीले उल्लेख गरेका छन् । **अनुराधा** उपन्यास नेपाली उपन्यास परम्परामा आधुनिक कालको चौथो मोडमा देखा परेको यो उपन्यासको कथाबस्तु अनुराधा र कोमलमानको कथा सँगसगै र अन्योन्याश्रित रूपमा प्रवाहित भएको घर्तीले उल्लेख गरेका छन् । **अनुराधा** उपन्यासको कथाबस्तु वर्तमानबाट सुरु भएर विगततिर विचरण गर्दै वर्तमानमा आएर टुङ्गिएको हुनाले यसको कथानक रैखिक नभएर वृत्ताकारीय रहेको घर्तीले टिप्पणी गरेका छन् । पात्र वा चरित्र चित्रणका दृष्टिले यस

उपन्यासलाई लिङ्गका आधारमा स्त्री पात्र र पुरुष पात्र कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकुल र प्रतिकुल, स्वभावका आधारमा गतिशिल र गतिहिन, जीवनचेतनाका आधारमा व्यक्तिगत र वर्गीय पात्र रहेको घर्तीले उल्लेख गरेका छन् । द्वन्द्वका दृष्टिले पनि उत्कृष्ट किसिमको रहेको यस उपन्यासमा आन्तरिक र बाह्य द्वन्द्वको कुशलतापूर्वक चित्रण गरिएको र प्रतीकको माध्यमबाट मान्छेका दमित इच्छाहरूलाई यस उपन्यासमा उल्लेख गरिएको कुरा घर्तीले जानकारी दिएका छन् । **अनुराधा** उपन्यासमा संवादको प्रयोग गरेर पात्रहरूको चारित्रिक विशेषता उद्घाटित गरिएको यस उपन्यासको भाषाशैली सामान्य बोलीचालीमा प्रयोग हुने भन्दा विशिष्ट किसिमको रहकोे घर्तील टिप्पणी गरेका छन् । **अनुराधा** उपन्यास उत्तरवर्ती उपन्यासका लागि नयाँ मार्ग रेखाङ्कन गर्ने नवीनतम उपलब्धि रहेको घर्तीले यस शोधपत्रमा औल्याएका छन् ।

**नागेश्वर शाह वैश्य, 'जिउँदो लास' नाटकको कृतिपरक अध्ययन' स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०५५ ।**

'जिउँदो लास नाटकको कृतिपरक अध्ययन' शीर्षकको लेख नागेश्वर शाह वैश्यद्वारा लेखिएको हो र यो शोधपत्र चार परिच्छेदमा विभाजित छ । यसको पहिलो परिच्छेदमा शोधपत्रको परिचय, दोस्रो परिच्छेदमा नाटकको सैद्धान्तिक स्वरूप, तेस्रो परिच्छेदमा **जिउँदो लास** नाटकको कृतिपरक अध्ययन, चौथौ परिच्छेदमा शीर्षकीकरण गरिएको छ । जम्मा ९४ पृष्ठमा अनुबन्धित यो शोधपत्र नागेश्वरशाह वैश्यले वि.स. २०५५ सालमा नेपाली केन्द्रीय विभागको मातहातमा रही पूरा गरेका हुन् । नेपाली साहित्यका बहुमुखी प्रतिभा भएका विजय मल्लको **जिउँदो लास** (२०१७) नाटक हेनरिक इव्सेनद्वारा लिखित **जनताको शत्रु** नाटकबाट प्रेरणा लिई यस नाटकमा पर्याप्त परिवर्तन गरेर मैलिक नाटक बनाएको वैश्यले उल्लेख गरेका छन् । 'जिउँदो लास' नाटकलाई कथाबस्तु, चरित्रचित्रण, संवाद द्वन्द्व भाषाशैली, परिवेश र उदेश्यका आधारमा विश्लेषण गरिएको वैश्यले उल्लेख गरेका छन् । **जिउँदो लास** नाटकको शीर्षक मुख्य नायिकाकै केन्द्रीयतामा यसको कथाबस्तु आधारित भएकाले पात्रविधानका साथै विभिन्न दृष्टिले यो शीर्षक सार्थक रहेको र यसको कथाबस्तु झीनो र दुर्वल रहेको वैश्यले उल्लेख गरेका छन् । प्रस्तुत नाटक पात्रविधानका दृष्टिले सफल रहेको यस नाटकका पात्रहरू तत्कालनि समयको यथार्थतालाई देखाउन सफल भएका र सहरिया परिवेशको सत र असत् पात्रको द्वन्द्व देखाउनका लागि विभिन्न पात्रहरू चयन गरिएको वैश्यले उल्लेख गरेका छन् । संवाद योजनामा सरलता, सङ्क्षिप्तता, स्वभाविकता, गतिमयता, कोमलता र प्रतीकात्मकता **जिउँदो लास** नाटकमा पाइएको वैश्यले टिप्पणी गरेका छन् । काठमाडौं, पाटन, कलकत्ता र कानपुर जस्ता परिवेशहरू रहेको यस नाटकको भाषाशैली सरल, तद्भव शब्दहरूको प्रयोग भएको तीन अङ्क र दृश्य नभएको रङगमञ्चमा सजिलै अभिनय गर्न सकिने एक सफल नाटकका रूपमा वैश्यले टिप्पणी गरेका छन् । **जिउँदा लास** नाटकमा बाह्य र आन्तरिक दुवै किसिमका द्वन्द्वविधान पाइए पनि बाध्य द्वन्द्व भन्दा आन्तरिक द्वन्द्वले यो नाटक चरमोत्कर्ष प्राप्त गरेको र बौद्धिक तर विवश मान्छेको प्रवृत्ति, कुण्ठा र बौद्धिक आवेगलाई प्रतिबिम्बित गर्न आफ्नो उदेश्य बनाएका नाटकको रूपमा वैश्यले औल्याएका छन् ।

**शङ्करप्रसाद कोइराला, 'अनुराधा, शिरीषको फूल, सुम्निमा उपन्यासको तुलनात्मक अध्ययन' स्नातकोत्तर शोधपत्र, स्नातकोत्तर क्याम्पस, विराटनार, २०५७ ।**

शङ्करप्रसाद कोइराला 'अनुराधा, शिरीषको फूल, सुम्निमा उपन्यासको तुलनात्मक अध्ययन' शीर्षकको स्नातकोत्तर शोधपत्र लेखेका छन् । यो शोधपत्र स्नातकोत्तर क्याम्पस विराटनगरको मातहतमा २०५७ सालमा पूरा भएको हो । सातौ परिच्छेदमा विभाजित प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय, दोस्रो परिच्छेदमा उपन्यासको सैद्धान्तिक पृष्ठभूमि र नेपाली उपन्यासको विकासक्रम, तेस्रो परिच्छेदमा अस्तित्ववाद विसंङ्गतिवाद र मनोविज्ञान एक सामान्य परिचय, चौथो परिच्छेदमा **अनुराधा**, **शिरीषको फूल** र **सुम्निमा** उपन्यासको कृतिपरक अध्ययन, पाँचौ परिच्छेदमा **अनुराधा**, **शिरीषको फूल** र **सुम्निमा** उपन्यासको तुलनात्मक अध्ययन, छैठौ परिच्छेदमा शोधपत्र सम्बन्धी अन्य विवरण, सातौ परिच्छेदमा शोध सारांश गरी जम्मा सात परिच्छेदलाई ९९ पृष्ठमा अनुबन्धित गरिएको यो शोधपत्र कोइरालाले २०५७ सालमा पूरा गरेका हुन् । आधुनिक नेपाली उपन्यासको सर्न्दभलाई कोट्याउदा रुद्रराज पाण्डेको **रूपमती** (१९९१) उपन्यास सम्म पुग्नु पर्ने कुरा कोइरालाले उल्लेख गरेका छन् । नेपाली उपन्यासको क्षेत्रमा मनोविज्ञानको प्रयोग गोविन्दबहादुर गोठालेको **पल्लो घरको झ्याल** (२०१६) प्रकाशन भएपछि भएको र त्यसलाई अझ सशक्त रूपमा मनोविज्ञानको प्रयोग गरी विजय मल्लले **अनुराधा** (२०१८) उपन्यास लेखेका हुन र यस उपन्यासमा पात्रहरूको चेतन, अवचेतन र अचेतन मनको विश्लेषण सशक्त रूपमा यस उपन्यास मार्फत गरेको कोइरालालले टिप्पणी गरेका छन् । पारिजातको **शिरीषको फूल** (२०२२) उपन्यासमा अस्तित्ववादलाई सशक्त रूपमा प्रयोग गरिएको यस उपन्यासले मान्छेका जीवनका बाध्यता, निस्सारता, लक्ष्यहीन शुन्यताको चित्रण गर्नु यस उपन्यसाको उद्देश्य रहेको कोइरालाले उल्लेख गरेका छन् । विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा** (२०२५) उपन्यासमा आर्य सस्कृति र किरात सस्कृतिको बीच द्वन्द्व रहेको यस उपन्यासमा आध्यात्मिकता र भौतिकता एक अर्काको अभावमा जीवन अपुरो हुन्छ भन्ने कुरा यस उपन्यासमा देखाइएको कोइरालाले उल्लेख गरेका छन् । **अनुराधा**, **शिरीषको फूल** र **सुम्निमा** उपन्यासको तुलनात्मक अध्ययन गर्दा **अनुराधा** उपन्यास मनोविज्ञानमा आधारित, **शिरीषको फूल** अस्तित्ववादमा आधारित र **सुम्निमा** उपन्यास आध्यत्मिकता र भौतिकतामा आधारित रहेको कोइरालाको उल्लेख गरेका छन् ।

**चैतन्यप्रसाद प्रधान, 'विजय मल्लको नाट्यकारितामा भूतप्रेतको प्रयोग, लघु अनुसन्धान, विश्वविधालय अनुदान आयोग, २०५८ ।**

विजय मल्लको नाट्यकारितामा भूतप्रेतको प्रयोग शीर्षकको स्नातकोत्तर शोधपत्र चैतन्यप्रकाश प्रधानले लेखेका छन् । पाँच परिच्छेदमा विभाजित प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय, दोस्रो परिच्छेदमा व्यक्तित्व, तेसो परिच्छेमा कृतित्व, चौथो परिचछेदमा विजय मल्लको नाट्यकारितामा भूतप्रेतको विश्लेषण, पाँचौ परिच्छेदमा उपसंहार गरी जम्मा पाँच परिच्छेदमा विभाजित गरी शीर्षकीकरण गरिएको छ । जम्मा ७४ पृष्ठमा अनुबन्धित यो शोधपत्र प्रधानले वि.सं. २०५८ सालमा लधु अनुसन्धान, विश्वविधालय अनुदान आयोगको मातहातमा रही पूरा गरेका हुन् । नेपाली साहित्य जगतका वरिष्ठ साहित्यकार विजय मल्लले नाट्य सिर्जना

परम्परा भन्दा छुटै पारामा लागेर भिन्नै नाट्यकलाको प्रयोग गरेका मल्लले आफ्ना नाटकमा नयाँ प्रयोगको बान्की प्रस्तुत गरेका कुरा प्रधानले टिप्पणी गरेका छन् । नेपाली नाट्य धारामा छुट्टै विशेष छटा कायम गरेका र अन्य नाटककारहरू भन्दा भिन्न र अलग पहिचान राख्न सफल नाटककार मल्ल नवीन नेपाली नाट्य धाराको प्रर्वतकका रूपमा स्थापित प्रतिनिधि नाटककार हुन पुगको प्रधानले व्यक्त गरेको छन् । विजय मल्ले आफ्ना एकाङ्की नाटक **पत्थरको कथा** मा सामान्तीको षड्यन्त्रद्वारा पालैपालो मारिएकाहरू प्रेत-लोकमा पुगेका र सामान्तहरू पनि मृत्युको मुखमा परी त्यही प्रेत-लोकमा सबैका सामु आईपुगी यिनै दुवै वर्गबीचको अर्न्तद्वन्द्व भएको, **नाम नभएको मान्छे**, एकाङ्की नाटकमा मृत-आत्माको अपूरो कार्य या मनोकांक्षा देखाउनकै निमित्त नाटककारले स्वैरकल्पनाको माध्यमबाट यहाँ भूतप्रेतको प्रयोग गरेका र **भकुण्डे भूत** एकाङ्की नाटकमा आदिमतापरक र भूतप्रेतको प्रयोग भएको साथै नौलो शैली र ढाँचाको प्रयोग भएको अत्याधुनिक नाटक रहेको प्रधानले उल्लेख गरेका छन् । स्वरैकल्पना भूतप्रेतको प्रयोग र उपस्थितिले मानवीय समाज र जीवनमा यथातथ्य चित्रण गर्नु नै विजय मल्लको नाट्यगत विशेषता रहनुका साथै नाट्यकृतिमा प्रयोगधर्मिताको निर्वाह गर्दै प्रतीक, बिम्ब, भूतप्रेतको स्वप्निल मनः स्थितिको उद्घाटन गरिएको प्रधानले टिप्पणी गरेका छन् ।

**चैतन्य प्रधान, विजय मल्लको पूर्णाङ्की नाटकको अध्ययन र विश्लेषण, शोधपत्र, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं ।**

चैतन्य प्रधानले 'विजय मल्लको पूर्णाङ्की नाटकको अध्ययन र विश्लेषण' शीर्षकको शोधपत्र लेखेका छन् । छ परिच्छेदमा विभाजित प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा विजय मल्लको पूर्णाङ्की नाटकको अध्ययन र विश्लेषण, दोस्रो परिच्छेदमा नाटककार विजय मल्लको व्यक्तित्व, तेस्रो परिच्छेदमा नेपाली नाट्य परम्परा र नाटककार विजय मल्ल, चौथो परिच्छेदमा विजय मल्लको नाट्ययात्रा, पाँचौ परिच्छेदमा पूर्णाङ्की नाटकहरूको अध्ययन र विश्लेषण, छैठौं परिच्छेदमा उपसंहार गरी जम्मा ६ परिच्छेदमा प्रधानले सङ्गठित गरेका छन् । नेपाली साहित्य जगतका बहुआयामिक प्रतिभा विजय मल्लमा पूर्णाङ्की नाटकहरू **कोही किन बरबाद होस्** (२०१६), **जिउँदो लास** (२०१७), **भोलि के हुन्छ?** (२०२४) रहेको प्रधानले उल्लेख गरेका छन् । मल्लका **कोही किन बरबाद होस** नाटकमा मातृप्रेमबाट प्रधानले उल्लेख गरेका छन् । मल्लका **कोही किन बरबाद होस्** नाटकमा मातृप्रेमबाट वञ्चित एक बालकको मनस्थिति कसरी अपराधिक मनोग्रन्थिले ग्रसित हुन्छ भन्ने समस्याप्रधान रचित यस नाटकमा असामान्य मनोविज्ञानको मनोविश्लेषण गरी सुधार र समाधानको मार्गतिर उन्मुख गराउने चेष्टा गरिएको कुरा प्रधानले उल्लेख गरेका छन् । 'जिउँदो लास' नाटकमा नयाँ र पुराना पुस्ताका धारणागत द्वन्द्वको अतिरिक्त मानसिकता बौद्धिकता बीचको सर्घषलाई नालको प्रतीकको रूपमा उभ्याएर सडेगलेको रुढिग्रस्त समाजको यथार्थ चित्रण गरिएको प्रधानले टिप्पणी गरेका छन् । त्यस्तै 'भोलि के हुन्छ' ? नाटकमा त्रास र सन्त्रास अति विसङ्गतिपूर्ण स्थितिको बस्तुगत चित्रण गर्न यो नाटक सफल रहेको प्रधानले उल्लेख गरेका छन् । विजय मल्लको नाट्यकारितामा कुनै खलपात्र वा खल नायकको प्रयोग नभएको, बाह्य द्वन्द्व भन्दा आन्तरिक द्वन्द्व तीब्र रहेको, परिवेशको विशेष भूमिका रहेको, विजय मल्लका नाटकहरुको

शीर्षकको नामाकरण भने पात्रको नामबाट भएको र नाटकीय प्रस्तुतिमा प्रायः कथाबस्तुको संयोजन भएको र धेरैजसो नाटकहरू कथाहीन कथामा नै रचिएको प्रधानले उल्लेख गरेका छन् । मल्लको नाट्य लेखन परम्परागत पद्य - शैलीलाई परित्यागगरी आधुनिक समसामयिक गद्यशैलीलाई नै विजय मल्लले नाट्यकृतिमा स्थान दिएका मल्लका नाटकले कुनै सन्देश नदिई मानवीय मनको अवचेतन अवस्थाको चित्रण गरेको प्रधानले व्यक्त गरेका छन् । विजय मल्लले परम्परागत मूल्य मान्यताबाट फड्को मार्दै नयाँ मूल्य र मान्यताको स्थापना गर्न चाहेको प्रधानले औंल्याएका छन् ।

**नानीमैया श्रेष्ठ, 'एकबाटो अनेक मोड कथासङ्ग्रहको कृतिपरक अध्ययन' स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०६० ।**

नानीमैया श्रेष्ठले 'एकबाटो अनेक मोड कथासङ्ग्रहको कृतिपरक अध्ययन' शीर्षकको शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि. को मातहातमा रही २०६० सालमा तयार पारेकी हुन् । चार परिच्छेदमा विभाजित प्रस्तुत शोधपत्रलाई यसरी सङ्गठित गरिएको छ । जस अर्न्तगत पहिलो परिच्छेदमा शोधपरिचय, दोस्रो परिच्छेदमा कथाकार विजय मल्ल र उनको **एकबाटो अनेक मोड** कथासङ्ग्रह तेस्रो परिच्छेदमा **एक बाटो अनेक मोड** कथासङ्ग्रहको विश्लेषण, चौथो परिच्छेदमा 'सारांश तथा निष्कर्ष गरी जम्मा चार परिच्छेदमा ११० पृष्ठमा श्रेष्ठले एउटा पूर्ण शोधपत्र तयार पारेकी छिन् । विजय मल्लले नेपाली साहित्यका एक सशक्त कवि, नाटककार र उपन्यासकार हुनुका साथै अत्याधुनिक र प्रयोगशील कथाकारका रूपमा परिचित विजय मल्लको कथा यात्रा वि.सं. २००० मा प्रकाशित **दश रूपयाँ** कथाबाट भएको र उनका प्रकाशित कथासङ्ग्रह **एक बाटो अनेक मोड** (२०२६) र **परेवा र कैदी** (२०३४) रहेको श्रेष्ठले उल्लेख गरेकी छिन् । मल्लको **एक बाटो अनेक मोड** कथासङ्ग्रह भित्र १२ वटा कथाहरू सङग्रहीत रहेका यी कथाहरूमा समाजमा भएका यथार्थ घटनाहरू समामान्य असामान्य मनोविश्लेषणमा आधारित आधुनिक नेपाली कथा साहित्यमा नयाँ मोड ल्याउन सफल यी कथामा पहिलो नै धटिसकेका घटनाहरूको स्मरणमात्र गरेको श्रेष्ठले टिप्पणी गरेकी छिन् । **एक बाटो अनेक मोड** कथासङ्ग्रहको कथानक स्रोत यथार्थ, स्वैरकल्पना, रागभाव, दन्त्य कथाबाट लिएको र यस सङ्ग्रहमा रैखिक र वृत्ताकारीय दुवै कथानक ढाँचालाई अपनाइएको र अर्न्तमुखी र बर्हिमुखी दुवै पात्रको प्रयोग गरिएपनि स्थिरपात्र भन्दा गतिशील पात्र बढी रहेको श्रेष्ठले उल्लेख गरेकी छिन् । यस कथासङ्ग्रहका कथाहरू धेरैजसो काठमाडौं सहरूभित्रकै सामाजिक परिवेश र खासगरी नेवारी समाजकै परिवेशमा चित्रण गरिएको र तिनमा पनि पुरानो रुढीवादी विचार धारा र आधुनिक युगका सामाजिक, राजनैतिक, क्रान्तिकारी विचार धाराको द्वन्द्वको परिवेशको चित्रण गरिएको श्रेष्ठले उल्लेख गरेकी छिन् । सरल र सहज किसिमको भाषाशैलीको प्रयोग, कतै हिन्दी शब्द वा वाक्यहरू भेटिएको यस सङ्ग्रहका कथाहरू कुनै अभिधात्मक अर्थ सापेक्ष भएका कथाहरू छन् भने कुनै प्रतीकात्मक रहेको श्रेष्ठले औँल्याएकी छिन् । यस सङ्ग्रहमा रतिरागजन्य मनोदशाको यथार्थ विश्लेषण र यौन कुण्ठाले मानव जीवनमा ल्याउने विविध उथलपुथल र मोडहरूको चित्रण गरिएको श्रेष्ठले टिप्पणी गरेकी छिन् ।

**रमा शिवाकोटी, विजय मल्लका उपन्यासमा पात्रविधान, विधावारिधीय शोत्रप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तीपुर, २०६१ ।**

'विजय मल्लका उपन्यासमा पात्रविधान' शीर्षकको विधावारिधीय शोधप्रबन्धक रमा शिवाकोटीद्वारा लेखिएको हो र यो शोधप्रबन्ध नेपाली केन्द्रीय विभाग त्रि.वि. मातहातमा रही वि.सं. २०६१ सालमा पूरा भयो । दश परिच्छेदमा विभाजित प्रस्तुत शोधप्रबन्धको पहिलो परिच्छेदमा शोधकार्यको परिचय, दोस्रो परिच्छेदमा उपन्यासमा पात्रविधान सैद्धान्तिक आधार, तेस्रो परिच्छेदमा विजय मल्लको जीवनी व्यक्तित्व र कृतित्व, चौथौ परिच्छेदमा आधुनिक नेपाली उपन्यास परम्परामा पात्रका दृष्टिले विजय मल्लको स्थान र योगदान पाँचौ परिच्छेदमा विजय मल्ल पात्रहरूको वर्गीकरण र विश्लेषण, छैटौ परिच्छेदमा आधुनिक मनोविज्ञान र विजय मल्लका उपन्यासका पात्र, साँतौ परिच्छेदमा अस्तित्वबाद र विजय मल्लका उपन्यासका पात्रहरू, आँठौं परिच्छेदमा नारीवाद र विजय मल्लका उपन्यासका पात्र, नवौं परिच्छेदमा पात्रविधानका दृष्टिले विजय मल्लको औपन्यासिक शिल्पको मूल्याङ्कन, दशौं परिच्छेदमा सारांश, निष्कर्ष गरी जम्माजम्मी दश परिच्छेद र ५५६ पृष्ठमा शिवाकोटीले सङ्गठित गरेकी छिन् । उपन्यासकार विजय मल्लका उपन्यासमा प्रयोग गरिएका पात्रविधानगत प्रवृत्तिलाई हेर्दा उनले सामान्य मानवपात्रहरू नै प्रयोग गरेका र कतिपय सर्न्दभमा उनले मानवेत्तर पात्रहरू पनि प्रयोग गरेको र मुख्य गरेर मल्लले आफ्नो उपन्यासमा नारी पात्रलाई मुख्य भूमिका दिइएको कुरा शिवाकोटीले उल्लेख गरेकी छिन् । मल्लका उपन्यासमा पात्रले खेलेको भूमिकाका आधारमा विजय मल्लले प्रयोग गरेका पात्रहरू प्रमुख, सहायक र गौण तीनै किसिमका रहेका र यस बाहेक उनले एउटा पात्रमा पनि अनुकूल तथा प्रतिकूल स्वभाव सिर्जना गरेको कुरा शिवाकोटीले व्यक्त गरेकी छिन् । स्वभावका दृष्टिले गतिशिल तथा स्थिर दुवै किसिमका पात्रको प्रयोग गरेका मल्लले गतिशिल पात्रका तुलनामा स्थिर पात्रहरूको प्रयोग बढी भएको उपन्यासमा कतिपय पात्रमा चरित्र परिर्वतन पाइन्छ भने कतिपय चाहिँ जीवनदृष्टिमा परिवर्तन आएको शिवाकोटीले टिप्पणी गरेकी छिन् । उपन्यासकार मल्लले मञ्चीय, नेपथ्य पात्रको प्रयोग, व्यक्तिगत चरित्र र वर्गीय चरित्र भएका पात्रको प्रयोग र कुनै पात्र उपन्यासमा बहुभूमिका निर्वाह गर्ने खालका छन् भने कुनै चाहिँ मूक्त किसिमका रहेको शिवाकोटीले उल्लेख गरेकी छिन् । उपन्यासकार विजय मल्ल पात्रका माध्यमद्वारा आफ्नो खास जीवनदृष्टि प्रस्तुत गरेका मल्लका उपन्यासहरू संख्यात्मक हिसाबले न्यून भएतापनि पात्रविधानका विशिष्टताले गर्दा विजय मल्लले उपन्यास क्षेत्रमा विशिष्ट परिचय बनाएको कुरा शिवाकोटीले उल्लेख गरेकी छिन् ।

**पीताम्बर सापकोटा, 'कुमारी शोभा उपन्यासको कृतिपरक अध्ययन, स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०६२ ।**

पीताम्बर सापकोटाले 'कुमारी शोभा उपन्यासको कृतिपरक अध्ययन' शीर्षकको शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि. को मातहातमा रही २०६२ सालमा तयार पारेका हुन् । छ परिच्छेदमा विभाजित प्रस्तुत शोधपत्रलाई यसरी सङ्गठित गरिएको छ । जस अर्न्तगत पहिलो परिच्छेदमा शोध परिचय, दोस्रो परिच्छेदमा उपन्यासकार विजय मल्लको संक्षिप्त परिचय, तेस्रो

परिच्छेदमा **कुमारी शोभा** उपन्यासको मनोविश्लेषणत्मक अध्ययन, पाँचौ परिच्छेदमा विजय मल्लको उपन्यासकारिता, छैठौ परिच्छेदमा उपसंहार तथा निश्कर्ष गरी जम्मा छ परिच्छेदमा सापकोटाले एउटा पूर्ण शोधपत्र तयार पारेका छन् । विजय मल्ल (१९८२-२०५६) आधुनिक नेपाली उपन्यास परम्पराका मनोवैज्ञानिक धाराका विशिष्ट प्रतिभाका दुईवटा उपन्यासहरू मध्ये **कुमारी शोभा** उपन्यास मनोविश्लेषणत्मक उपन्यास रहेको सापकोटाले उल्लेख गरेका छन् । शोभा र उपेन्द्रका बीचको प्रेमप्रसङ्गलाई विषयबस्तुका रूपमा अँगालेर लेखिएको प्रस्तुत उपन्यास औपन्यासिक तत्वहरूको प्रयोगका दृष्टिले सफल उपन्यास रहेको सापकोटाले टिप्पणी गरेका छन् । यस उपन्यासको शीर्षक उपन्यासकी प्रमुख नारी पात्र शोभाको नामबाट राखिएको र यस उपन्यासका पात्रहरूलाई लिङ्गका आधारमा स्त्रीपात्र र पुरुष पात्र, कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल स्वभावका आधारमा स्थिर र गतिशिल, जीवनचेतनाका आधारमा वर्गगत र व्यक्तिगत, आबद्धताका आधारमा बद्ध र मूक्त गरी विभाजन गरिएको सापकोटाले उल्लेख गरेका छन् । **कुमारी शोभा** उपन्यासमा शोभाको मनोद्वन्द्वको उद्घाटनमै बढी केन्द्रित रहेकाले यसको परिवेश गौण र पात्रहरूले आफ्ना मनका भावना र विचारलाई प्रत्यक्ष कथनद्वारा प्रस्तुत गरेकाले संवादको प्रयोग उपन्यासमा ज्यादै भएको सापकोटाले औँल्याएका छन् । यस उपन्यास द्वन्द्वका दृष्टिले यस उपन्यासको कथा बस्तुमा आन्तरिक र बाह्य दुवै प्रकारका द्वन्द्वको कुशलतापूर्वक प्रयोग, मिश्रित दृष्टिबिन्दुको प्रयोग, भाषाशैलीका दृष्टिले भाषिक शिल्प र शैली शिल्प गरी दुई पक्षबाट विश्लेषण गरिएको यस उपन्यासमा सरल, सहज तथा सम्प्रेषणीय भाषाको प्रयोग र तत्सम, अंग्रेजी, फारसी, हिन्दी, नेवारी शब्दहरूको प्रयोग भएको **कुमारी शोभा** उपन्यास एक उच्चस्तरको मनोविश्लेषणत्मक उपन्यास रहेको सापकोटाले टिप्पणी गरेका छन् ।

**नित्यानन्द खतिवडा, 'विजय मल्लका प्रयोगशील नाट्यकृतिको विश्लेषण, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०६४**

'विजय मल्लका प्रयोगशील नाट्यकृतिको विश्लेषण' शीर्षकको लेख नित्यानन्द खतिवडाद्वारा लेखिएको हो । यो शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि.को मातहातमा रही २०६४ सालमा तयार पारेका हुन । यस परिच्छेदमा विभाजित प्रस्तुत शोधपत्रलाई यसरी सङ्गठित गरिएको छ जसअर्न्तगत पहिलो परिचछेदमा प्राक्कथन, दोस्रो पच्छिेदमा विजय मल्लको जीवनी र साहित्यिक गतिविधिको रेखाङ्कन, तेस्रो परिच्छेदमा विजय मल्लको नाट्य परम्परा, पाँचौ परिच्छेदमा विजय मल्लका प्रयोगशील नाट्यकृतिको विश्लेषण, छैटौं परिच्छेदमा विजय मल्लका प्रयोगशील पूर्णाङ्की नाटकहरूको विश्लेषण, सातौ परिच्छेदमा उपसंहार गरी जम्माजम्मी सात परिच्छेदमा खतिवडाले एउटा पूर्ण शोधपत्र तयार पारेका छन् । २००१ सालमा **राधा मान्दिन** बाट नाट्ययात्रा प्रारम्भ गरेका मल्लको नाट्यात्रा २०४८ सालमा **सृष्टि रोकिदैन** सम्म पुगेर अडिएको चर्चा गर्दे मल्लका ५ वटा एकाङ्की र दुईवटा पूर्णङ्की नाटकलाई प्रयोगशील मानेर त्यसैका आधारमा यो शोधपत्र तयार पारिएको खतिवडाले उल्लेख गरेका छन् । शिल्पगत र शैलीगत प्रवृत्तिका विश्लेषणका आधारमा विजय मल्ल एक विशिष्ट प्रयोगशील नाटककार भएको नाटकको क्षेत्रमा

देखिएको नवीनतम प्रवृत्ति प्रयोगशीलता रहेको र नाटकमा शैली, शिल्प र कथ्यका आधारमा प्रयोगशीलता निक्र्यौल गरिएको खतिवडाले उल्लेख गरेका छन् । विजय मल्लका प्रयोगशील नाट्यकृतिको रूपमा पत्थरको कथा **पुराणमा हराएको पाना, नाम नभएको मानिस, दोभान** यो कस्तो दन्त्य कथा आदि एकाङ्कीहरू र **पहाड चिच्याइरहेछ** र **मानिस र मुकुण्डो** पूर्णाङ्की नाटकहरू रहेको खतिवडाले उल्लेख गरेका छन् । पूर्णाङ्की नाटकहरूमा प्रतीकवादी, विसङ्गतिवादी, अतियथार्थवादी, अभिव्यञ्जनवादी, काव्यात्मकता, स्वैरकल्पना, नामहीनपात्र, कथानकहीनता, पात्रको रूपान्तरण, दृश्यात्मकता प्रस्तुत जस्ता प्रवृत्तिलाई विजयले आफ्ना नाटकमा प्रयोग गरेको खतिवडाले उल्लेख गरेका छन् । मल्लले आफ्ना प्रयोगशील नाट्यकृतिमा भूतप्रेतको प्रयोग, स्वैरकल्पना क्रियाप्रतिक्रिया, गतिशिलता आजको विश्व समुदायले भोग्नु परेको सम्भाव्य आणविक युद्धको सन्त्रास, मानवीय मूल्य र मान्यता, धर्म र संस्कृति र अर्थलाई शुन्य पार्ने व्यापक विषयलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेको खतिवडाले उल्लेख गरेका छन् । नेपाली नाटकमा प्रयोगशील नाटकको विकास **पत्थरको कथा**बाट भएको र यसले नवीन मोड लिएको चर्चा गर्दै विजय मल्ल प्रथम र विशिष्ट प्रयोगशील नाटककार रहेको खतिवडाले औंल्याएका छन् ।

# पाँचौं परिच्छेद
# शोधनिष्कर्ष

'विजय मल्लसम्बन्धी अध्ययन परम्परा' भन्ने शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रमा जम्माजम्मी ५ वटा परिच्छेद रहेका छन् । यस शोधपत्रको पहिलो परिच्छेद शोधपरिचय सँग सम्बन्धित छ भने पाँचौं परिच्छेदमा चाहिँ शोधनिष्कर्षका रूपमा रहेको छ । यस शोधपत्रमा दोस्रो परिच्छेददेखि चौथो परिच्छेदसम्म गरिएका चर्चाहरूको निष्कर्ष तल प्रस्तुत गरिएको छ ।

१. नेपाली साहित्यका उज्वल नक्षत्र विजय मल्लले नेपाली साहित्यका कविता, कथा, उपन्यास र नाटक जस्ता विधामा सिर्जनशीलता देखिएका छन् भने नाटक विधामा चाहिँ उत्कृष्ट र गुणस्तरीय सिर्जन सामार्थ्य देखाई आफूलाई महान् युग निर्माताका रूपमा प्रतिष्ठित पनि तुल्याएका छन् । यी महान् प्रतिभाशाली स्रष्टाका बारेमा अध्ययन गर्ने विद्वान्हरूले यिनका व्यक्तित्व र कृतित्वका साथै मल्लले गरेका खास खास कार्य, यिनले खास खास विधामा देखाएका खास खास प्रवृत्ति र मल्लले खास खास विधामा गरेका योगदान समेतलाई विषय बनाई अध्ययन तथा सर्वेक्षण गर्दै आएको पाइन्छ ।

२. विजय मल्लद्वारा रचित फुटकर कविता १९९७ सालदेखि **शारदा** पत्रिकामा प्रकाशित भएतापनि मुख्य रूपले मल्लका सम्बन्धमा वि.सं. २०१६ सालमा **विजय मल्लजीका कविताहरू** भन्ने शीर्षकमा रत्नध्वज जोशीले ऋद्धिबहादुर मल्लद्वारा सम्पादित **शारदा** (२०१६) मा लेख प्रकाशन गराई अध्ययन तथा चर्चा परिचर्चा गर्ने क्रम सुरु गरे । यसरी जोशीबाट थालनी भएको अध्ययन परम्परा आजसम्म मल्लका कृतित्वका साथै साहित्यक विविध विधामा मल्लले गरेका कार्यहरूमा केन्द्रित भएर अध्ययन तथा सर्वेक्षण गर्ने क्रम सहजतापूर्वक अधि वढ्दै आएको छ । त्यतिबेलादेखि अहिलेसम्म मल्लका काव्यकृतिका सम्बन्धमा विभिन्न विद्वानहरूले आ-आफ्नो विचार प्रकट गर्दै आएका छन् । यी अध्ययनहरू पत्रपत्रिकामा प्रकाशित लेखका रूपमा कुनै पत्रपत्रिका भित्रै फुटकर तथा लामा लेखका रूपमा, केही आंशिक चर्चाका रूपमा देखिन्छन् । मल्लका बारेमा लेखिएका यस्ता अधिकांश लेखहरू कुनै रचना विशेषता र अझ कतिपय रचनाको पनि विशेष पक्षमा केन्द्रित रही लेखिएका भएपनि केही ग्रन्थ र लेखहरू भने मल्लका सम्पूर्ण कृतित्वलाई समेट्ने गरी लेखिएको पनि पाइन्छ । यस्तै गरी मल्लका पुस्तकमा भूमिकाहरूमा पनि मल्लका सम्बन्धमा विभिन्न लेखक, संघसंस्था र प्रकाशकले मल्लका बारेमा अध्ययन तथा चर्चा गरेको पाइन्छ ।

३. विजय मल्लका बारेमा अध्ययन गर्ने विद्वानहरूले व्यक्तित्व र कृतित्वमा केन्द्रित रहेर विभिन्न पुस्ताकाकार कृतिहरूको प्रकाशन गरेका छन् । यस्ता पुस्तकाकार कृतिहरूमा दुई वटा पुस्तकहरू मल्लकै विषयमा केन्द्रित छन् भने ३५ वटा जति विभिन्न विषयक पुस्तक कविता, इतिहास समालोचना र नाटक विधाका लगायत अन्यहरूमा चाहिँ मल्लका सम्बन्धमा आंशिक रूपमा चर्चा भएको यस शोधपत्रमा उल्लेख गरिएको छ ।

४. मल्लका बारेमा अध्ययन गरी लेखिएका र विभिन्न पत्रपत्रिकाहरूमा फूटकर लेखहरू ७६ वटा भन्दा वेसी फेला परेका छन् ।

५.	त्यस्तै गरी विजय मल्लका विविध विधालाई लिएर विधावारिधीय शोध स्नातकोत्तरीय शोधका रूपमा अध्ययन भएको पाइन्छ । उपलब्ध शोधपत्रलाई आधार मानेर भन्नुपर्दा मल्लका सम्बन्धमा पूरा भइसकेका विधावावरिधीय शोधप्रबन्ध जम्मा १ वटा र स्नातकोत्तरीय शोधपत्र जम्मा १५ वटा मात्र फेला परेको देखिन्छ ।

६.	विजय मल्ल साहित्य समाजले मल्ललाई केन्द्रित गरी विजय **मल्ल स्मृतिग्रन्थ तथा स्मारिका** (२०६६) प्रकाशनमा ल्याएका छन् । स्मृतिग्रन्थमा विजय मल्लको पारिवारिक संस्मण, राजनैतिक संस्मरण, मित्रजनहरूको संस्मरण, विविध विषयमा समालोचना, नेपालभाषा, रङ्गमञ्च, चलचित्र आदि विषयमा चर्चा गरिएको पाइन्छ । स्मारिकामा प्रकाशित लेखहरू हेर्दा नाटककार मल्लका व्यक्तित्व, कृतित्व, जीवनीका सम्बन्धमा अध्ययनहरू देखिन्छन् । यस्तै गरी नाटककार मल्लका सम्बन्धमा अध्ययन भएको पाइन्छ भने मल्लका बारेमा केही संस्मरणात्मक लेख देखिन्छ ।

यसरी मल्लका बारेमा गरिएका विभिन्न अध्ययनहरूबाट अधिकांशले मल्लको कृतित्वलाई छोएकै छन् भने उनको नाट्यकारिताका बारेमा अत्यधिक मात्रामा अध्ययन र सर्वेक्षण भएको पाइन्छ र त्यसपछिको क्रममा उपन्यासकार मल्लका बारेमा भएको अध्ययन जोडिन्छ तर मल्लको जीवनी र व्यक्तित्व पक्षलाई लिएर शोधपत्रका रूपमा अध्ययन भएको पाइदैन ।

नेपाली साहित्यका बहुमुखी प्रतिभाशाली व्यक्तित्व मल्लका सम्बन्धमा विभिन्न लेखक, समालोचक, साहित्यप्रेमी, साहित्यकार र अनुसन्धाताहरूले संस्मरण, समालोचना विश्लेषण, टिप्पणी प्रशंशा र अनुसन्धान कार्यका तथा सर्वेक्षणका रूपमा कलम चलाएको पाइयो । मल्लका विधागत, कृतिगत र कृतिमा निहित विभिन्न पक्षका सर्न्दभमा पनि लधुदेखि विधावारिधिसम्मको अनुसन्धान कार्य भएको देखियो । मल्लका सम्बन्धमा सामान्य छलफल भएका छोटाछरिता लेखदेखि पुस्तककारका सिङ्गो कृतिहरू पनि प्रकाशित भेटिन्छन् । नेपाली साहित्यकारहरूमा सर्वाधिक चर्चामा आउने प्रतिभाशाली मल्लका बारेमा अझ धेरै अध्ययन हुनु सम्भव नै छ । यस शोधपत्रमा उपलब्ध तथा सम्भव भएसम्मका अध्ययनहरूलाई यथासक्य समेट्ने प्रयास गरिएतापनि यस्ता प्रतिभाशाली व्यक्तित्वका विषयमा गरिएका अध्ययनहरू यतिमात्र हुन भन्न उपयुक्त हुँदैन् । अध्ययनको क्षेत्र व्यापक भएकाले विभिन्न लेखक, संस्था पत्रपत्रिका आदिले मल्लका बारेमा गरेका कतिपय अध्ययनहरूलाई यहाँ समेट्न सकिएको छैन । मल्लका बारेमा गरिएका जे-जेति अध्ययन उपलब्ध भए तिनलाई समेटेर यो शोधपत्र तयार भएको छ ।

विजय मल्लका बारेमा अध्ययन हुनेसक्ने सम्भावित शोध शीर्षकहरू यी हुन् :

१.	एकाङ्कीकार विजय मल्लका नारीपात्र
२.	**अनुराधा** उपन्यासमा मनोविज्ञानको प्रयोग
३.	मल्लका कथामा पाइने नारीपात्र
४.	मल्लका उपन्यासमा नारीपात्र
५.	विजय मल्लको नाटकमा मनोविश्लेषणको प्रयोग
६.	**अनुराधा** उपन्यासको शैलीवैज्ञानिक अध्ययन

# सन्दर्भसामाग्रीको सूची


अर्याल, दीर्घबहादुर. २०५१. 'बहुला काजीको सपना र विजय मल्ल'. **मिर्मिरे. वर्ष** २३, अङ्क ८, पूर्णाङ्क ११३, पृ. ३०६-२०८ .

अर्याल, भैरव. २०४३. **साझा कथा.** काठमाडौं : साझा प्रकाशन .

अधिकारी, पूर्णप्रसाद. २०५२. 'विजय मल्लका नाट्य प्रवृत्ति र बहुला काजीको सपना'. **समकालीन साहित्य.** अङ्क २, पूर्णाङ्क १८, पृ. १९-१०३ .

उपाध्याय, केशवप्रसाद. २०५३. **नेपाली नाटक तथा सङ्गमञ्च उदभव र विकास.** काठमाडौं : विधार्थी पुस्तक भण्डार, भोटाहिटी .

______. २०५४. 'एकाङ्कीकार विजय मल्ल'. **गरिमा.** वर्ष १६, अङ्क ४, पूर्णाङ्क १८४, पृ. २२-२७ .

उप्रेती, देवेन्द्रप्रसाद. २०६६. 'विजय मल्लको बहुलाकाजीको सपना'. **शारदा.** वर्ष ३, अङ्क १, पृ. ६५-६९ .

एटम, नेत्र. २०५४. 'अनुराधा उपन्यासमा नारीवाद'. **तन्नेरी. वर्ष** १९, अङ्क ३, पृ. २१-२७ .

कँडेल, घनश्याम. २०४०. **केही अन्वेषण केही विश्लेषण**. काठमाडौंः भिमसेन थापा : प्रकाशन .

कर्माचार्य, माधवलाल. २०५६. 'सम्झनामा विजय मल्ल'. **समकालीन साहित्य. वर्ष** ९, अङ्क ४, पूर्णाङ्क ३६, पृ. ५७-५९ .

काफ्ले, चूडामणि. २०५०. 'विजय मल्लको अन्तिम भोज कथा'. **मधुपर्क. वर्ष** २६, अङ्क १०, पूर्णाङ्क, २९७, पृ. २८-२९ .

कार्की, शान्ता. २०४४. 'उपन्यासकार विजय मल्ल'. (अप्रकाशित) स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविधालय .

कुवँर उत्तम. २०३७. **स्रष्टा र साहित्य**. ललितपुर : साझा प्रकाशन .

खतिवडा, नित्यानन्द. २०६४. 'विजय मल्लका प्रयोगशील नाट्यकृतिको विश्लेषण'. (अप्रकाशित) स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय .

गिरी, जीवेन्द्रवेव. २०४३. 'अनुराधाका मूलभूत प्रवृत्ति र वैशिष्ट्य'. **संचेतना. वर्ष** ६, अङ्क ११/१२, पृ. १-११ .

घर्ती, दुर्गाबहादुर. २०५३. 'अनुराधा उपन्यासको कृतिपरक अध्ययन'. (अप्रकाशित) स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय .

______. २०५५. 'अनुराधा उपन्यासका पुरुष पात्रहरू'. **मिर्मिरे. वर्ष** २७, अङ्क २, पूर्णाङ्क १५३, पृ. २४-३७ .

घिमिरे, भानु. २०६१. 'नेपाली औपन्यासिक परिवृत्तभित्र विजय मल्ल'. **समकालीन साहित्य. वर्ष** १४, अङ्क ३, पूर्णाङ्क ५३, पृ. २१-२४ .

घिमिरे, लक्ष्मी. २०६१. 'अनुराधा उपन्यासमा मनोविज्ञानि'. **कुञ्जिनी.** वर्ष, १२, अङ्क ९, पृ. ८९-९३ .

चापागाई, जुना. २०६२/६३. 'जिउँदो लासमा नारीपात्र'. **कुञ्जिनी. वर्ष** १३, अङ्क १०, प्र. १५५-१५७ .

चापागाई, नरेन्द्र. २०३८. **केही कृति केही प्रतिकृति.** ललितपुरः साझा प्रकाशन .

ढकाल, जयप्रसाद. **साहित्य र संस्कृति.** श्रीमती जय ढकाल 'चुनु' ।

ढकाल, भूपति. २०४४. 'विजय मल्ल र उनको नाटक बहुला काजीको सपना'. **गरिमा. वर्ष** ५, अङ्क १, पूर्णाङ्क ६०, पृ. ६६-६१ .

त्रिपाठी, वासुदेव. २०२५. 'कवि विजयका समालोचनात्मक रेखाङ्कनहरू'. **रचना. वर्ष** ५, अङ्क १, पूर्णाङ्क १७/१८, पृ. ४७-४९ .

______. २०२६. 'विजय मल्ल नाटककारका रूपमा'. **रत्नश्री.** वर्ष ७, अङ्क ३, पृ. ३१-३७ .

______.२०२८. विचरण. काठमाडौंः भानु प्रकाशन .

दाहाल, कृष्णप्रसाद. २०५६. 'विजय मल्लको बहुलाकाजीको सपना एक सर्वेक्षण'. **गरिमा.** वर्ष १७, अङ्क १२, पूर्णाङ्क २०४, पृ. ५७-५९ .

दुलाल, हरिराम, २०३८. 'विजय मल्लको कवित्वको विश्लेषण'. (अप्रकाशीत) स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय .

नेपाल, गोविन्द. २०३७. 'विजय मल्लको नाट्यकारिताको विश्लेषण'. (अप्रकाशित) स्नातकोत्तर शोधपत्र, त्रिभूवन विश्वविद्यालय .

______.२०४०. 'विजय मल्लको भोलि के हुन्छ? नाटक नेपालीमा नौलो प्रयोग'. **प्रज्ञा. वर्ष** १२, अङ्क ३, पूर्णाङ्क ४५, पृ. २१-२२ .

नेपाली, चित्तरञ्जन. २०२४. 'बहुलाकाजीको सपना एक परिचय'. **रूपरेखा. वर्ष** ८, अङ्क १, पूर्णाङ्क ७३, पृ. ३-७ .

न्यौपाने, घनश्याम. २०५५. **साहित्य सन्दर्भ**. विर्ताः  नारायणी बुक्स एण्ड स्टेशनर्स, विरगंज .

पराजुली, लक्ष्मीप्रसाद. २०५०. **दृष्टिपात.** श्री गीता पराजुली .

पराजुली, शङ्करप्रसाद. २०५७. 'अनुराधा'. 'शिरीषको फूल'. सुम्निमा' उपन्यासको तुलनात्मक अध्ययन'. (अप्रकाशित), स्नातकोत्तर शोधपत्र, विराटनगर .

पौड्याल, खुमलाल. २०५३. 'नाटककार विजय मल्ल र बहुलाकाजीको सपना'. **कुञ्जिनी. वर्ष** ४, अङ्क २, पृ. ८०-८५ .

प्रधान, चैतन्य. २०४६. 'एकाङ्कीकार विजय मल्ल'. (अप्रकाशित), स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय

______.२०५६. 'विजय मल्लका अधुरा काम पुरा गर्न सकौं'. **मधुपर्क. वर्ष** ३३, अङ्क ३, पूणाङ्क ३७२, पृ. ४७-५० .

______.२०५७. 'जिउँदो लासको शल्यक्रिया'. **गरिमा. वर्ष** १८, अङ्क ७, पूर्णाङ्क, २११, पृ. २४-२७.

______.२०५८. 'विजय मल्लको नाट्यकारितामा भूतप्रेतको प्रयोग'. लघु अनुसन्धान, विश्वविद्यालय अनुदान आयोग .

______.२०६०. 'एकाङ्कीकार विजय मल्ल'. **समकालीन साहित्य. वर्ष** १३, अङ्क ३, पूर्णाङ्क ४९, पृ. ६५-६८ .

______.२०६२. 'विजय मल्लको नाट्यकारितामा भूतप्रेतको प्रयोग'. काठमाडौं : रिनु प्रधान .

बन्धु, चूडामणि, २०५२. **साझा एकाङ्की.** ललितपुरः  साझा प्रकाशन .

भट्टराई, घटराज. २०३५. 'विजय मल्लः व्यक्ति र कृति'. **मधुपर्क. वर्ष** ११, अङ्क ४, पृ. १९-२७ .

______. २०४०. **प्रतिभै प्रतिभा र नेपाली साहित्य.** नेशनल रिसर्ज, एशोसियट्स .

मैनाली, युवराज. २०६६. 'अनुराधा उपन्यास भित्र विजय मल्ल'. **शारदा. वर्ष** ३, अङ्क १, पृ. ३०-३८ .

राई, इन्द्रबहादुर. २०३१. **नेपाली उपन्यासका आधारहरू.** दार्जलिङ्गः  नेपाली साहित्य परिषद, दार्जलिङ्ग .

रेग्मी, मुरारीप्रसाद. २०३३. 'असामान्य मनोविज्ञानको परिप्रेक्ष्यमा जिउँदो लास'. **रूपरेखा. वर्ष** १७, अङ्क ८, पूर्णाङ्क १८८, पृ. ६०-६६ .

______.२०३६. 'विखण्डित स्व एक अनुसन्धान'. **रूपरेखा. वर्ष** १०, अङ्क १, पूर्णाङ्क २१७, पृ. ४९-५३ .

______.२०३८. **मनोवैज्ञानिक अनुसन्धात्मक समालोचना.** काठमाडौंः ने.रा.प्र.प्र. .

______.२०४०. **मनोविश्लेषणत्मक समालोचना.** ललितपुरः साझा प्रकाशन .

______.२०४०. 'कुमारी शोभा एक विश्लेषण'. **गरिमा. वर्ष** १, अङ्क ९, पृ. ८७-९०.

______.२०४१. 'स्मृतिको पर्खालभित्र एक मनोविश्लेषण'. **प्रज्ञा. वर्ष** १३, अङ्क १, पूर्णाङ्क ४७, पृ. २८-३२ .

रेग्मी, शिव. २०५७ 'विजय मल्ललाई शारदा प्रसङ्गमा अध्ययन गर्दा'. **गरिमा. वर्ष** १८, अङ्क ७, पूर्णाङ्क २११,. १३-२० .

______.२०६६ 'जिउँदो लासका प्रायोगिक पात्रहरू'. **शारदा. वर्ष** ३, अङ्क १, पृ. ७०-७३ .

रेग्मी, सनत. २०५६ 'श्रीमती शारदा'. **समकालीन साहित्य.** वर्ष ९, अङ्क ४, पूर्णाङ्क ३६, पृ. २०-२६ .

लुइँटेल, खगेन्द्र. २०५५. 'विजय मल्लका एकाङ्कीगत वैशिष्ट्य र कङ्कल एकाङ्कीको विश्लेषण'. **समकालीन साहित्य. वर्ष** २७, अङ्क २, पूर्णाङ्क १५३, पृ. २४-३७ .

लोहनी, पुष्करप्रसाद. २०२४. 'नाटककार गोपालप्रसाद रिमाल र विजय मल्ल'. (अप्रकाशति), स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय .

वाग्ले, चिरञ्जीवी. २०२६. 'विजय मल्लको अनुराधा मान्छे विद्रोहको कथा'. **रूपरेखा. वर्ष** १०, अङ्क ८, पूर्णाङ्क १०४, पृ. ९-१८ .

विष्ट, दौलतविक्रम. २०५०. 'मेरो दृष्टिमा कथाकार विजय मल्ल'. **समकालीन साहित्य. वर्ष** ४, अङ्क २, पूर्णाङ्क १४, पृ. १२८-१३७ .

श्रेष्ठ, दयाराम. २०३२. **नेपाली साहित्यका केही पृष्ठ.** ललितपुरः  साझा प्रकाशन .

______.२०४१. 'कुमारी शोभा' अन्धविश्वास सँग विद्रोह'. **गरिमा. वर्ष** १३, अङ्क १, पूर्णाङ्क ४७, पृ. १-११ .

शर्मा, तारानाथ. २०१७. 'प्रगतिवादी कविका रूपमा विजय मल्ल'. **रूपरेखा. वर्ष** २६, अङ्क ५, पृ. १-७ .

शर्मा, गोपीकृष्ण. २०३७. 'जिउँदो लास नाटक विभिन्न पक्षीय अध्ययन'. **वाङ्मय. वर्ष** १, अङ्क १, पृ. १४-२० .

______.२०४४. 'पुराणमा हराएको पाना एक विश्लेषण'. **मधुपर्क. वर्ष** २०, अङ्क ४, पूर्णाङ्क २१९, पृ. ५६-५९ .

शर्मा, दक्षराज. २०६१. **जीवनको आलोकमा केही स्रष्टा समीक्षण.** काठमाडौंः श्रीमती शकुन्तला भट्टराई .

शर्मा, मोहनराज. २०४८. **शैली विज्ञान.** काठमाडौंः ने.रा.प्र.प्र. .

शिवाकोटी, रमा. २०६१. 'विजय मल्लका उपन्यासमा पात्रविधान'. (अप्रकाशित) स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय

सुवेदी, राजेन्द्र. २०६१. 'अनुराधा उपन्यासमा प्रयुक्त मनोविश्लेषणीय मनोबिन्दुहरू'. **कुञ्जिनी.** वर्ष, १२, अङ्क ९, पृ. १-३ .